जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

## Agriculture Journal

मासिक

कृषि जर्नल २०७७ कार्तिक (krishijournal–2020, Oct-Nov)



## ८० प्रतिशत जमीन २० प्रतिशत गैर-किसानको हातमा

## २० प्रतिशत जमीनमा ८० प्रतिशत वास्तविक किसान

## कसरी बढ्छ कृषि उत्पादन : किसान महासंघ ?










## पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६)को पालना गरौं ।

## विभत्स दृष्य तस्वीर प्रकाशन प्रसारण नगरौं ।

☐ पत्रकार तथा सञ्चार माध्यमले असक्त, असहाय, अल्पसंख्यक,महिला तथा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति बारेमा समाचार सामाग्र सम्प्रेषण गर्दा उनीहरू मर्यादा, भावना तथा सम्मानमा प्रतिकूल असर पुर्‍याउन हुँदैन ।

☐ पत्रकार तथा सञ्चार माध्यमले बालबालिका सम्बन्धी समाचार संकलन तथा सम्प्रेषण गर्दा बाल सम्वेदनशील प्रतिकूल हुनेगरी कार्यहरू गर्नु हुँदैन ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रशार विभाग**

दर्ता नं. कावि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१६, अङ्क ७७ कार्तिक २०७७

## यस अङ्कमा

१. ८० प्रतिशत जमीन २० प्रतिशत गैर-किसानको हातमा
२० प्रतिशत जमीनमा ८० प्रतिशत वास्तविक किसान
कसरी बढ्छ कृषि उत्पादन : किसान महासंघ ? ३-१०

२. ४० औं विश्व खाद्य दिवस कार्यक्रम सम्पन्न
महत्वपूर्ण सुझाव र विचारहरू प्रक्षेपण: विज्ञ ११-१९

३. महासंघको नेतृत्व पाउँदा गौरवान्वित छु :
नेतृ भुसाल २०-२१

४. नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र,
जल तथा मौसम विज्ञान विभागद्वारा जारी कृषिका लागि बुलेटीन २२-२६

5. Homegrown food. Homegrown heroes. 27-28

6. My land is my life : Afaf Qaddouh, lebanon 29

7. It's alive! Soil is much more than you think 30

8. The role of South-South 31-32

9. Innovation is helping reduce food loss and waste 33-34

10. Protecting biodiversity in Chile amidst a pandemic 34-35

11. International Day of Rural Women 36











व्यक्तिगत मूल्य रु. ५०/-

**प्रकाशक :** कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार :** भोलामान सिंह बस्नेत, कृष्ण कोपिला, प्रा.डा.केशव खड्का, डा.गिरीराज त्रिपाठी
**प्रबन्ध निर्देशक :** श्रीबहादुर खड्का, **प्रधान सम्पादक :** धनबहादुर मगर
**मुख्य कार्यालय :** बागबजार-२८, **फिल्ड कार्यालय :** टौखेल-मच्छेगाउँ-९, चन्द्रागिरी नगर पालिका,
**फोन :** ०१४२८८७४३, **मोवाइल :** ९८४१४४५७५३, **मुद्रण :** प्रिन्ट स्काई, भुरुङ्गखेल,

# अनि मात्र नेपाली नागरिक भएकोमा गौरवान्वित हुनसक्छ

सम्पादकीय



नेपाल कृषि प्रधान देश हो । "१६ आक्टुवर विश्व खाद्य दिवस" नेपालमा पनि यस दिवस मनाई रहेका छन् । सबैको चाँसो र चिन्ताको विषय कृषिको माध्यमबाट आफ्नो देशमा कसरी खाद्य सुरक्षा गर्ने भन्ने हो । विश्वको कृषि क्षेत्रको अवस्था खाद्यान्न उत्पादन र सुरक्षाका विषयमा आ-आफ्नै तरिकाले चिन्तन मनन् गरिरहेको अवस्था छ । यो विश्वको मानव जातिको लागि हितको निमित्ति सकारात्मक कदम हो । हाम्रो देश नेपालमा पनि विश्व खाद्य दिवसलाई आ-आफ्नै तरिकाले मनाई रहेका छन् । वास्तवमा खाद्य सुरक्षा सम्वेदनशील विषय हो । अन्नपानीको शरीर अन्नपानीको अगाडि अरु कुरा जतिसुकै वैभवको कुरा अगाडि आएपनि तुच्छ हुन्छ । त्यसकारण खाद्यान्न उत्पादन गम्भीर ढंगले विश्वभर उठेका छन् । कसरी खाने कुराहरू उत्पादन गर्ने ? खाद्यमा कसरी आत्मनिर्भर बन्ने होडवाजीमा छन् ? धेरै राष्ट्रहरू खाद्यान्नमा आत्मनिर्भर भएका छन् । विश्व तर सोचेजति खाद्यान्नहरू उत्पादन गर्न सकिरहेका छैनन् । खाद्यान्न बढाउनु पर्छ भन्ने चेतना सबैमा जागरुक भएका छन् । यो सम्मूर्ण विश्वका लागि खुशीको विषय हो ।

यतीबेला मानव जाति माथि क्षति पुऱ्याउने गरी कोभिड-१९ आएको छ । यसको समाधान गर्न विश्व लागि परेको छ । हाम्रा अन्नबाली माथि पनि पटकौं पटक विभिन्न जातका रोगजन्या भाइरसहरूले आक्रमण नगरेको होइन । त्यसको सामाना मानवजातिले गरिरहेको छ । कोभिड जस्ता मानवबाट मानवमा सर्ने रोगको अझै भर पर्दो कुनै औषधीहरू बनाउन सकिरहेको छैन । यसले लाखौ मानिसहरूको अकालमै ज्यान लिइरहेको छ । यस्तै रोगनन्य प्राकृति प्रकोपले हामी मानव जातिमाथ खेलवाड गरिरहेको अवस्थामा हाम्रो अन्नवालीमा पनि भयंकर रोगकिराहरुको विकास भई वाली नाली नष्ट गर्न सक्ने सम्भावना पनि नआउँला भन्न सकिन्न । महामारी जन्य रोगकीराहरू कसरी जन्म भयो भन्ने विषयमा जानकारी लिइरहनु अत्यन्त जरुरी छ । हाम्रो अन्नबाली नै विनाश गर्न सक्ने रोग किराहरुको विकास नहोला भन्न सकिन्न । त्यसकारण भविष्यमा आइपर्ने यस्ता बाधकहरूको विरुद्ध समयमा नै सचेत भई जथाभावी प्राकृतिक पर्यावरणको नाश नगरौं । प्राकृतिक विनासकै कारण विभिन्न रोगजन्य सुक्ष्म जीवाणुहरुको जन्म भएको हो भन्ने प्रमाणित अनुसन्धानले देखाएको छ । यी कुराहरुबाट क्षतिहुनु पूर्वनै सम्भावनाको खोजी गर्दै अनपेक्षित रुपमा आइपर्ने विनाशकारी रोगहरूको रोकथाम गरौं । विनाश भइरहेको पर्यावरणलाई सुरक्षा गर्न तिर सदैव चनाखौ बनौं ।

यी समग्र चुनौंतीहरू हामीसँग रही आए पनि मुख्य विषय भनेको खाद्य सुरक्षा हो । खाद्य सुरक्षा विना मानव जाति बाँच्न सक्दैन । मानव जातिलाई जीवन्त राख्न अधिकतम् कृषि उत्पादन हो । कृषि उत्पादन गर्न किसानको आवश्यकता पर्छ । देशको अर्थतन्त्र बलियो बनाई राख्न पनि किसान चाहिन्छ । अझ हाम्रो देशमा वहुसंख्यक जनता कृषिमा निभर रहेको कारण कृषि कर्म गर्नुको विकल्प छैन । त्यसकारण पनि नेपाल सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिनु जरुरी छ । देशमा कृषि व्यवस्था राम्रो भएन भने जनता भोकभोकै हुनसक्छ । र भोकमरी बाट कोही पनि बच्न सक्दैन । रोगसँग लड्न सक्छ तर भोगसँग लड्न सक्दैन भन्ने अवस्था कोभिड-१९ महामारीको वेलामा हामी आफैले भोग्नु परेको छ । समस्त जनतालाई यसले त्रास दिएको छ । तर कोभिडको कारण वेरोजगार बनेको जनताहरु सरकार भएर पनि असहाय जस्तो स्थिति बनेको छ । त्यसकारण पनि देशको कृषि उत्पादन बढी भन्दा बढी उत्पादन गरी नेपाली जनताको स्वास्थ्य लगायत जीवनयापनको सुरक्षा गर्न सरकारको कर्तव्य हो । सरकार यसमा चुकेको छ । बन्द प्राय उद्योग व्यवसायबाट लाखौ जनता वेरोजगार भएको अवस्था छ । यो अवस्थामा सरकारले विकल्प दिनु सक्नु पर्छ । त्यसको एउटै मात्र माध्यमको देशको कुना-कुनासम्म बाँझो भएको खेतीयोग्य कृषि भूमिमा कृषि कर्म गर्नु उत्साहित बनाउनु हो । हामीसँग यतिबेला जटिल परिस्थितिको सिर्जना भएको छ । खर्वौ रुपैयाँ खाद्यान्नहरू विदेशबाट ल्याएर उपभोग गर्नु परेको अवस्था छ । यसले नेपाली जनता महँगीको मात्र मार खानु परेको छैन देशको अर्थतन्त्रलाई नै धरासायी बनाएको अवस्था छ । भौगौलिक अवस्थाले भने सम्भावनै सम्भावना छ भनेर हामीलाई काम गरेर खान पशस्त मार्ग निर्देश गरेको छ । यो बेला हामीले सही समयमा सही रुपमा खेती किसानीको काम कारवाही अगाडी बढाउन सकिन्छ । जुनसुकै बाली लगाउन पनि हामीसँग जमीन जस्तो स्रोत साधनहरू बाँकी छ । उचीत ढंगले सदुपयोग गर्ने दिन हामीले पर्खनु पर्दैन । यो कुरा सरकारको काम कामकारवाहीमा भर पर्छ ।

यो चिन्ता नेपालको लागि मात्र होइन समग्र विश्वकै हो । कुनै पनि राष्ट्र खाद्यान्नमा सम्पन्न हुने हो भने भयमुक्त राष्ट्र बन्न सक्छ । ठूला राष्ट्रले साना राष्ट्रलाई हेप्न र दवावमा राख्न सक्दैन । त्यसकारण आजको नेपाल मात्र होइन विश्वको साना राष्ट्रहरू स्वयंम आत्मनिर्भर बन्न कृषिलाई कर्म बनाउनु पर्छ । त्यसका लागि सरकार स्वयंम अगाडि बढेर आफ्नो जनतालाई घच्घच्याउनु पर्छ ।

नेपालको संविधान २०७२ ले मौलिक हकको प्रत्याभूति गरेको छ । यतिले मात्र पुग्दैन समृद्धि ल्याउन स्वयंम हामी जनताहरू सजग भएर आ-आफ्नो कर्ममा अघि सर्नुपर्छ । यसका लागि वहुसंख्या किसानहरूको पहिलो कर्तव्य हुन आउँछ । अनि मात्र देश र जनताको हित हुन्छ । अनि मात्र हामी नेपाली नागरिक भएकोमा गौरवान्वित हुनसक्छ ।

# ८० प्रतिशत जमीन २० प्रतिशत गैर–किसानको हातमा
# २० प्रतिशत जमीनमा ८० प्रतिशत वास्तविक किसान
# कसरी बढ्छ कृषि उत्पादन : किसान महासंघ ?

*जब सन् २००२ मा आएर धेरै देशका डब्लुटीओका मिनिस्ट्रीहरूको समीक्षा बैठक बस्यो । समीक्षा बैठक बसी सकेपछि डब्लुटीओका मिनिस्टरहरूले समीक्षा बैठकमा भन्दियो की अब हामी यो भोकमरी नियन्त्रण गर्नको निमित्त खाद्यान्न सहयोग गर्ने हो, जुन खाद्य सुरक्षालाई सहयोग गर्न सक्दैनौ भनेर पछि हट्यो ।*






✍धनबहादुर मगर

अखिल नेपाल किसान महासंघका संयाजक पूर्व कृषि मन्त्री हरि पराजुलीले सन् १९६० पछि उदायका वहुराष्ट्रिय कम्पनीहरूले विश्व बजारमा ६६ प्रतिशत विश्व बजार कब्जा गऱ्यो । विश्व व्यापारमा पनि त्यसैका मालिकहरू हावी भए । तिनै व्यापारिक संगठनका मालिकहरू नै यो विश्व व्यापार संगठनको रुपरेखा भित्र केही अधिकार र घोषणाका बुँदाहरु ड्राफ्ट गरे । त्यसै भित्रको यो खाद्य दिवस पनि हो । त्यसैभित्र यो खाद्य दिवसमा हरेक व्यक्तिले खाना खानु पाउनु पर्छ, पौष्टिक, साँस्कृतिकजन्य अधिकार व्यक्तिले पाउनु पर्छ । खाना पाउने अधिकारलाई खाद्य अधिकारको रुपमा ल्याइयो । यसलाई महत्वपूण गाइडलाइन मान्दै संयुक्त राष्ट्र संघले विश्व व्यापार संगठनलाई व्यापार गर्ने संगठनको रुपमा अगाडि साऱ्यो । त्यस पछि ईन्टरनेशनल करपोरेशन कम्पनीहरूको जन्म भयो । सन् १९६० को दशक प्रारम्भ भएपछि यो संगठन हरित क्रान्तिको नाममा विश्वभर जुर्मराएर उठे । त्यसपछि वहुराष्ट्रिय कम्पनीहरूले कृषि क्षेत्रमा दिन प्रतिदिन हस्तक्षेप बढाउँदै लगे । कृषि क्षेत्रको निमित्त अन्य वस्तु सरहको व्यापार गर्न पाउनु पर्छ भनेर उनीहरूको माग थियो । जो माग मल्टिनेशनल करपोरेशनहरुले गरिरहेका थिए । तिनीहरुको उत्पादन र बजारलाई कसरी सुरक्षित गरिदिने ? भन्नको निमित्त राष्ट्र संघको विश्व खाद्य कार्यक्रमले सर्वे गरियो । यो कार्य संयुक्त राष्ट्र संघले गरेको थियो । राष्ट्र संघको प्रतिवेदन अनुसार विश्वभरि ८० करोड मानिसहरू भोकमरीको शिकार भएको तथ्य बाहिर ल्याए । यसकारण ८० करोड मानिसहरूलाई भरपेट खाना पाउनु पर्छ भनेर खाद्य अधिकारलाई सार्वजनिक गरिएको थियो । त्यस्तो अवस्थामा खाद्यान्न उपलब्ध गराउनु पर्छ भनेर अघि सारियो । त्यही क्रमबाट सन् १९९६ को विश्व खाद्य सम्मेलनले यसलाई केही गर्नु पर्छ भनेर प्रस्ताव ल्यायो त्यसै अनुसार सन् २०१५ सम्म ५० प्रतिशत भोकमरी न्यूनिकरण गर्ने घोषणा गरे । तिनका सिद्धान्त अनुसार खाद्य सुरक्षाको माध्यमबाट हरेक राज्यहरूलाई अब्लिगेट गराउने, आ-आफ्नो जनतालाई भोकमरीबाट मर्न नदिने, सबै खाना खान पाउनु पर्छ भनेर जुटे । अनि खाद्यान्न अभाव भयो भने वहुराष्ट्रिय कम्पनीले उत्पादन गरेको खाद्यान्नहरू बाहिर नभने पनि राज्यहरूले खरीद गर्नु पर्छ भन्ने मनसाय ल्यायो, त्यस्तो किसिमको भित्री रहस्य थियो । यो वहुराष्ट्रिय कम्पनीहरूको निमित्त बढी जोड दिनका निमित्त यो मल्टिनेशनल कन्सेप्ट अगाडि ल्याइयो । सबैले यसलाई समर्थन गरे । यो संयुक्त राष्ट्र संघको खाद्य सुरक्षा नीति थियो । त्यसैको आव्हान अनुसार विश्वका सरकारहरू खाद्य सुरक्षा, खाद्य सुरक्षा भनिरहेका थिए । खाद्य सुरक्षा भनेको भण्डारण गर्ने र सरकारले आपत् विपद परेको बेला जनतालाई पैसा लिएर वा निशुल्क उपलब्ध गराउने हो । तर त्यसो भनेर मात्र सुख पाएन । खाद्य सुरक्षाको रहस्य सबैले बुझ्ने कुरा थिएन । जबसम्म उत्पादन वहुराष्ट्रिय कम्पनीले गर्दछ उसले मूल्य निर्धारण गर्न अधिकार वहुराष्ट्रिय कम्पनीले राख्छ । त्यस्तो महँगो खाद्यान्न गरिब देशका सरकारहरूले कसरी आफ्नो देशका जनतालाई खुवाउन सक्छन ? अनि तिनीहरुले भोकमरीको अन्त्य गर्न सक्छन् ? यो कुरा शंकाको विषयवस्तु त थियो नै । जब सन् २००२ मा आएर धेरै देशका डब्लुटीओका मिनिस्ट्रीहरूको समीक्षा बैठक बस्यो । समीक्षा बैठक बसी सकेपछि डब्लुटीओका मिनिस्टरहरूले समीक्षा बैठकमा भन्दियो की अब हामी यो भोकमरी नियन्त्रण गर्नको निमित्त खाद्यान्न सहयोग गर्ने हो, जुन खाद्य सुरक्षालाई सहयोग गर्न सक्दैनौ भनेर पछि हट्यो । यो सम्मेलनमा ५० प्रतिशत भोकमरी घटाउनु सकिदैन भनेर हात उठाईदियो । त्यसपछि कसले खाद्य सुरक्षा गर्ने ?

अब खाद्य सम्प्रभुत्ताले मात्र गर्न सक्छ भन्ने भयो । खाद्य अधिकार भनेको त खाद्य सुरक्षाको अधिकार, खाद्य सम्प्रभुत्ताको पनि अधिकार, अधिकार के हो ? कहाँबाट प्राप्त गर्ने, उत्पादन र उपभोक्ताको अधिकार दुईवटैलाई यसले पैरवी

**४० औं विश्व खाद्य दिवस, तथा खाद्य सम्प्रभुत्ता विशेष**
**Specialize World Food Day and Food Soverneity.**

गर्छ । खाद्य सुरक्षा भन्दा राज्यले उपलब्ध गराए मात्र खाद्यान्न पाउने भयो । राज्यले उपलब्ध गराएन भने केको अधिकार, कहाँको खाद्य सुरक्षाको अधिकार, छैन राज्यले हात उठाई दियो भने राज्यमा सत्ता परिवर्तन भन्दा अरु उपाय केही छैन । भोकमरीको अवस्थामा जनता भोकभोकै मर्ने भए । यसकारण राज्य जतिसुकै अब्लिगेट भएपनि वैदेशिक हस्तक्षेप गर्नको निमित्त असहाय, गरिव राष्ट्र माथि त्यस्तो सम्भावना मार्ग प्रशस्त गरिदिने हुन्छ ।

कमजोर आर्थिक आय भएको राज्यहरूले आफ्नो देशको जनताहरूको खाद्य सुरक्षा गर्न नसक्ने पुष्टि सन् २००२ को संयुक्त राष्ट्र संघको समीक्षा बैठक बसिरहेको ठाउँमा उठे । त्यसपछि समान्तरण ढंगबाट सिभिल सोसाइटी, एनजीओ र आईएनजिओहरू, कृषि वैज्ञानिकहरू ति सबै अभियन्ताहरूले खाद्य सम्प्रभुत्तालाई बचाउनु पर्छ भनेर आवाज उठाए । खाद्यान्न माथि राजनैतिक गर्न पाइदैन । यो मुनाफाको वस्तु हुनु हुँदैन भन्यो । अभियानमा लागिरहेका विश्वको २ सयभन्दा बढी संगठनहरूको प्रतिनिधीहरूले सम्मेलनमा अबको भोकमरी अन्त्य गर्ने विषय र सिद्धान्त भनेको खाद्य सम्प्रभुत्ता हो भनेर घोषणा गऱ्यो । खाद्य सम्प्रभुत्ताको अभावमा अरु कुनै हुन सक्दैन भनेर भनियो र त्यसयता जब खाद्य सम्प्रभुत्ताको विषय अगाडि आयो यसलाई अधिकारवादी संगठनहरूले यो १६ अक्टुवरलाई खाद्य अधिकार दिवस मात्र होइन, यो विश्व खाद्य भोकमरी दिवस पनि हो । यसलाई हङ्गर डेको रुपमा भोकमरी दिवसको रुपमा मनाउन शुरु गरेको हो । किन भने वहुराष्ट्रिय कम्पनीमा एजीओका २० वटा ठूला राष्ट्रहरू सम्मिलत छन् । उनीहरूले दिए खाना पाउने, नदिए खाना नपाउने, भइसकेपछि कसलाई भोकै राख्नु परेको छ र, कहाँ कुन देशमा प्राकृतिक स्रोत साधानहरू माथि हस्तक्षेप गर्नु परेको छ त्यसै अनुसार चावी लिएर बसीसकेको हुनाले १६ अक्टुवरलाई खाद्य दिवसको रुपमा भन्दा पनि विश्व भोकमरी दिवसको रुपमा मनाउनु पर्छ भनेर अखिल नेपाल किसान महासंघले विश्व भोकमरी दिवसको रुपमा मनाउँदै आइरहेको छ । यस क्रममा राज्य इतरका संगठनहरूले यसलाई खाद्य अधिकारको रुपमा मनाउने र खोजिरहेको अधिकार निमित्त लडिरहेका आम किसान श्रमजीवि वर्गहरू चाहीँ विश्व भोकभरी दिवसको रुपमा मनाउने हो । के कारणले खाद्यान्नहरूको अभाव सिर्जित गरियो ? को हो यो सिर्जनाकर्ता यो अभाव आफै भएको होकि, प्राकृतिक रुपमा भएको हो । अथवा के कारणले सिर्जित भइरहेको छ भन्ने कुराहरू आजको दिन व्यापक रुपमा गोष्ठी र सेमिनार गरेर आम जनमानिसलाई सुसूचित गराउने उद्देश्यले स्थापना भएको लाभिया क्याम्पासिना हाम्रो लागि मार्गदर्शन बनेको छ । क्याम्पासिनाले अगाडि सारिएको खाद्य सम्प्रभुत्ताको ७ सिद्धान्तका पीलरहरू छन् जुन पीलरहरूमा सबैको निमित्त खाद्यान्नको व्यवस्था गर्नु पर्ने, उत्पादित वस्तुको स्वच्छ मूल्याङ्कन हुनु पर्ने, कृषि वस्तु मात्र नभई सम्पूर्ण उपभोग्य वस्तु खरीद गर्नु पर्ने

*अखिल नेपाल किसान महासंघले विश्व भोकमरी दिवसको रुपमा मनाउँदै आइरहेको छ । यस क्रममा राज्य इतरका संगठनहरूले यसलाई खाद्य अधिकारको रुपमा मनाउने र खोजिरहेको अधिकार निमित्त लडिरहेका आम किसान श्रमजीवि वर्गहरू चाहीँ विश्व भोकभरी दिवसको रुपमा मनाउने हो ।*



वस्तुहरूको स्वच्छ खरीद र व्यवस्थापन गर्नु पर्ने सिद्धान्तहरु अगाडि सारिएका थिए ।

कोभिड-१९ बारे सरकारले कसैलाई पनि भोकै मर्न पनि नदिने अठोट लिएको छ । सरकारले कोही पनि भोकै मर्दैन भनिरहेको छ । तर सूचना कहाँबाट ल्याउने ? कसले सूचना संकलन गर्ने साँचो अर्थमा खान नपाएर मरेका छन् की छैनन् । अथवा कुपोषणको अवस्था के छ ? बाल मृत्यु दर र मातृ मृत्यदर के छ ? भन्ने कुराको इण्डिकेटरहरू के हुन् । एउटा मान्छे ४२ दिनसम्म खाना नपाई सुकेर मरेका फोटाहरू, युद्धका फोटाहरू, खडेरी ग्रष्ट भएको फोटाहरू राखी कंकाल देखाएर होइन ।

सरकार दायित्ववोधका कुरा गरिरहेको छ । खाद्य अधिकार उपलब्ध गराउँछु भनि सकेपछि भरपेट खाना पाउने अधिकार हनन् भएको छ कि छैनन् भनेर भन्दा हनन् भएको छ । त्यसकारण खाद्य अधिकार हनन् हुन नदिन शिक्षामा जोड दिनु पर्छ । आजको जस्तो दिनहरूले मात्र होइन यस्ता विषयहरू भोलीका दिनमा आफ्नो कार्य क्षेत्रमा काम गर्दा के भएका छन् भन्ने विषयहरू अगाडि ल्याउनु पर्छ । मानिसहरूले पोषणयुक्त खान पाइरहेका छन् कि छैनन् ? यि कुराहरू हेऱ्यौं भने १६ अक्टुवरलाई खाद्य दिवसको रुपमा वा भोकमरी दिवसको रुपमा जेसुकै रुपमा मनाए पनि यसको मुद्दाहरु भनेको खाद्य सम्प्रभुत्तासँग जोडिएर आउँछ ।

हरिबहादुर के.सी. प्रवक्ता कृषि तथा पशुपन्छी विकास मन्त्रालय : संस्थागत रुपमा खाद्य सुरक्षाको हिसाबले सकारात्मक रुपमा अगाडि भएको छ । खाद्य सुरक्षा ऐन र खाद्य सुरक्षाका नियमावाली अन्तिम अवस्थामा लेखन भईरहेको, खाद्य सुरक्षालाई सरकारले १५ औ योजनामा १० प्रतिशतमा झार्ने नीति मन्त्रालयको रहेको, खाद्य स्वच्छता समग्रमा ग्लोवल हङ्गर इण्डेक्स घटेर आएको, खाद्य स्वच्छता घटेर उपलब्धीमूलक भएको, खाद्य सुरक्षाको अवस्था सुरक्षित भएको, कर्णाली प्रदेश बाहेक अरु प्रदेश १ नम्बर प्रदेश त्यति राम्रो नभएपनि इण्डिकेटर अनुसार समग्रमा सकारात्मक रुपमा अगाडि बढीरहेको, उत्पादन वितरण प्रणालीमा प्रगतिउन्मूख रहेको छ ।

कोभिड-१९ को कारण शहरमा सप्लाई प्रणाली अत्यन्तै कमजोर भएको, धेरै मानिसहरू रोजगार लगायत अप्ठ्यारोमा परेको, कृषिमा विश्वास घटेको, होटल व्यवसाय र पार्टी प्यालेसहरु चलेको छैन । डब्लु एफ ओले गरेको सबै खाद्यान्न उपभोगका अवस्था सुधार भएको, र वेरोजगारी समस्याको अवस्थामा सुधार नभएको, सर्वे अनुसार १ तिहाई इन्कम सोर्स घटेको, सप्लाई प्रणालीमा चुनौती अझै रहेको, बाहिरबाट आएका युवाहरू जागिर कसरी दिने भन्ने कुरामा चुनौती रहेको छ । रैथाने प्रविधिमा ध्यान दिनु पर्छ भनेर आएको छ । प्रदेशमा बाँझो जग्गा उपयोगमा आएको

छ। सूचना प्रविधिको प्रयोग कृषि क्षेत्रमा भएको छ। आयत निर्यातमा चुनौती छ। सुरक्षित वचत भनेर, प्रविधि, ऋण, वीमा सहज होस भनेर बाँझो र खण्डीकरण जग्गाको एकीकृत खाद्य बैंक, भूमि बैंक स्थानीय निकायहरुलाई सशक्तिकरण गर्नु नै वजेटहरु दिएका छौं। पालिकालाई सफल बनाउन लागि रहेका छौं। अखिल नेपाल किसान महासंघ केन्द्रीय सदस्य तथा प्रा.डा.केशव खड्काले यो कार्यक्रम किन मनाउनु पर्‍यो भन्ने विषय र संविधानले नै ग्यारेन्टी गरेको छ। सन् १९९६ को शिखर सम्मेलनले राम्रो १९४८ को मानव घोषणा, साँस्कृतिक र आर्थिक घोषणा पत्रमा धारा ११ मा व्यवस्था गरिएको थियो। दायित्व कसले लिने भन्ने टोकिएको थिएन त त्यस सम्मेलनले खाद्य सुरक्षाको दायित्व राज्यको हो भनेर निर्णय गरियो। खाद्य सम्प्रभुत्ताको लागि किन जोड दिइयो भन्दा किसान अधिकार विना खाद्यको समस्या समाधान हुँदैन।




खाद्य उत्पादन भनेर हरेक क्षेत्रमा उत्पादन किसानको निर्वाध पहुँच हुनुपर्छ। हामीले जमीन माथिको सम्प्रभुत्ता पानी, सिँचाई, सम्बन्धी सम्प्रभुत्ता अहिले यी सबैकुरा खोसिएका छन् भने बजारमा जानु पर्ने अवस्था आएको छ। व्यापार, किसानको ठूलो दुर्भाग्य भनेको आफूले उत्पादन गरेको कुराको कहिल्यै आफैले मूल्य राख्न पाउँदैन। किसानको हकहीतको लागि कहिल्यै मूल्य श्रृंखलामा जानु पाउँदैन यो राख्नु पर्छ भनेर आवाज उठाउने किसान महासंघ भएकोले हामीले खाद्य सम्प्रभुत्तालाई आधार मानेको छौं। खाद्य सम्प्रभुत्तालाई दुईवटा दृष्टिकोणले हेर्ने चलन छ। खाद्य सम्प्रभुत्तालाई कार्यक्रमको रुपमा लैजानु पर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ। स्तरीय मापदण्डको आधारमा जानु पर्छ भनेर दोस्रो छ। त्यो मापदण्ड खोज्दै जाँदा लाभिया क्याम्पासिना अन्तर्राष्ट्रिय किसान आन्दोलन जसले शुरु देखिनै अगाडि बढाउने जमर्को गर्‍यो र सन् २००५ मा १९९६ को कार्य प्रगतीलाई हेर्दा यसले पूरागर्न सक्दैनन् भन्ने वहुराष्ट्रिय कम्पनीहरूले पनि झल्को दियो। सरकारको अवस्था पनि कमजोर रहेको, स्थितिलाई जनतानै त्यसको परिपूरक हुन् भन्ने कुरा स्थापित भयो। पछि एफएओ र विश्व खाद्य संगठनले पनि अन्तर्राष्ट्रिय योजना अनुसार खाद्य सम्प्रभुत्ता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आईपीसी एथेक्स आयोजना अगाडि बढाइएको सन्दर्भमा अगाडि आयो। नेपालको सन्दर्भमा धेरै व्याख्या गरिएन। सन् २००७ को अन्तरिम संविधानमा जुन राजनीतिक दवाब सहित संविधान जारी हुने बेला अखिल नेपाल किसान महासंघका पूर्व अध्यक्ष वामदेव गौतमले अगाडि लिएर जानु भयो।

शेरबहादुर देउवाको प्रधानमन्त्री कार्यकालमा एमालेका पूर्व महासचिव माधव कुमार नेपालले मौलिक अधिकारको रुपमा राख्ने अडान लिएर खाद्य सम्प्रभुत्ता रहँदैन भने पार्टीले सही गर्दैन भनेर अडान लिए। संविधानको धारा र १८ मा रहेको खाद्य सम्प्रभुत्तालाई सन् २०१५ अर्थात विक्रम सम्वत् २०७२ सालको संविधानमा २ वर्षभित्र यो ऐन बनिसक्नु पर्छ भन्ने प्रावधान राखिएको थियो। हामीले ऐनमा नै खाद्य अधिकार र खाद्य सुरुक्षा भनेर त्यस अन्तर्गत खाद्य सम्प्रभुत्ता ऐन आयो। ऐन आउने क्रममा हामी धरै जुध्यौं। धेरै संघर्ष पछि खाद्य सम्प्रभुत्ता राख्न सहमत भयो। जतिबेला राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिले निकै ठूलो दवाव दिएका थिए। तर खाद्य सम्प्रभुत्ता भएन भने संविधानको उल्लंधन हुन्छ भन्ने अर्थमा गएर ऐन बन्यो। अरु कुरामा सुधार गर्न पर्ने छ। ती अन्तर्गत नियमावाली लेखनको अन्तिम अवस्थामा आएको छ। हामीसँग ऐन मस्यौदालाई अन्तिम स्वरुप दिन गईराखेको छ। ऐन पास भइसक्यो आफ्नै प्रकृयामा मात्र संशोधित भएर लागु हुन्छ। नियमावाली लेखनको अन्तिम प्रक्रियामा अगाडि बढेको छ। प्रशासनिक हिसावमा ऐन नियम भन्दा माथि गएर गर्न सक्दैन। त्यही ऐन भित्र रहनु पर्ने भन्ने खालको कुरा हुन्छ। त्यो नियमावाली हेर्दा पूरक देखिदैन। ऐनमा किसान को भन्ने नै थाहा छैन। किसान बारे केही बोल्दैन तर पनि त्यसका केही प्रावधानहरू राम्रा छन्। नियमावालीको दफा ५ र ९ मा सकरात्मक छ किन भने धारा २ ले क-कसलाई अधिकार दिने के अर्थमा यो खाद्य अधिकार दिने भन्ने कुराहरुको व्याख्या गरिएको छ। त्यसको परिपूर्ति गर्न हामीसित बाटो छ। यो खाद्य ऐन र नियमावाली भनेको केन्द्रीय सरकार, संघीय सरकारको हो। र यसलाई परिमार्जन गरी प्रदेश सरकारहरुले पनि बनाउन सक्छ। ऐन स्थानीय तहबाट बनाउनु पर्छ। त्यस्तै कार्यविधि र नियमावाली बनाएर अगाडि बढ्न स्थानीय स्तरका सक्षम छ। अन्तिममा हेर्ने स्थानीय सरकारले हो। स्थानीय सरकारमा यो वा त्यो ढंगले उपस्थिति पनि छौं। ऐन र नियमावालीमा के राखियो कुन-कुन विषय लिएर जाउँ लाजमर्दो के छ भने स्थानीय सरकारले खाद्य समिति बनाउने हो। त्यो नियमावालीमा किसानको प्रतिनिधी रहनु पर्छ भन्ने कुनै वाध्यता छैन। किसान महासंघले १२ देखि १५ वटा नगरपालिकाहरूमा लागु गर्न सक्छौं। नगरपालिकाहरुमा हाम्रा सम्पर्क व्यक्तिहरू मार्फत ऐन नियम बनाउन सक्छौं। तर त्यसका लागि पहिले हामीले खाद्य सम्प्रभुत्ता ऐनका राम्रा पक्षहरू लिएर जाने हो। यसका लागि रणनैतिक छलफल आवश्यकता पर्छ। हामी आफु-आफू पनि गर्न सक्छौं यसका लागि किसान सञ्जाल र महासंघ मार्फत जान सक्छौं।

खाद्य सम्प्रभुत्तालाई वर्तमान संविधानको मर्म अनुसार यो व्यवस्था अन्तर्गत सबभन्दा तल रहेको आधार स्थिति स्थानीय सरकार सबै कुरा गर्नुपर्ने हुनाले त्यहाँ सहयोग गरेर सक्रिय रुपमा अगाडि बढाउदै व्यवहारिक रुप दिन सक्छौं। विषय वस्तुहरु खाद्य सम्प्रभुत्ताको दिशा उन्मूख हुन पर्छ भन्ने हो। खाद्य सम्प्रभुत्ता भनेको उत्पादन उपभोग गर्ने दुबै विषय हो। ऐन नियम बन्यो कसरी प्रभावकारी वहस शुरु गर्ने भनेर भिन्नै हिसाबले कार्यपत्र बनाएका थियौं। अखिल नेपाल किसान महासंघ केन्द्रीय सदस्य प्रमेश पोखरेलले तथा दक्षिण एशिया खाद्य सम्प्रभुत्ता लाभिया क्याम्पासिना अन्तर्राष्ट्रिय किसान आन्दोलनका युवा प्रतिनिधी।

सन् १९४५ मा एफएओको स्थापना भएपछि ७५ वर्ष पुग्यो र उसले १६ अक्टुवरलाई १९८० देखि खाद्य दिवसको रुपमा मनाउँदै आएको छ। यो वर्ष उसले ग्रो, नोरिस, सस्टेन, टुगेदर भनेर नारा बनाएको छ। साथमा उत्पादन गरौ, पोषण गरौं, जीवनयापन गरौं भन्ने मूल नाराका साथ विश्वभर मनाईरहेको छ। र हामी जो अन्तर्राष्ट्रिय किसान आन्दोलन लाभिया क्याम्पासिनाले यो दिनलाई विश्व खाद्य दिवसको रुपमा नभई विश्व भोकमरी दिवसकोरुपमा मनाउँदै आएका छौं। अन्तर्राष्ट्रिय किसान आन्दोलन बारेमा हामीलाई थाहा छ। लाभिया क्याम्पासिना, यो विश्वव्यापी आन्दोलन हो। यसका विश्वको ८० भन्दा बढी देशका १८२ वटा संघ-संगठनहरु आवद्ध छन्। अखिल नेपाल किसान महासंघ लामो समय देखि महत्वपूर्ण हिस्साको रुपमा रही आएको छ। आज विश्व भरिका लाभिया क्याम्पासिनाका सदस्यहरूले अन्तर्राष्ट्रिय एक्सन डेको रुपमा पिपुल्स फुड्स एण्ड सोभरनेटी भनेर मनाइरहेको छ। हामीले खाद्य सम्प्रभुत्ता जनताको मौलिक हकको रुपमा सुनिश्चित हुनपर्छ भन्ने खाद्य अधिकारको हक छ। त्यसको पक्षम वहुराष्ट्रिय निगम जसले संसारका साना किसान विस्थापित गरेका छन्। उनीहरूको विरुद्धको संघर्षको रुपमा यो दिनलाई संसारभर मनाईरहेका छौं। संघर्षको दिनलाई "टाइम टु ट्रान्सफर्म" रुपान्तरणको समय हो।

जति हुन भइसक्यो पूँजीवाद र पूजीवादी सकंटबाट जति प्रताडित हुन थियो, भयो । धेरै भयो अब हामी रुपान्तरणमा लागौं । रुपान्तरणको एकमात्र विकल्प भनेको खाद्य सम्प्रभुत्ता, पर्यावरणीय कृषि त्यसो भएर लाभिया क्याम्पासिनाका सदस्यहरूले संसार भर ''टाइम टु ट्रान्सफर्म'' ट्रान्सफर्म आवर सोसाइटी एण्ड फुड्स् सोभरनेटी भन्ने छ । हाम्रो देश नेपालमा यही २०७६ चैत्र ११ गते देखि नेपालमा पनि कोभिड-१९ महामारी औपचारिक रुपमा आएको छ । तर, हामीले यस बीचबाट महत्वपूर्ण सिकाईहरू सिकेका छौं । हाम्रो अगाडि धेरै उदाहरणहरु छन् । हामीले के प्राप्त गऱ्यौं भने जुन मुद्दाहरु अगाडि साऱ्यौं खाद्य सम्प्रभुत्ताको मुद्दा, जैविक विविधताको मुद्दा, पर्यावरणीय कृषिको मुद्दा यसका विकल्प छैन । यो चाहे पूँजीवादी व्यावस्था होस्, चाहे समाजवादी व्यवस्थाको संकट होस् या अरु कुनै संकट त्यसमा काम गर्न सक्दैनौं । हामीले देख्यौं नि लकडाउन भर प्रोहिबिटरी अर्डरमा निशेधाज्ञको अवस्थामा विश्व खाद्य दिवसमा व्यापारको चरित्र बोकेको विश्व व्यापार संगठनले केही गर्न सकेन । वहुराष्ट्रिय कम्पनी निगमहरू बन्द हुनुपर्ने अवस्था आयो । यो अवस्थामा संसारलाई पाल्ने भोको मानिसलाई पाल्ने भनेको साना किसान रहेछ भनी प्रमाणित भयो । हाम्रो देशमा पनि साना किसानको वाहुल्यता भएको हुनाले चरम रुपमा खाद्य संकट हाम्रो देशमा आउन सकेन । हामीले सिकेको भनेको स्थानीय खाद्य सम्प्रभुत्ताको विकल्प छैन यही सन्देशलाई आजको दिनमा संसारका सम्पूर्ण मानिसहरूमा पुऱ्याउन आवश्यक छ । हाम्रो संघर्ष जारी छ । हामी फेरी महामारीबाट गुज्रीरहँदा नैतिक र राजनैतिक रुपमा हाम्रो विजय भएको छ । मुद्दाहरुको विजय भएको छ । उठान गरेका विषयहरूको विजय भएको छ । हामीले खाद्य सम्प्रभुत्ताको कुरा गर्दा कहाँ छ विश्व व्यापार संघ-संगठनहरू ? अहिलेको युगमा खाद्य तथा कृषि प्रणाली कहाँ पुगेको छ ? खाद्य तथा कृषि संगठनले भनेको छ कि अब हामीले खाद्य संकटबाट विश्व गुज्रीरहँदा यो पाण्डेमिकले विश्वको खाद्य प्रणालीलाई एकदमै नकारात्मक प्रभाव पारेको छ । लगभग १ अर्ब मानिसहरू यो या त्यो रुपमा भोकमरीका शिकार भएका छन् । जुन मुलभूत मान्यताहरू छन् । यसलाई कार्यन्वयन गर्ने अवसर आएको छ । यसलाई हामीले अवसरको रुपमा पनि लिनुपर्छ । दक्षिण एशियाको किसान आन्दोलन कसरी अगाडि बढीरहेको छ भन्ने सन्र्दभमा दुर्भाग्य छ । शासकहरू जुन महामारीको अवस्था संकटको अवस्था छ । गलत फाइदा उठाउने तिर केन्द्रीत छ । विभिन्न देशको उदाहरण हेर्ने हो भने जनताको अधिकारहरू कटौती गर्ने किसान विरोधी नीतिहरु अघि सार्ने र किसानमारा वहुराष्ट्रिय कम्पनी अघि सार्ने र पक्षपोषण गर्ने तिर लागि रहेका छन् । भारतमा नयाँ कानुनहरु जारी गरेका छन् । जसले गर्दा नेपाली किसानहरू यो अवस्थामा पुन: सडकमा आउनु पर्ने वाध्यता छ । किसान आन्दोलनको उभार बढी रहेको छ । एमसी सी, भूमि बैंक लगायत विभिन्न नामधारी संस्थाहरू झ्यालबाट छिर्न खोजी रहेका छन् । किसान आन्दोलनको ७० वर्षको ग्लोरियस इतिहास छ । हामी खाद्य सम्प्रभुत्तालाई सामुहिकीकरण गर्ने, जिएमओ लाई छिर्न नदिने आवाजहरू उठाईरहेका छौं । तर राम्रा

*अखिल नेपाल किसान महासंघ मातृ पार्टी नेकपाको सरकार रहेको, नेकपाकै स्थायी सदस्य कृषि मन्त्री भएको स्थितिमा हामीले खाद्य सम्प्रभुत्ता प्राप्तीलाई कसरी कार्यन्वयन गर्न सहयोग गर्ने ? कसरी सहजीकरण गर्ने र हाम्रा कुराहरु सुनुवाई भएनन् भने कसरी संघर्ष गर्ने भन्ने सन्दर्भमा आजको कार्यक्रमलाई केन्द्रीत गर्न खोजेका हौं । यही सन्दर्भमा यो कार्यक्रम आयोजना गरिएको हो ।*

उपलब्धीहरूलाई कसरी सिध्याउने, किसान आन्दोलन कसरी कमजोर पार्न सकिन्छ भनेर केही किसान विरोधी देशी र वैदेशिक शक्तिहरू लागि रहेका छन् । हामीले यस विषय तिर सचेत हुनुपर्छ । श्रीलंका फेरिएमसीसीको नाममा मुख्य गरी किसानहरूलाई प्रभावित गर्ने गरी आएका छन् । बंगलादेशमा लामो समयदेखि जिएमओको विरुद्ध संघर्ष चलिरहको छ । अहिले फेरी संकटको बेलामा त्यहाँको सरकारले गोल्डेन राइस्का कुरा अगाडी सारेको छन् । किसान आन्दोलन फेरी सिध्याउन प्रयास गरिरहेको छन् । विश्वभरका लाभिया क्याम्पासिना अभियानकर्मीहरू संघर्षको मैदानमा छौं । महामारी मै होस् हामी चुप लागेर बसेका छैनौं । ''विआर नट साइलेन्स्,'' किनभने हामी स्वास्थ्यका मूल्य मान्यता र त्यसका हरु प्रोटोकलहरुलाई फलो गर्छौ । हामी सुरक्षित रहन्छौं तर पनि हाम्रा आवाजहरूलाई वुलन्द गर्नु पर्ने संघर्षलाई जारी राख्नु पर्ने अवस्था छ ।

अखिल नेपाल किसान महासंघ सचिव तथा संगठन विभाग प्रमुख नहेन्द्र खड्काले हाम्रो विचारहरूलाई नयाँ पुस्ताका युवा साथीहरु साथीहरूमा पनि सम्प्रेषण गर्नुपर्छ भनेर लागिरहेका बताए ।

कोभिड महामारीको स्थितिमा पनि खाद्य सुरक्षा र खाद्य व्यवस्थाको प्रयोग गरेको थियौं । त्यस विषयमा नेपाल सरकारको धारणा लिएका थियौं । खाद्य सम्प्रभुत्ताका इतिहास र संघर्षको बारेमा शुरुमै अध्यक्षज्यूले विचार राखी सक्नु भएको छ । खाद्य सम्प्रभुत्ताको शब्द शुरुवात गर्ने संस्था लाभिया क्याम्पासिना हो । नेपालमा अरु तीनवटा संगठनहरू लाभिया क्याम्पासिनाको सदस्य रहेका छन् । हाम्रो संघर्ष खाद्य अधिकार यू एन डिक्लेरेशन, खाद्य अधिकारलाई प्राप्त गर्ने संघर्ष हो । हो यसको दुईवटा पाटा छन् । एउटा जनमूखी पाटो, अर्को पूँजीवादी नव-उदारवादी बाटो, खाद्य सुरक्षाको बाटो अरु लरवरिने बाटा हुन् । यू एनले खाद्य अधिकार घोषित गरेका छन् । त्यसका मूल विषय कसरी खाद्य अधिकार प्राप्त गर्न विषय स्पष्ट छैन । खाद्य सम्प्रभुत्ताले त्यस कुरालाई निस्चित गर्छ । यही सन्दर्भमा नेपालको संविधानले मौलिक हकको रुपमा खाद्य सम्प्रभुत्ताको अधिकारलाई सुनिस्चितता गरेको छ । ऐन ल्याएर लाभ लिने पर्यत्नमा छौं । नियमावाली आउने चरणमा छ । राष्ट्रिय किसान आयोगले किसान संघ-संगठनहरूको फिडव्याक लिएको थियौं । संयोजक कमरेड र म लगायत थप साथीहरूले काम गरिहेका थियौं । हामीले हाम्रा धारणा र विचारहरूलाई सशक्त ढंगले अखिल नेपाल किसान महासंघ मातृ पार्टी नेकपाको सरकार रहेको, नेकपाकै स्थायी सदस्य कृषि मन्त्री भएको स्थितिमा हामीले खाद्य सम्प्रभुत्ता प्राप्तीलाई कसरी कार्यन्वयन गर्न सहयोग गर्ने ? कसरी सहजीकरण गर्ने र हाम्रा कुराहरु सुनुवाई भएनन् भने कसरी संघर्ष गर्ने भन्ने सन्दर्भमा आजको कार्यक्रमलाई केन्द्रीत गर्न खोजेका हौं । यही सन्दर्भमा यो कार्यक्रम आयोजना गरिएको हो ।

छलफल

राष्ट्रिय सिँचाई जल उपभोक्ता महासंघका अध्यक्ष शम्भु प्रसाद **खनाल**ले विश्व खाद्य सुरक्षा के छ ? हामी नेपाली किसान कहाँ छौं भन्ने विषय बढी केलाउनु पर्छ । कृषि विकास मन्त्रालयको प्रस्तुतीमा संरक्षित कृषि, सुरक्षित वचत, जुन खाद्य सुरक्षाको निमित्त उपयुक्त छ । यो कृषि विकास रणनीति, कृषि विकासका नियमावाली, कृषि प्रसार सञ्चालन कार्यविधि एक आपसमा बाभि्एको पाउछौं । यसले संरक्षित कृषि कसरी हुन्छ ? सुरक्षित वचत किसानले कसरी गर्न सक्छ भन्ने कुरा कृषि मन्त्रालय आफै पनि दिगो ढंगले अगाडि बढ्न नसकेको स्थिति उहाँहरुकै प्रस्तुतीबाट झल्कि दिएको कार्यक्रमहरुले पनि अनुभुति गर्न पाइरहेका छौं । भविष्यमा केही गर्ने किसानको जीवनस्तरको कुरा गर्दा सिँचाईको आवश्यकताको पहिचान गर्ने, गाउँ-गाउँमा सिँचाई जल उपभोक्ता समूहहरु छन् । ति समूहलाई परिचालन गर्ने, उत्पादन गरेका कृषि उपज उहाँहरुले गरेका योगदानको बारेमा चर्चा गर्न कति पनि पछि नहटौं । कृषि उत्पादन गर्न पहिलो काम

सिँचाईको व्यवस्थापन जरुरी छ । कृषि उत्पादनमा सिँचाईको आवश्यकताले बढी महत्व राख्छ । यसलाई कसरी कार्यन्वयनका पक्षमा लाने, हामी सैद्धान्तिक रुपमा सहमत छौं तर त्यो कार्ययोजना लाने विषयमा ठोस कार्यक्रमहरु कसरी बनाउनु सक्छ भन्ने कुरामा जोडदिनु पर्छ ।

भोकमरीको अन्त्य गराउनको लागि कृषि उत्पादनले महत्वपूर्ण भूमिका खेल्छ । कृषि उत्पादन पछि कृषि उपज भण्डारण गर्न सकिन्छ । हामीले भाषणमा मात्रै खाद्य सुरक्षा, भण्डारण र उचित वितरण गर्नु पर्छ भनिरहेका छौं । स्थानीय, प्रदेश र संघीय सरकारको अधिकार चर्चाहरु गरिहेका छौं । तर सबै कुरा स्थानीयमा निर्भर हुन्छ । स्थानीय सरकारका प्रतिनिधित्व गरेका प्रतिनिधीहरुले भनेका छन् हामीसँग व्यवस्थापन गर्न सक्ने व्यवस्थापनको खाँचो छ । नीतिगत कुराहरु आउन सकेन भन्ने छ । उम्रेला मोडलमा सरकारलाई सुझाव दिन सक्यौं भने यो भोकमरीको अन्त्य गर्नको लागि मोडेल कृषिको आवश्यकता पर्छ ।

मोहनलाल शर्मा कृषि विज्ञ, किसानहरू जमीनको स्वामित्वबाट वञ्चित छन् । कमाई खाने मानिसहरू उनीहरूको साथमा जमीनको स्वामित्व छैन् । के यो समस्या हाम्रो मुलुकको निमित्त दुर्भाग्यपूर्ण अवस्था हो ? अहिलेसम्म हामीले यो मुद्दाको निमित्त उनीहरूले कमाई खाने उत्पादनको साधान प्राप्त गराउन सकिरहेको छैन । त्यसको निमित्त किसान महासंघले प्रत्येक पटक सरकारसित आवाज उठाई रहेको छ ।

किसान भन्नाले कृषि उत्पादन गर्ने वर्गलाई किसान भनिन्छ । वास्तवमा खास किसानहरू उपादन त गर्छन् । आफ्नो उत्पादनको मूल्य आफै निर्धारण गर्न पाउँदैनन् । त्यो एउटा जटिल समस्या रहेको छ । किसानहरूको उत्पादन साहु महाजन र धनीमानीको मूल्यमा दिनु पर्छ । श्रम र लगानीको कुनै पनि मूल्य पाउँदैनन् । किसानले उत्पादन गरेका तरकारी फलफूल लगायत कृषि उपजरु सहकारी वा कुनै सञ्जाल मार्फत यथोचित मूल्य पाउने गरी बिक्री वितरणको व्यवस्थापन गर्न जरुरी छ । अनि मात्र किसानमा उत्साह पैदा हुन्छ ।

स्थानीय तहमा नीति बनायौं तर कृषिको तहमा योजना बनाउने त्यस्तो खालको जनशक्ति छैन । त्यसकारण हरेक तहमा कृषिमा कति वजेट, कुन प्रकारको योजना बनाउने भन्ने विषयमा धेरै ठाउँमा अलमल परेको अवस्था छ । त्यसकारण कृषि उत्पादनको लागि आवश्यक वजेट संघ र प्रदेशले स्थानीय तहको वजेट निस्चित लगानी गर्नुपर्छ भनेर प्रत्येक स्थानीय तहमा कार्यान्वय गर्ने नीति बनाई दिनुपर्छ ।

कृष्ण पौडेल कृषि विज्ञ, दिवसको रुपमा कुरा गर्नु पाउँदा अत्यन्त खुशी लागेको छ । तर यस्तो दिवसमा मात्र किसानको कुरा गर्ने, वास्तविक पाटोमा जान नसकेको कुरा स्वीकार गर्न सकेको छैन । अहिलेको परिवेशमा नेपाल कम्युनिष्ट पार्टीको सरकार किसानको निमित हामी सबै कुरा गर्छौं भनेर पनि कार्यन्वयनमा गर्न सकेका छैनन् । पोलिसी राम्रा हुन्छन्, नीति बन्छन् । कार्यन्वयनमा जाँदैन । कार्यन्वयन जानेबेला फेरी बीचमा विचौलिया र झोले किसानले बीचमा वास्तविक किसानको अनुदान खाइदिन्छन् । तिनलाई कारवाही पनि हुन्नन् । ती समग्र मुद्दा हामीले देखेका छौं । स्थानीय तहमा कुरा गर्दा हामीले त बाटो बनाउने, स्कुल बनाउने हो, कृषिको लागि हामीसँग वजेट पनि छैन, मान्छे पनि छैन भनिदिन्छन् । आफै भन्नुहोस हाम्रो कृषिको विकास कसरी हुन सक्छ ? अहिले स्थानीय तह र नगरपालिकाले यतिजना किसान यो काम गर्न चाहन्छन् । कृषिको योजनामा यो काम गर्न कृषकहरू पनि चाहन्छन् भनेर अहिलेसम्म देख्न पाइएन । खाली ठूला-ठूला कुराहरु आए । गहिरिएर किसानको प्लान आउन सकेन । त्यसकारण किसानको प्लान होलिस्टिक रुपमा ल्याउन सकिएन । बजारीकरण विविधीकरण गरी टोल बनाएर तिनीहरूलाई व्यवस्थित ढंगले प्राविधिक शिक्षा, जल, मल, बीउ-विजन, विजुली-पानी आदि फल्ने ठाउँमा कृषिको टिम यसरी भएका छन् भनेर देखाउने ठाउँ दिनुहोस् जसले गर्दा हामीले सिक्न सक्छौं । किसानलाई रिप्लिकेशन गर्न सक्छौं । मात्रै दिवस मनाउने काम भइदियो । त्यसैमा मेरो आपत्ती हो । संसारमा हामीले पनि दिवस मनायौं भनेर देखाउन सक्छौं । तर वास्तविक किसानमा जानसकेका छैनौं । यो तितो यथार्थलाई आत्मसाथ गरेर योजना ल्याएपनि कार्यन्वयन गर्न सक्दैनौं । आज बोल्ने मानिसहरू धेरै किसान छैनन् होला । म पनि कृषि फरेष्ट्री हुँ । रुरल डिभपमेन्ट र कृषिमा काम गर्छौं । म काठमाडौमा बसेर कुरा गर्छौं काठमाडौमा बसेर कुरा गर्‍यौं भने गाउँमा केही भेटिदैन । नगर र गाउँपालिकामा न कृषि ज्ञान केन्द्र छ । सुन्दा कहाँ जाने किसानहरु किसानहरूलाई भुलाउन काम मात्र नगरियोस् । एउटा ठोस कार्यक्रम ल्याइयोस् भन्न चाहान्छु ।

दयालक्ष्मी : श्रेष्ठ

नीतिगत कुराहरूमा वास्तविक किसानले महशुस गर्ने कार्यक्रम कार्यन्वयन हुन सकेको छैन । हामी किसानै बीचमा कार्यक्रम गर्दा पनि स्थानीय तह, प्रदेश सरकारबाट पनि धेरै कायक्रमहरु आएका छन् । हामीले किसानहरूको सवालबाट माग सम्वोधन गरिनु पर्छ भनेर ती जनप्रतिनिधीहरूलाई धेरै पटक आग्रह गर्‍यौं । जसले किसानको कार्यक्रम गर्नु पर्दछ भनेर किसानको सवाल बोकेर जाँदा ती कुराहरु टार्नु पर्ने प्रक्रियामा लाने प्रवृति बढी भएको छ । त्यसकारण यो किसानको सवालमा संघीय सरकार र प्रदेश सरकारले किसानको सवालमा खाद्य सम्प्रभुत्ताको सवालमा विचार गम्भीर बन्नु पर्छ ।

देशभरी हामीसँग ७५३ वटा स्थानीय तह छन् । यस्ता खालको कार्यक्रमहरूमा विभिन्न खालको संकट भोगीरहेका छौं । सिन्धुपाल्चोक जिल्ला एकदम संकटको घडीमा गुज्री रहेको छ । २०७१ सालदेखिनै नियमित रुपमा प्राकृतिक विपद् आईपरेको छ । किसान स्तरमा तत्काल खाद्यान्न आपूर्ति गर्नु पर्ने अवस्था रहन्छ । संकटकारी घडीको अवस्थामा खाद्यान्न संकटबाट नागरिकहरूलाई सुरक्षित बनाउनका लागि पहिलो कुरा प्रत्येक स्थानीय तहमा स्थानीय निकायले सामुदायिक खाद्य बैंक स्थापना गरियो भने खाद्यान्न संकटको थोरै भएपनि समाधान गर्न सकिन्छ । साना किसानहरूबाट उत्पादन भएका र कसै-कसैले सहयोग गरेका अथवा खाद्य बैंक मार्फत संकटको बेलामा खाद्य सुरक्षाको ग्यारेन्टी गर्न सकिने भएकोले यी विषय कहीँ न कही समावेश हुनुपर्छ ।

शिवहरी खनाल : वास्तवमै किसान जो दोस्रो दर्जाको नागरिकको अवस्थामा रहेका अनुभूत गराउँछ । किसानहरूको समस्या समाधनको लागि राष्ट्रिय किसान सञ्जालको तर्फबाट जसरी हामी लागि रहेका छौं । यसको निरन्तरताले पक्कै पनि किसानहरूको अधिकार सुरक्षित, खाद्य सम्प्रभुक्ता र खाद्य सुरक्षाको अधिकारहरु स्थापित भएर छाड्नेछन् ।

कोभिड-१९ ले सबै किसानहरूलाई पीडा त दिएको छ नै । मल, बीउ, विजन, फलफूल तरकारी उत्पादकहरुले एक जिल्लाबाट अर्को जिल्लामा पुर्‍याउँदा कुहिनाले ठूलो नोक्सानीहरू वेहोर्नु परेको छ । नोक्सानमा भएका किसानहरूको पक्षबाट उहाँहरुले क्षतिपूर्ति पाउनु पर्छ भन्ने कुरा उठाएका छौं । मानिसमा कोभिडकै कारण संक्रमण हुनसक्ने जोखिम अवस्थामा विभिन्न विमा कम्पनीहरूले विमाको व्यवस्था गरेका छन् । किसानहरूलाई पनि कोभिडको विमाको व्यवस्था गर्ने, संस्थागत वा संगठित रुपमा कसरी जाने यो कुराहरू उठाउनु पर्छ । किनभने विमाको व्यापकता देखिएको छ । त्यसमा किसानहरूले अवसर पाउनु भएको छैन

**सुझावहरू :**

दिगो कृषि विकासको आधार

१. पहिलो कुरा अनिवार्य कृषि शिक्षाको रुपमा जोडिएर लग्यो भने दिगो कृषि विकास हुन सक्ने छन् ।

२. प्राविधिकहरूका पहुँच कृषि र कृषकहरूमा पुग्नु पर्छ ।

३. चक्लावन्दी, प्रविधिको प्रयोग, सहकारीकरण र बजारका समस्या समाधान हुने हो भने। कृषि पेशालाई दिगो बनाउन वैज्ञानिक अनुसन्धानको पाटो दरिलाये बनाउन ध्यान दिनुपर्छ।

हाम्रो देश डब्लुटिओको सदस्य राष्ट्र भएको कारण हाम्रा उत्पादन निर्यात अप्ठेरो, र आयत सहज हुँदै आएको छ। त्यसकारण हाम्रो देश डब्लु टिओबाट अलग्गिनु पर्छ। जसको कारण हाम्रा रैथाने वस्तुहरूको संरक्षण भएका छैनन्। यी वस्तुहरू बन्द गर्न आवाज उठाउनु पर्छ।

पुण्यप्रसाद पौडेल : मेरो भन्नु केही छैन, उत्पादित वस्तुको बजार व्यवस्था, जसले वस्तु उत्पादन गर्छ, जसले वस्तु बजारमा पुऱ्याउँछ। त्यसका आधारमा अनुदान पाउनु पर्छ। तैले गोठ बनाई भनेर अनुदान लिन उपयुक्त हुँदैन। राज्यले यस विषयलाई निर्णयक बनाउनु पर्छ। राज्यले उत्पादन गरेको वस्तु भण्डारण र बजारको व्यवस्था गर्नु पर्छ। राज्यको जिम्मा उत्पादन गर भन्ने हो। राज्यले लागत अनुसार बिक्री गर्न सक्यो स्वभाविक ढंगले किसानहरू आर्थिक रुपमा अगाडि बढ्न सक्छन्। यो विषय कहिल्यै उठ्दैन। अनुदान दिएन के भएन उ भएन केही चाहिएन, उत्पादन गरिएका वस्तु खरीद गरिदिनु पर्छ। उत्पादन गरिएको वस्तुको आधारमा किसानहरूले अनुदान पाउने योनै एउटा महत्वपूर्ण हुन्छ। बजारको व्यवस्थापन र मूल्य श्रृंखला निश्चित गरिदिने काम राज्यले गर्नु पर्छ। यी काम राज्यले गरिदियो भने स्वभाविक ढंगले किसानहरूका लागि "संरक्षित कृषि र सुरक्षित वचत"को नारा यथार्थमा परिणत हुन्छ। होइन भने अधिकार अधिकार भनेर अधिकारको केही अर्थ राख्दैन।

श्री नाथ नेपाल : हाम्रो देशमा २ तिहाईको सरकार छ। यो बेला किसान महासंघले कृषि क्रान्ति र वैज्ञानिक भूमि सुधारको कुरालाई जोड दिनुपर्छ। यो विषयलाई प्राथमिकताका साथ तिनै तहको सरकारले लागु गर्न बेला हो। हामी समाजवादी मोडलतिर जानै पर्छ। अहिले उद्धारवादी मोडलमा जाने कि समाजवादी मोडलमा जाने दोधारमा छौं। हामीले भूमि सुधार र कृषि क्रान्तिको कुरा लागु गर्नु पर्छ। त्यसका लागि लागु गराउन सरकारलाई दवाब दिनुपर्छ र हामीले आवश्यक ऐन नियममा कानूनहरू बनाउनका लागि तिनै तहको सरकारलाई घचघच्याउनु पर्छ।

अहिले कृषिमा लगानी छ, तर लगानी प्रयाप्त छैन्। लगानी बढाउनु पर्छ। झन् कोभिड-१९ को महामारीको बेला वेरोजगारीहरूका लागि स्वरोजगार सिर्जना गर्ने कृषि क्षेत्र नै महत्वपूर्ण क्षेत्र हो। कृषि आधुनिकीकरण गर्ने बेला पनि हो। त्यसो भएको हुनाले हामीले तिनै तहको सरकारलाई भौतिक पूर्वाधारमा मात्रै होइन, कृषिमा लगानी बढाउन लगाउनु पर्छ। आयआर्जन बढाउन कृषिमा आधुनिक प्रविधि सहितको लगानी लगाउन कुरामा जोड दिनुपर्छ। त्यसमा हाम्रो भूमिका त्यस दिशातिर लगाउनु पर्छ भन्ने लाग्छ। वहुराष्ट्रिय कम्पनीहरू जस्केलाबाट छिर्ने र देशलाई समाजवादी तिर होइन नवउदारवादतिर लान प्रयास विभिन्न हिसाबले भई राखेको छ। यो बेला हामीले सजकता अपनाउनु पर्छ। समाजवाद उन्मूख अर्थतन्त्र निमार्णको लागि मेरुदण्डका रुपमा रहेका कृषि क्षेत्रलाई त्यस दिशामा बढाउन जोड दिनुपर्छ। कृषि क्रान्तिलाई टेवा पुऱ्याउन खालको कृषि शिक्षा र वैज्ञानिकहरू उत्पादन गर्न अध्ययनमा जोडदिनु पर्छ।

कृषि कार्यक्रमहरू दिँदा कृषि सडक, सिँचाई मल, बीउ प्रविधि बजार जस्ता कुरा जोड दिँदै अगाडि बढ्नु पर्छ।

अखिल नेपाल किसान महासंघको केन्द्रीय सदस्य मायाँ केसीले नेपालमा मौलिक हकको रुपमा स्थापित खाद्य सम्प्रभुत्ता हो। नेपालमा राम्रो काम भयो भनेर दक्षिण एशियाले स्वागत गरेको विषय हो। खाद्य सम्प्रभुत्ताको भावनालाई राम्ररी नबुझेर ऐन र नियमावलीहरु बनि रहेको छ जस्तो लाग्छ।

सन् २००७ मा अफ्रिकाको मालीमा प्रथम खाद्य सम्प्रभुत्ताको सम्मेलनमा भाग लिँदा धेरै कुराहरू अध्ययन गर्न पाएका थियौं। ति कुरामा क्रान्तिकारी भूमी सुधारको कुराहरू अध्ययन गरेका थियौं। त्यतिखेरा क्रान्तिकारी भूमि सुधारका कुराहरूलाई नै पारित गरिएका थिए। यो पछि आएर नवउद्धारवाद वयस्क रुपमा फैलिदै गएपछि यसलाई बँग्याएर वैज्ञानिक भूमि सुधार भनियो। अहिले क्षतिपूर्तिकै अवस्थामा अवधारणा सहित वैज्ञानिक भूमि सुधार आएको छ। वास्तवमा जो किसानले पालन, पोषण, उत्पादन र भरण पोषण गर्छु भन्ने कुरामा किसानहरूले न्याय पाउने कुरामा कन्जुस्याई गरी खाद्य सम्प्रभुत्ताको मूल्य र मान्यतालाई बँग्याएर वैज्ञानिक भूमिसुधार भनेर ल्याइएको छ।

क्रान्तिकारी भूमिसुधार स्थापित भए वमोजिम नभएता पनि सामन्तवादी भूमि सुधारमा भन्दा वैज्ञानिक भूमि सुधारमा केही वैज्ञानिकता छ भन्ने छ। सरकारबाट आएको स्वास्थ उत्पादन, दिगो कृषि विकास, न्यायोचित वितरण प्रणाली र बजार व्यवस्थापनमा लोकतान्त्रिकरण महत्वपूर्ण विषय छ। बजार व्यवस्थापनमा ठेकेदारी प्रथा बढी रहेको अवस्था छ। जमीनमा भू-माफिया तन्त्रले खेलवाड गरेको अवस्था छ। यसले खाद्य सम्प्रुभत्तालाई दख्खल पुऱ्याउने निश्चित छ। जहाँसम्म खाद्य अधिकार भनेको परनिर्भर हो, खाद्य सम्प्रभुत्ता भनेको स्वतः स्फुर्त आत्मनिर्भर हो। खाद्य अधिकारको विकल्पको रुपमा आएको खाद्य सम्प्रभुत्ता अखिल नेपाल किसान महासंघको महत्वपूर्ण अंगको अंगीकार गर्दछ। हरेक राष्ट्रले खाद्य सम्प्रभुत्ता आत्मनिर्भर बन्ने अवस्थामा श्रमजीवि जनताले न्याय पाउने कुरा हो। यतिबेला क्रान्तिकारी भूमिसुधारको हकमा छैठौ बुँदामा क्रान्तिकारी भूमिसुधार उल्लेख भएको छ। तर नेकपाको दुई तिहाईको सरकारले खाद्य सम्प्रभुत्तालाई ध्यान नदिएको स्पष्ट हुन्छ। क्रान्तिकारी भूमिसुधारको कार्यन्वयन र प्राकृतिक स्रोत साधन माथि पहुँच र नियन्त्रण, खाद्य बजारको महत्वपूर्ण विषय छ। विश्वव्यापी रुपमा भोकमरीको अन्त्य यसले गर्छ भनेर खाद्य सम्प्रभुत्तामा भनिएको छ। तर वेवास्ता गरेर बजार व्यवस्थालाई कम्पनीकरण गरी ठेकेदारी प्रथामा धुमिल गरिएको छ। यो चाहीँ खाद्य सम्प्रभुत्ताको मर्म र भावना विपरित छ। दक्षिण एशियाले बजारीकरणको कुराहरु लोकतान्त्रिक प्रकृयालाई आत्मसाथ गरेको छ। यो खाद्य सम्प्रभुत्ताले बजारीकरणलाई कम्पनीकरण गरिएको छ। यसले खाद्य सम्प्रभुत्तालाई दख्खल पार्छ।

उत्पादन गर्ने, भरण पोषण गर्ने जो प्राण धान्नको निमित्त संसारभरका किसानहरू लागि परेको छ। अमेरिका जस्तो ठूला राष्ट्रहरुमा समेत स्थानीय बीउ नभइकन हाईब्रिड बन्न सक्दैन। हाईब्रिड नभइकन जिएमओ बन्दैन भन्ने कुरा त्यहाका महिला किसानहरूले आवाज उठाईरहेका छन्।

अझ महत्वपूर्ण विषय भनेको स्थानीय वीउ बचाउनका निमित्त जेष्ठ नागरिक र त्यहाँका आदिवासी महिला किसानहरूले बीउ बचाउ कार्यक्रमका रिपोर्ट दक्षिण दक्षिण अफ्रीकाको मालीमा भएको सम्मेलनमा प्रस्तुत प्रतिवेदनमा थिए। संसारमा अन्नबालीका बीउ बचाउको निमित्त महिला किसानहरु जोखिम मोलेर अग्रपंक्तीमा छन्। आफ्नो खुशी, सुख त्यागेर बीउ बचाउ अभियानमा छन्। संसारभरका किसानहरूले स्थानीय बीउ बचाउन सक्दैन भने खाद्य सम्प्रभुत्ता माथि न्याय हुन सक्दैनौं। खाद्य सम्प्रभुत्ता जस्ताको तस्तै लागु गर्नको निमित्त यसको नियमावाली सही सलामत हुनुपर्छ।

ामप्रसाद भुसाल : पञ्चायती काल, वहुदलीय काल र आजको लोकतान्त्रिक गणतन्त्रमा अलिकति पनि कृषि क्षेत्रमा भिन्नता आएको पाइएन। बाहिरबाट लोकतान्त्रिक देखिए पनि भित्रभित्र कुनै परिवर्तन भएको छैन। लोकतान्त्रिक गणतन्त्रमा त्यस्तो परिवर्तनको अभाव हुन सकेको छैन। खाद्य सम्प्रभुत्ताको हकको सुनिश्चितता गर्नको लागि ७ वटा बुँदाहरु राख्ने प्रयास जारी छ। कृषि भुमिको स्वामित्व, सिँचाई, मल, बिउ विजन, उत्पादन, उपभोग,

भण्डारीकरण र बजारीकरण यी कुराहरूको सुनिश्चितता भयो भने मात्र खाद्य सम्प्रभुत्ताको कुरा सुनिश्चिता हुनसक्छ । नेपालको परिप्रेक्षमा विश्लेषण गर्ने हो भने कृषिमा परिवर्तनको महशुस किसानहरूले गर्न पाएको छैन । हामीले धेरै फरक-फरक कुराहरु, राष्ट्रिय र अन्तर्राष्ट्रिय कुराहरु गऱ्यौं । तर नेपालको वस्तुगत अवस्थालाई हेर्दा २० प्रतिशत व्यक्तिहरूको हातमा ८० प्रतिशत उत्पादन गर्ने जमीन छ । ८० प्रतिशत जमीन जनताको हातमा छैन । २० प्रतिशत जमीन ८० प्रतिशत जनताले उपभोग गर्नु परेको अवस्था छ । यस्ता अवस्थामा खाद्य सम्प्रभुत्ताको हकको सुनिश्चितता कसरी हुन्छ ? यो चाहीँ गम्भीर र जटील प्रश्न पनि हो । वामपक्षीय किसानहरूको सरकार भएर पनि मल र बीउको लागि हाहाकार मच्चीरहेको अवस्था छ । बंगलादेशबाट सापतीको रुपमा ल्याउने भनिएको मल पनि ल्याउन सक्ने अवस्था छैन । भर्चुअल मिटीङ्गमा गरेको कुरा कुनै आचित्य छ जस्तो लाग्दैन आयोजक साथीहरूलाई तितो हुनसक्छ । सरकारमा रहेका किसान आयोगलाई पनि तितो लाग्न सक्छ । यथार्थ यही हो । हामीले वामपन्थी दर्शनको ज्ञाता मानिएका उच्च कोटीका कृषि मन्त्री पाएका छौं र पनि किसानले आफ्नो आस्तित्वको कसरी बचाउने भन्ने ठूलो समस्या देखा परेका छन् । अहिलेको समाजवाद उन्मुख शासकीय प्रणालीमा लिएर जाने शिवाय अरु विकल्प छैन । त्यसमा भूमिको वितरण, सामुहिक कृषि प्रणालीलाई सहकारीको नेतृत्वमा लिएर जाने कुरा कहीँ पनि देखिदैन । जति पनि रिपोर्टहरु पेश गरिए युएन र डव्लु एफको आधारमा आएका तथ्याङ्कहरु आए । नेपालमा कति खाद्यान्न आवश्यक पर्छ, कृषि मन्त्रालयबाट ३ वर्ष अघि प्रकाशित प्रतिवेदनमा कति खाद्यान्न उत्पादन हुन्छ भन्ने कुरा नै रेकर्डमा छैन । हाम्रो कृषि मन्त्रालयको योजना शाखाले के तथ्याङ्क दिन्छ र के काम गरिरहेको छ भन्ने सवालमा हेक्का राख्नु पर्ने जरुरी छ ।

हाम्रो देशमा कृषि उत्पादन हुन्छ, कति आवश्यक पर्छ र कति आयत् गर्नु पर्छ, कति निर्यात हुन्छ भन्ने बारे यस प्रतिवेदनमा उल्लेख छैन । किसान माग सम्वोधन हुनसकोस । किसान भनेको उपेक्षित निम्न वर्गको कुनै पनि सुझबुझ नभएको भन्ने खालको हामी नेपालीहरूको प्रसिप्सन छ । त्यसले कहिल्यै पनि यथार्थता जाहेर गर्न सक्दैन । तहिलेसम्म हामीले राम्रा कृषि कार्यक्रमहरुमा सही विचार दिन सक्दैन । अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य सीमा रिजालले खाद्य गोदाम, खाद्य बैंकको छिटो भन्दा छिटो व्यवस्थापन गर्नु पर्छ । हामी आफै आत्मनिर्भर बन्नु पर्छ भन्ने कुरा कोभिड-१९ को महामारीले सिकाएको छ । कोभिडको कारण बाँझो जग्गा उपभोगमा आएको छ । वैदेशिक रोजगारमा गएका युवाहरू कृषि व्यवसायमा आकर्षित भएका छन् ।

अखिल नेपाल किसान संघ ( अफ्फा)का अध्यक्ष भैरव रेग्मीले कार्यक्रममा कृषि मन्त्री सहभागी गराइएको भए राम्रो हुन्थ्यो । हामी जसरी हाम्रा मन्त्री कृषि उत्पादनमा लागेको व्यक्ति हुन् भनेर मेरा जानकारीमा छैन । त्यस्तो व्यक्तिले किसानको समस्या कसरी बुझ्लान र भन्ने मेरो अगाडि प्रश्न तेर्सिएको छ । विश्वका किसानहरूले खाद्य सम्प्रभुत्ताको अधिकार स्थापित गरे, नेपालमा पनि गणतन्त्र आएपछि खाद्य सम्प्रभुत्ता कायम गर्न पर्छ भनेर किसान सञ्जाल गठन भयो । अहिले किसान सञ्जाल अस्तित्वमा छ । खाद्य अधिकार खोसिन लाग्यो । तपाईहरूले महशुस गर्नु भएकी भएन हरेक अभियानमा अफ्फा पनिसँग हुनेछ र भविष्यमा पनि सँगै हुनेछ । तापनि गणतन्त्र स्थापनाका लागि निसर्त सामन्तवाद, विस्तारवाद र साम्राज्यवाद विरुद्ध संघर्ष गरेकै हो । तर आज विभिन्न वहानामा छिर्न लागेको छ । अहिले सरकारको कार्यविधिले जुन कामहरु गर्न थालेको छ त्यसले सम्झौता परस्त किसान आन्दोलनको कमजोर बनाउन खोजेको छ । यो संघर्ष किसान महासंघले कति गऱ्यो ? आन्तरिक रुपमा गऱ्यो होला, तर अरु किसानहरुलाई मुविलाइज गरेको देखिएन । हिजोको इतिहासको जिम्मेवारी किसान महासंघले लिने कि नलिने मेरो प्रश्न छ ? स्थानीय सरकारसँग केही पनि छैन । जोसित प्रविधि छैन, जनशक्ति छैन, अधिकार दिइयो भनिरहेको छ, जोसित व्यवहारिक ज्ञान छैन, जोसित प्राविधिक स्रोत साधानहरु छैन, हरि पराजुलीजीले पेश गर्नु भएको रिपोर्टमा स्पिरिटको समस्या छ, उजागार गर्नु सक्नु भएको छैन । त्यो स्पिरिटले किसानको समस्या र अधिकारलाई सुनिश्चित गर्न सक्छ ? कसरी किसानको सम्प्रभुत्तालाई अगाडि बढाउने ? जुन अधिकारको लागि प्रदेशमा जाने कि स्थानीय निकायमा अलमलमा परेको छ । बजारको कुनै कुरा छैन । हाम्रो कुरा मन्त्रीले सुन्दैन । कोभिड-१९ पछि किसानहरूले उत्पादनमा जसरी भाग लिएका छन् तर पनि उत्पादन बिग्रेका छन् । वितरण छैन, जनता भोकभोकै छन्, वेहालको स्थिति छ, वेहालको स्थितिको को जिम्मेवार हुने ? जिम्मेवार निश्चित रुपमा राज्यको सरकार हुन्छ । त्यसैले अधिकार खोसिन लागेको छ । अधिकार परिमार्जन गरेर लैजानु पर्छ । वहुराष्ट्रिय कम्पनीलाई हामी किसानहरु मिलेर छिर्न दिनु हुँदैन । किसानहरुलाई सशक्त रुपमा समेतेर लैजानु पर्छ ।

राष्ट्रिय भुमि अधिकार मञ्चका अध्यक्ष सरस्वती सुब्बाले ४० औं खाद्य दवसमा, कृषि भूमिको कुरा गर्दा स्थानीय सरकार लगायत जिम्मेवार छैन कि भनेर महशुस हुन थालेको छ ।

कोभिड हाम्रो लागि चुनौतीको साथै अवसर पनि बनेर आएको छ । खाद्य सम्प्रभुत्ताको कुरा गर्ने भनेर भूमिको व्यवस्थापन, पहिचान, किसानको वर्गिकरण, पुरुष सँग-सँगै महिला किसानहरूलाई किसान मान्ने कुरामा अगाडि बढेनौ भने त्यसको अर्थ हुँदैन । खाद्य सम्प्रभुत्ताको ऐन आउँछ, भोली नियमावाली पनि आउँछ तर खाद्य सम्प्रभुत्ता हामीले भनेको जस्तो महशुस गर्न सक्दैनौं । समस्याको पहिचान मात्र होइन समाधान कसरी गर्नसक्छ भन्ने कुरा प्रमुख हुनसक्छ । त्यसका लागि अखिल नेपाल किसान महासंघ जस्ता संघ-संगठनहरूले के-के भूमिका खेल्न सक्छन् भनेर जिम्मेवारी बाँडफाँड गर्नुपर्छ । स्थानीय सरकारको अगुवाईमा किसानहरुको समस्या समाधान गर्न जरुरी छ । किसानले कृषि उत्पादन गरे पनि बिक्री वितरण हुन सकेन । त्यसका लागि जिम्मेवार को हुने ? सरकार नागरिक समाज ? गरिब जनताको भोको पेट भर्ने हो भने एकखाले मानिस बसिखाने छ । जोसँग जमीन छ, एकखाले मानिस गरिखाने छ, जो सँग जमीन छैन । जमीन नभएका किसानहरुको हातमा जमीन पुऱ्याउन र जमीन भएको किसानहरु यदि खेती नगर्ने हो भने सम्मानका साथ सरकारलाई जमीन बुझाउने कि नबुझाउन कुरामा हामीले सहजीकरण गरेनौं भने कृषि आन्दोलन पछि पर्छ । दुई तिहाईको सरकार र तीनतहको सरकार छ, हामी जस्तो नागरिक समाज र संघ-संगठनहरुले गफ मात्र गर्ने कुरा हुन्छ ? कोभिडले के देखाएका छन् भने फूल रोप्ने गमलामा काउली रोपेनौं भने खाना पाउँदनौं । प्रदेशहरुले कृषिमा के-के गर्न सक्छन् योजना अगाडी ल्याएर आफ्नो ठाउँबाट जिम्मेवारी पूरा गरौं ।

अखिल नेपाल किसान महासंघ संयोजक हरि पराजुलीले छलफलमा र प्रचलनमा आएका भूमि बैंक छ अखिल नेपाल किसान महासंघ विरोध गर्छ । नयाँ किसिमको अवधारणा र सहमतिमा आएको भूमि बैंकबाट कुनै आपत विपद् मान्नु पर्दैन । किसानहरुलाई भूमिबाट वेदखल बनाउने र उनीहरुलाई सडक छाप बनाउने ढंगबाट आएका रिपोर्ट, कृषिलाई दुरुत्साहन गर्न ल्याइएको भूमि बैंक, त्यस्तो भूमि बैंकको हामी घोर विरोध गर्छौं । महासंघले शुरु देखिनै विरोध गर्दै पनि आएको छ ।

अखिल नेपाल किसान महासंघ लुम्विनी प्रदेश बुद्ध बस्नेतले हामी अझै पनि परम्परागत खेती किसानीमा रमाएका छन् । हाम्रा मूल उद्देश्य भनेको कृषिको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गरि मुनाफा लिने पनि हो । आय आर्जन गर्न पाउने कृषि निश्चित आधुनिकीकरण गर्ने र आधुनिकीकरण गरी कृषि

उत्पादन बढाउने । कृषि उत्पादन बढाउनका निमित्त भूमिविनाको कृषि हुँदैन भूमि र कृषिका वहस पैरवी गरिरहँदा कृषि भूमि भन्दा बाहिर भन्नु होला कसैले एक्वा कल्चर, एक्वापोनिक पनि चलेको छ । हाइड्रोपोनिक र एरोपोनिक पनि चलेको छ भन्ने होला । यी यी आधुनिक उत्पादन प्रणाली हुन् । यी समग्र कृषिका निमित्त उपयोगी हुँदैन । दुधदिने गाईपालन गर्न नत एरोपोनिकले काम गर्छ न त हाइड्रोपोनिकले काम गर्छ । समग्र कृषि भनेको भूमिभन्दा बाहिर रहेर परिकल्पना पनि गर्न सकिदैन । यसमा कुनै किसिमको वहस पैरवी गर्न सकिदैन । कृषि भन्नाले भूमि अनोन्याश्रित ढंगले जोडिएर आएको हुन्छ । भूमि भन्नाले कृषि नजोडिन सक्छ । तर कृषि भन्नाले भूमि जोडिन्छ । सैद्धान्तिक रुपमा यसरी नै बुझ्नु पर्छ । विश्व स्वास्थ्य संगठन र विश्व खाद्य कार्यक्रमसँग जोडिएका संघ-संस्थाहरू छन् । जसले स्वास्थ्य, भोकमरी र खाद्य असुरक्षा भए नभएको सूचना संकलन गर्ने त्यही मात्र हो । हामीले खाद्य सुरक्षाको अवस्था लेखाजोखा गर्न ७ वर्ष पहिले प्रा.डा केशव खड्काको संयोजकत्वमा २५ जिल्लाको अवस्थालाई विश्लेषण गरेका थियौं । त्यसबेला ३७ जिल्लामा खाद्य असुरक्षा छन् है भनेर निष्कर्ष निकालेका थियौं । अखिल नेपाल किसान महासंघको संगठनलाई ७५ वटै जिल्लामा विस्तार गर्न सके खाद्यको अवस्था के छ भनेर ७५३ वटै पालिकाहरुलाई सूचना दिन र लिन ल्याउन सकिन्थ्यो । पब्लिकहरुमा भोकमरी र खाद्य असुरक्षा भएको सूचना संकलन गर्ने अहिले त्यही मात्र हो ।

त्येतिबेला हामीले सिडिओ, एलडिओ, सामाजिक संघ-संस्था, किसान संघ-संस्थाहरुसँग बसेर खाद्य सुरक्षाको अवस्था के कस्तो छ भन्ने बारेमा छलफल गरेका थियौं । त्यसबेला हाम्रो फाइण्डिङ्ग थियो ३७ जिल्लाका जनताहरु खाद्य असुरक्षामा छन् भनेर रिपोर्टमा निष्कर्ष निकालेका थियौं । ७५३ पालिकामा कुन वस्तु अधिक उत्पादन हुन्छ र कुन वस्तु कम हुन्छ निकट भविष्यमा जनसंख्यालाई पोषणयुक्त खाद्य प्राप्त भएको छ कि छैन भनेर विश्लेषण गर्न सकिएला । कोभिड महामारीको कारण हाम्रा कामहरु कमजोर भएका छन् ।

कोभिडको कारण धेरै भन्दा धेरै किसानहरु अब बैंकबाट लिएको कर्जा तिर्न असमर्थ हुनेछन् । ऋण तिन नसकेर सुसाइड गर्नु पर्ने परिस्थिति आउन सक्छ । अहिले केही मान्त्रलयबाट सरकारले केही राहत दिन्छ कि भनेर पर्खी राख्नु भएको छ । धेरैभन्दा धेरै डेरी फार्महरु, लगभग ९० प्रतिशत दुग्ध डेरीहरूबाट ३ महिनाको अवधीमा १० प्रतिशत दुग्ध पनि बिक्री भएन । त्यस्तै पोल्ट्री क्षेत्रमा लागेका साना किसानहरु धरासायी भएका छन् । तरकारी खेती पेरिसेवल फ्रुट हो, तत्काल बजारमा लगेर बिक्री गर्ने र त्यसैबाट अन्य दैनिक आवश्यकता परिपूर्ति गर्नुपर्ने हुन्छ । यो अवस्थामा कोभिड-१९ को कारण २०७६ साल चैत्र ११ गतेदेखि भएको लकडाउन एक प्रकारको भयावह मानसिक त्रास कारण बनेको छ । त्यो बेला ठूलो नोक्सानी भएको छ । ३ महिनाको अवधीमा दुग्ध, तरकारी, फलफूल, साना पोल्ट्री समान्यतया हेर्दा १ अर्ब ४७ करोड रुपैयाँ नोक्सान भएको थियो । महासंघले किसान त्यसको भरपाई गर्नु पर्छ भनेर कृषि मन्त्रालयमा प्रतिवेदन बुझाएका थियौं । अनुदानको व्यवस्था गरियोस् र ति किसानहरुलाई धेरै होइन ५० प्रतिशत मात्र अनुदान दिइयोस् भनेर ज्ञापन पत्र समेत बुझाएका थियौं । ५० प्रतिशत किसान आफैले नोक्सानी वेहोर्छ कमसेकम राहत हुन्छ भन्ने हो । जसको निमित्त भरपाई एउटा माध्यम हुनसक्छ भनेर प्रयास गरेका थियौं । नतिजा आउन बाँकी छ ।

खाद्य सम्प्रभुत्ता सम्बन्धी विषयवस्तुहरू लाभिया क्याम्पासिनाको वेबसाइटमा गएर हेर्न पनि सकिन्छ ।

हाम्रो किसान महासंघ भनेको सरकारको राम्रो कामहरुमा सहयोग गर्ने हो । किसानका अधिकार हनन् हुन गएमा अग्रपंक्तिमा उभेर त्यसको विरोध गर्ने हो । तपाईहरुले त्यस्तो नसोच्नु होला, हामी त प्रतिपक्षहरुले भन्दा बडी कडा-कडा विरोध गरिसकेका छौं । हामी अधिकारवादी संगठन हो । हामीले किसानको सबभन्दा नेपालको किसानहरुको हित हेर्छौं ।

अखिल नेपाल किसान महासंघ सह-संयोजक तथा राष्ट्रिय किसान अध्यक्ष चित्रबहादुर श्रेष्ठले विश्व खाद्य दिवसलाई विश्व भोकमरी दिवस तथा आन्दोलनको रुपमा हेरेका छौं । "खाद्य सम्प्रभुत्ता कार्यन्वयनका आधार, स्वास्थ खाद्य र दिगो कृषि विकास र किसानको अधिकार" भन्ने मूल नाराका साथ यसलाई किसान आन्दोलनको महत्वपूर्ण पाटोसँग जोडेर खाद्य सम्प्रभुत्ताको पाटो भनेर विश्लेषण गरेका छौं । तपाईहरू सबै प्रति खाद्य सम्प्रभुत्ताको आन्दोलनमा जोडिनु भएकोमा महासंघ गर्व गर्दछ । किसान अधिकारको लागि आवाज उठाएर चाहे देशको जुनसुकै सरकार होस् ति विषय ख्याल नगरीकन समस्यालाई सम्बोधन गर्न । आज खुशीको कुरा के छ भने नेपालको संविधानले नै खाद्य सम्प्रभुत्तालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । नेपालको संविधान २०७२ को भाग ३ धारा ३६ ले सम्प्रभुत्तालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको छ ।

प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक छ । खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट बच्ने हकको साथै प्रत्येक नागरिकलाई कानून वमोजिम जिउने हक छ । यसको व्यवस्था नेपालका संविधान २०७२ ले गरेको छ । त्यसलाई मध्यनजर गर्दै खाद्य सम्प्रभुत्ता ऐन आएको छ र नियमावाली बन्न लागेको छ । राष्ट्रिय किसान आयोगमा मन्त्रालयबाट मागेको सुझावहरु ड्राफ्ट गरी पठाइसकेको छ ।

विश्व खाद्य कार्यक्रमको प्रतिवेदनमा ६९ करोड मानिसहरु भोकमरीको चपेटामा छन् भनेर तथ्याङ्कले देखाएका छन् । विश्वभरी भोकमरीको सूचीमा नेपाल ११७ औं देश मध्ये ७३ औं स्थानमा छ भनेर बोलीरहेको छ र नेपालको २८ लाख जनसंख्या खाद्य असुरक्षा छन् भन्ने तथ्याङ्कले बोलिरहेको छ । यसबाट के स्पष्ट हुन्छ भने हामी पनि एउटा खाद्य सुरक्षाको ठूलो संकटमा छौं भनेको हो । आज विश्वको सिंगो मानवजाति अत्यन्त संकटमा छ भन्ने तथ्याङ्कले देखाएको छ । त्यसैले सरकारमा बस्नेहरूले गम्भीरतापूर्वक सोच्नु जरुरी छ । हामीले विगतमा जुन ढंगले नियम ऐन कानूनहरू निर्माण गर्दै आएका छन् । अब यसलाई ढिलो नगरीकन कार्यन्वयनको दिशातिर अगाडि बढ्न जरुरी छ । अखिल नेपाल किसान महासंघ निरन्तर अगाडि बढ्दै नेतृत्व गरिरहेको छ । भावी दिनहरुमा यी मुद्दाहरु कार्यन्वयन गर्न गराउन नेपाल सरकारसँग जुनसकै परिस्थितिमा पनि अगाडि बढ्न तयार छ । राष्ट्रिय किसान आयोगले महासंघको एजेण्डाहरु गम्भीरतापूर्वक अगाडि बढाईरहेको छ ।


**कृषि जर्नल मासिकद्धारा जनहितको लागि समर्पित सूचना**

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं । अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू नखाऔं ।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नवसौं ।

**विचारी चाम्लिङ**
अध्यक्ष
मिर्गौला डाइलासिस् तथा प्रत्यारोपण समाज, काठमाडौं
मोवाइल नं :९८६९२४२०८७

# ४० औं विश्व खाद्य दिवस कार्यक्रम सम्पन्न
# महत्वपूर्ण सुझाव र विचारहरू प्रक्षेपण: विज्ञ




✍धनबहादुर मगर

काठमाडौं असोज २४ गते । 'हाम्रो पहल: दिगो कृषि, पोषिलो आहार' को मुलनाराका साथ यसपाली ४० औं विश्व खाद्य दिवस साताव्यापी रुपमा मनाउने भएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय अन्तर्गतको कृषि विभाग र सामाजिक संस्था कृषिको लागि खाद्य अभियानको सहकार्यमा आइतबारदेखि नेपालमा पनि विश्व खाद्य दिवस साताव्यापी मनाउने भएको छ ।

कृषि विभाग र अभियानले आज गरेको संयुक्त पत्रकार सम्मेलनमा खाद्य दिवस मनाउने बारेमा जानकारी गराएको छ । यस सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन कृषि सञ्चार र खाद्यका सवालको सेरोफेरोमा रहेर कृषिमा नयाँ सञ्चार प्रविधिको प्रयोग, कृषिमा आमसञ्चार माध्यमको भूमिका, रैथाने खाना, पर्यटन र पत्रकारिता लगायत खाद्य र खेतीका तत्कालिन सवालहरुमा प्रस्तुति र अन्तर्क्रिया हुने छन् ।

त्यसैगरी दोश्रो दिन कोभिड-१९, खाना र खेतीपाती विषयमा प्रस्तुति र अर्न्तक्रियाया सञ्चालन गरिनेछ भने तेश्रो दिन भूमी किसानको खाद्य अधिकार, शिक्षा र कृषि, चौथो दिन कर्णाली कृषिका मुद्दा बारे छलफल गरिनेछ । त्यसैगरी पाचौं दिन खाना र खेतीपाती: ग्रामीण महिला किसानको योगदान र जैविक विविधता, पोषण तथा रैथाने बालीहरूको विषयमा छलफल र अन्तर्क्रिया सञ्चालन गरिने आयोजक संस्थाले जनाएको छ ।

**४० औं विश्व खाद्य दिवस, तथा खाद्य सम्प्रभुत्ता विशेष**
**Specialize World Food Day and Food Soverneity.**

यसैबीच देशभरिबाट पाँच उत्कृष्ट किसानहरूलाई अवार्ड पनि प्रदान गरिने, कृषि विभागका सूचना अधिकारी महादेव पौडेलले जानकारी दिनुभयो । कार्यक्रमको सफलताको लागि सातै प्रदेशमा प्रचार प्रसार गरिएको पनि उहाँले बताउनुभयो । यसबीच अक्टोबर १६ मा रोजगार गुमाएका एवम् विपन्न परिवारहरूलाई खाना खुवाउने कार्यक्रम रहेको पनि उहाँले जानकारी दिनुभयो ।

पत्रकार सम्मेलनमा आफ्नो मन्तव्य राख्दै विभागका महानिर्देशक गोविन्द प्रसाद शर्माले आगामी दिनहरूमा यस किसिमको कार्यक्रमलाई देशव्यापी रुपमा सञ्चालन गरिनुपर्ने धारण व्यक्त गर्नुभयो ।

सन् २०१५ मा भएको संयुक्त राष्ट्र संघको दिगो विकास सम्मेलनमा १९३ राष्ट्रले आगामी १५ वर्षभित्र भोकमरी अन्त्य गर्न शुन्य भोक अभियान चलाउने प्रतिवद्धता व्यक्त गरिएको थियो । त्यसको दुई महिनापछि फ्रान्सको राजधानी पेरिसमा भेला भएका १९५ देशका उच्चस्तरीय प्रतिनिधिहरूले खाद्य सुरक्षा विश्वको मुख्य प्राथमिकता रहेको कुरा स्वीकार गरेको थियो । यसको मूल कारण जलवायु परिवर्तन भएकोले सन् २०३० सम्ममा यसलाई सम्वोधन गर्दै शून्य भोक बनाउन प्रतिवद्धता जनाएको थियो ।

त्यही पृष्ठभूमिमा यसपाली हाम्रो पहल: दिगो कृषि, पोषिलो आहार भन्ने नारा सहित मनाउन लागिएको यस वर्षको ४० औं विश्व खाद्य दिवस सान्दर्भिक र महत्वपूर्ण रहेको अभियानका अभियन्ता कल्पना कार्कीले बताउनु भयो ।

अहिले जनसाधारण स्वास्थ्य, खानेकुरा, आम्दानी र जीवनयापनका आधारभूत पक्षमा महामारी कोभिड-१९ ल्याएको समस्याहरूसँग जुधिरहेका छन् । यस किसिमको परिस्थितिको सामना गर्ने आधार तयार पार्नुपर्ने तत्काल र दीर्घकालीन आवश्यकता पनि हो । यसले आमरूपमा वातावरण अनुकूल, स्थानीय समुदायको खाद्य संस्कृतिमा आधारित शिक्षा र स्वास्थ्यका आधारभूत खर्च परिपूर्ति गर्न किसानको आम्दानी बढाउन सक्षम रोजगारीमूलक कृषि पद्धतिको जग बनाउनुको विकल्प छैन भन्ने कुरा पुन: पुष्टि भएको छ, उहाँले भन्नुभयो, "हामी खाद्यान्नका यिनै समसामयिक र ऐतिहासिक विविध पक्ष समेट्दै खाद्य साता मनाईरहेका छौं ।"

कार्यक्रमले स्वस्थ्य र पोषणयुक्त खानेकुरा खान पाउने नैसर्गिक अधिकारका लागि खाद्य, कृषि, भूमि लगायत जीवनयापनका प्राथमिक आधार तथा अन्य प्राकृतिक स्रोत माथि किसान समुदाय, खासगरी महिला, दलित, आदिवासी जनजाति र विपन्न समूहहरूको न्यायिक हक स्थापित गर्ने कुरा व्यक्त गर्नुभयो ।

**घनश्याम भुसाल :**
**कृषि तथा पशुपन्छी विकास मन्त्री**

काठमाडौं, असोज २५ गते । कृषि तथा पशुपंक्षी विकास मन्त्री घनश्याम भुसालले किसानको सुनिश्चित वचत नभएसम्म कृषिको दिगो विकास नहुने बताउनुभयो ।

कृषि मन्त्रालय अन्तरर्गतका कृषि विभाग र खाद्यका लागि कृषि अभियानले आइतवार संयुक्त रुपमा आयोजना गरेको ४० औं विश्व खाद्य दिवसको कार्यक्रममा मन्त्री भुसालले एउटा किसानको जिविकोपार्जन कृषिबाट नभएसम्म कृषिको दिगो विकास नहुने बताउनुभयो ।

"बचतको अर्थ किसानलाई धेरै फाइदा दिनुपर्छ भनेको होइन तर उसको जीवनधान्न सक्ने हुनुपर्छ," मन्त्री भुसालले भन्नुभयो, "कृषिले उसको जीवन धानेन भने उसले कृषि पेशा छोड्छ र अन्यत्र मोडिन्छ। यसले कृषि पेशा सुनिश्चित हुँदैन।" खाद्य दिवस मनाइरहँदा विश्वका अर्बौ मानिसहरू किन खाद्य संकटको वरिपरि रहेका छन् भन्ने कुरा विर्सन नहुने मन्त्री भुसालले बताउनुभयो। दिगो कृषि प्रणाली अपनाउन किसानको वचत सुनिश्चित गर्ने गरी मन्त्रालयको काम गरिरहेको उहाँको भनाई छ। "हामीले किसानको तथ्याङ्क लिने, कृषि नीति, ऐन, नियमावली बनाउँदै छौं, यो पक्कै पनि किसानको हितमा हुनेछ भन्ने छ," उहाँले भन्नुभयो। उहाँले कृषिलाई ४० वर्षको अवधिमा धेरै मेहनतको साथ विगारेको बताउँदै विदेशीबाट प्राप्त सहयोगले गर्दा कृषिमा आफ्नोपना नदेखिएको बताउनुभयो। कृषिमा ३० वर्षसम्म विदेशीहरुको सहयोग रह्यो, जसमा विदेशका थुप्रै नीति र योजनाहरू लागु भयो जो कहीं राम्रो पनि गरेको छ कहिँ त्यति राम्रो गरेको छैन, उहाँले भन्नुभयो, कृषिलाई आफ्नो इतिहास, परम्परा र सँस्कृति अनुसार कृषिलाई दिगो बनाउनुपर्छ।"

कृषकले बाटोमा दुध किन फ्याल्छन्, किन टमाटर फ्याल्छन् यो गहिरो अध्ययनको विषय रहेको बताउँदै उहाँले अङ्क वृद्धि तथा नाफा कमाउने सोचले मान्छेको अवमूल्यन हुन थालेको बताउनुभयो। मान्छेले नाफा कमाउन मात्र सोच्छन्, वृद्धिका लागि मात्र सोच्छन् जसले गर्दा मान्छेको अवमूल्यन भएको उहाँले बताउनुभयो।

कृषिलाई बचाई राख्न चुनौती रहेको बताउनुभयो। आत्मनिर्भर हुने तरिकाले कृषि प्रणालीको विकास गरी यसमा रोजगारी सिर्जना गर्नुपर्ने बताउँदै उहाँले रैथाने बालीलाई प्रवर्द्धन गरी पोषिलो खानेकुराको उत्पादन बढाउँदै लैजानु पर्ने बताउनुभयो। सप्ताहव्यापी रूपमा मनाइने ४० औं विश्व खाद्य दिवस कार्यक्रम आजबाट शुरू भएको छ। यस वर्षको नारा "हाम्रो पहल, दिगो कृषि, पोषिलो आहार" रहेको छ।

कृषि विभागका महानिर्देशक डा.गोविन्द शर्माको अध्यक्षतामा भएको कार्यक्रममा कृषि मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले अब खाद्य स्वच्छता मात्र होइन पोषिलो खानामा पनि जोडदिनुपर्ने बताउनुभयो। अब खाद्यान्न उत्पादनमा मात्र जोड नदिएर पोषिलो खाद्यान्नको उत्पादन कसरी हुन्छ त्यस कुरामा पनि ध्यान दिनुपर्ने कुरा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, जसलाई हामी खाद्यान्न दिन्छौ त्यो स्वच्छ र पोषिलो हुनुपर्छ अनि मात्र दिगो कृषि सफल हुन्छ।' कृषिमा दिगो विकासका लागि किसानको वचत सुनिश्चित हुनुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो।

कोरोनाका कारण कृषिलाई हेर्ने दृष्टिकोणमा फरक परेको बताउनुभयो। कोरोनाका कारण कृषि उत्पादनमा कमी आउने बताउँदै उहाँले यसलाई अवसरको रुपमा लिनुपर्ने बताउनुभयो। खाद्य सुरक्षाका लागि रसायनिक मल, विषादीलाई नियन्त्रण गर्नुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो। उहाँले कोरोनाले गर्दा कृषि क्षेत्रमा निकै प्रभाव पारेको छ तर यसलाई कृषि विकासका लागि अवसरको रुपमा पनि लिनुपर्ने बताउनुभयो।

कार्यक्रममा कृषि अभियन्ता सोनाम साथी, राष्ट्रिय भुमि अधिकार मञ्चका सरस्वती सुव्वा लगायतले आ-आफ्नो धारणा राखेका थिए।

**४० औं विश्व खाद्य दिवस, तथा खाद्य सम्प्रभुत्ता विशेष**
**Specialize World Food Day and Food Soverneity.**



यो दिवस विभिन्न कार्यक्रम गरी ३० गतेसम्म मनाइने छ।

**सञ्चारमाध्यमा कृषि समाचारको वृद्धि हुँदै**

काठमाडौं, असोज २५ गते। सञ्चार माध्यममा कृषिका समाचारको स्थान बढाउँदै लैजानु पर्ने सरोकारवालाहरूले बताएका छन्। ४० औं विश्व खाद्य दिवसको अवसरमा शनिवार आयोजना गरिएको कृषि सञ्चार र खाद्य सवाल कार्यक्रममा सरोकारवालाहरूले सो कुरा बताएका हुन्।

कृषि विभाग र खाद्यका लागि कृषि अभियानले शनिवार आयोजना गरेको तथा एशोसिएशन अफ नेपाली एग्रिकल्चर जर्नालिस्ट (अनाज) ले संयोजन गरेको कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले कृषिमा पत्रकारहरूको आकर्षण बढाउनुपर्ने कुरामा जोड दिएका थिए। पहिलेको तुलनामा सञ्चार माध्यममा अहिले कृषिलाई स्थान दिन थालेको वरिष्ठ पत्रकार गजेन्द्र बुढाथोकीले बताउनु भएको छ।

उहाँले भन्नुभयो, "पहिले पहिले कृषिका विषय त्यति उठ्दैन थिए, अहिले उठ्न थालेका छन्।" उहाँका अनुसार २०१५ मा गोरखापत्रको सप्लिमेन्ट आर्थिक नेपाल म्यागजिनले पहिलो पटक कृषिको विषयलाई उठाएको थियो।' २०२२ सालमा रेडियोले कृषिलाई प्राथमिकता दिएपछि कृषि पत्रकारिताको आधारभूत स्तम्भ तयार भएको बताउँदै उहाँले २०४८ सालमा नेपाल टेलिभिजनले पनि स्लट नै छुट्याएर कृषि कार्यक्रमलाई ठाउँ दिएको बताउनुभयो।

निजी क्षेत्रका अखबारहरू आएपछि भने कृषिले राम्रो स्थान पाउन थालेको उहाँले बताउनुभयो। "त्यतिखेर एउटा पत्रिकामा व्यवसायिक केरा खेतीको बारेमा समाचार आएको थियो त्यसपछि मान्छेलाई केरा खेती गर्ने कुरा पनि समाचार बन्दो रहेछ भन्ने लागेको थियो," उहाँले आफ्नो अनुभव सुनाउनु भयो। पत्रकारहरूले परम्परागत सूचना स्रोतमा नलागि नवीन स्रोतको खोजी गरी समाचार लेख्न उहाँले आग्रह गर्नुभयो।

मन्त्रालयलको तथ्याङ्कको मात्र समाचार नलेखी अहिले युवाहरूले गरेको कृषि प्रणालीको विषयमा समाचार लेख्नु पर्ने सुझाव दिँदै उहाँले पछिल्लो समय सञ्चारमाध्यमले कृषिलाई दिएको स्थान बढाउँदै लैजानु पर्ने धारणा राख्नुभयो। हलो खबरका सञ्चालक मनोज श्रेष्ठले अहिले कृषकहरू प्रविधि मैत्री बनेको बताउनुभयो। "पहिले जस्तो किसानलाई मल कहाँ किन्ने, बीउ कहाँ पाइन्छ भन्ने चिन्ता छैन। किसानहरू आफैले पेज बनाएका छन्, त्यहाँ आफूलाई चाहेको सामान बारे सोध्छन्। र त्यहीबाट बजार पनि लिएका छन्," उहाँले भन्नुभयो।

समुदायको वर्गीकरण नै खानेकुराबाट भएकोले रैथाने बाली जोगाइराख्नु अहिलेको आवश्यकता भएको रैथाने बाली विज्ञ केदार शर्माले बताउनुभयो। पूर्वदेखी पश्चिमसम्म पाइने रैथाने बालीका विषयमा सञ्चारमाध्यममा स्थान दिन उहाँले आग्रह गर्नुभयो। "हाम्रोमा ठाउँ पिच्छे

खानेकुरामा विविधता छ, यसको प्रचार प्रसारमा मिडियाको पनि भूमिका हुन्छ," उहाँले भन्नुभयो अहिलेको कृषिको निकायलाई नवीनता दिनुपर्ने कृषि विज्ञ कृष्ण पौडेलले बताउनुभयो । "कृषि प्रसार, कृषि विश्व विद्यालय अहिले काम लगाग्ने भएका छन्, यसलाई नवीनता दिनुपर्छ," उहाँले भन्नुभयो "कृषि पढेका विद्यार्थीको कृषिमा भन्दा पनि जागिर खानमा बढी ध्यान गएको छ, त्यसैले कृषि विश्व विद्यालयको कुनै काम छैन ।

**ऐन पुनरावलोकन गर्न माग**

काठमाडौं, २६ असोज पूर्व कृषि मन्त्री हरिपराजुलीले विद्यमान खाद्य अधिकार, खाद्य सम्प्रभुत्ता र खाद्य सुरक्षाका लागि नीतिगत सुधारविद्यमान खाद्य अधिकार र खाद्य सम्प्रभुत्ता ऐन संविधानको मर्मविपरित रहेको दाबी गर्नुभयो । तर राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज वस्नेतले भने ऐन नेपाली किसानको हितमा रहेको जिकिर गर्नुभयो । अन्तराष्टिय गैर सरकारी संस्थाकी प्रतिनिधि सीमा लुइटेलले विद्यमान ऐनले सबै जिम्मेवारी स्थानीय तहलाई पन्छाउन खोजेको भन्दै कार्यान्वयनमा आशंका गर्नुभयो । कार्यक्रममा वागमति प्रदेशको नीति तथा योजना आयोगका कार्यवाहक उपाध्यक्ष श्याम वस्नेत,कृषि विज्ञ डा कृष्ण पौडेल, प्रदेश संसदीय समितिकी सभापति रमा आले मगर, फियान इन्टरनेशनलका अध्यक्ष डा सर्वराज खड्कालगायतले पनि खाद्य अधिकार र खाद्य सम्प्रभुत्ता विषयमा वोल्नुभएको थियो ।

**प्राथमिक तहदेखि कृषि शिक्षामा जोड नदिए आत्मनिर्भर बन्न असम्भव**

काठमाडौं, असोज २७ गते । नेपालको कृषि अनुसारको शिक्षा पद्धतिमा जोड दिनुपर्ने सरोकारवालाहरूले बताएका छन् ।

४०औं विश्व खाद्य दिवसको अवसरमा खाद्यका लागि कृषि अभियानलगायत सरोकारवाला संस्थाद्धारा मंगलबार आयोजित "शिक्षा एवम् खाद्य र कृषि" छलफल कार्यक्रममा यस्तो बताएका हुन् ।

कार्यक्रममा बालबालिकालाई विद्यालयस्तर देखिनै खाद्य शिक्षाबारे सिकाउनु पर्ने जनज्योति माध्यामिक विद्यालय, सुर्खेतका प्रधानाध्यापक नारायण सिग्देलले बताउनुभयो ।

स्कुलले विद्यार्थीले खाने खाजा र खाना कहाँबाट आउँछ भनेर देखाउन स्कूल हाताभित्रै मौसमअनुसारको मकै, गहुँ, धान लगाउनुको साथै विभिन्न पशुपंक्षी समेत पालेको बताउनुभयो ।

उहाँका अनुसार लकडाउनमै पनि स्कूलका विद्यार्थीले स्कूलभित्र कुखुरा पाल्ने तथा अन्य खेतीपाति गर्ने गरेका छन् । विद्यार्थीलाई गाईवस्तुको मलमुत्रबाट कसरी अर्ग्यानिक खाद्यान्न उत्पादन सकिन्छ भन्ने कुरा पनि विद्यालयस्तरबाटै सिकाइने गरेको उहाँले बताउनुभयो ।

"विद्यार्थीलाई कृषि डायरी दिएर आफूले हरेक दिन खाएको खाद्यान्नको सूची बनाउन लगाउँछौं । उहाँले भन्नुभयो, र यो कहाँबाट आएको हो ? यो कसरी बनाउने भनेर विद्यार्थीलाई होमवर्क दिन्छौं ।"

"यसले विद्यार्थीलाई हामीले खाने हरेक वस्तु कहाँबाट उत्पादन भएको, कसरी पकाउने भन्ने बारे ज्ञान दिने गरेका छौं", उहाँले थप्नुभया, विद्यार्थीको आवश्यकताको आधारमा भन्दा पनि राज्यलाई कस्तो जनशक्ति चाहिने हो त्यो अनुरूपको शिक्षा दिनु पर्ने पाठ्यक्रम विकास केन्द्रका प्राविधिक पाठ्यक्रम विज्ञ खिलनाथ धमलाले बताउनुभयो ।

"अहिले विद्यार्थीको रोजाईमा शिक्षा दिने होइन, कस्तो जनशक्ति आवश्यकता पर्छ त्यो अनुसारको शिक्षा दिनुपर्छ," उहाँले भन्नुभयो । कृषि पढाउने विश्व विद्यालयले बोर्डबाट नभई माटोबाट कृषि पढाइनु पर्ने उहाँको धारणा थियो ।

नेपाललाई कृषिमा आत्मनिर्भर बनाउने हो भने विद्यालय तहदेखि नै कृषि शिक्षा पढाउने र रोजगारको अवसर दिनुपर्ने उहाँले बताउनुभयो ।

"विद्यार्थीले उत्पादन गरेको सामान स्थानीय सरकारले लिने ठाउँ र अवस्था अनुसार प्रक्षेपण गरी आवश्यकता अनुसार शिक्षा दिने गरेमात्र कृषिमा आत्मनिर्भर हुन सकिन्छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार अहिले विद्यालय तहमा ८१ लाख, उच्च शिक्षामा ४ लाख ८६ हजार पढ्छन् । कक्षा कृषि पढ्ने १० मा दुईहजार ५६९ र खाद्य विज्ञान पढ्ने ४७ जना छन् ।

त्यस्तै, कक्षा १२ मा ११ जना, प्राविधिक क्षेत्रमा पशु र बालि विज्ञान पढ्ने करिब ४ हजार ३९ जना रहेछन् । उच्च शिक्षामा बालि विज्ञान पढ्ने ९४५ जना र पशु विज्ञानमा ३५३ रहेका छन् ।

"सबै तहमा गरेर ८६ लाख विद्यार्थी अध्ययन गरिरहेका छन् । तीमध्येले कति उत्पादन गर्छन् त कृषिमा, हरेकले १ किलो मात्र तरकारी उत्पादन गरेपनि ८६ लाख किलो तरकारी उत्पादन हुन्छ," उहाँले भन्नुभयो ।

तुरून्त उत्पादन दिने शिक्षा पढ्ने विद्यार्थी थोरै र तुरून्तै उत्पादन नदिने शिक्षा पढ्ने विद्यार्थी धेरै भएकाले कृषिको विकास हुन नसकेको उहाँले बताउनुभयो ।

कृषि शिक्षा पढ्ने विद्यार्थीलाई पर्याप्त मात्रामा छात्रवृद्धि दिन पर्ने, सुविधा सम्पन्न बनाउने, हरेक स्कूलले नमूना करेसाबारी, फलफल खेती, फुलबारी आदि जस्ता के लगाउन अनुकुल हुन्छ त्यो लगाउन दिनु पर्ने उहाँको धारणा थियो ।

उहाँका अनुसार अहिले राष्ट्रिय पाठ्क्रम २०७६ ले कक्षा ९ र १० को दोस्रो पत्रमा कृषि वागवानी, पुष्प खेती, रेशम खेती, मौरी पालन, पशु पालन, तरकारी खेती, माछा पालन, पंक्षी पालन, जडिबुटी खेती र खाद्य र विज्ञान राखेको छ । यसमा विद्यार्थीले छानेर पढ्न सक्छन् ।

त्यस्तै, कक्षा ११ मा पहिलो पत्रमा बालि विज्ञान, दोस्रो पत्रमा वागवानी, खाद्य र पोषण, तेस्रो पत्रमा पशुपालन, पंक्षी पालन र माछा पालन राखिएको छ ।

प्रकृतिलाई चिन्नको लागि, बुझ्नको लागि अध्यात्मिक शिक्षाको आवश्यकता रहेको मधेशका नागरिक समाजका अगुवा तथा स्तम्भकार चन्द्र किशोरले बताउनुभयो ।

उहाँका अनुसार अध्यात्मिक शिक्षाले तत्कालिनतामा जाने की दीर्घकालिनतामा जाने भनेर बाटो तय गर्न सिकाउँछ । तत्कालिनता भनेको दोमन गर्ने तत्काल लाभ हुने क्षणलाई अध्यात्म हो । तत्कालिनताले समाज, समाजभन्दा पनि व्यक्तिलाई बुझाउँछ ।

त्यस्तै, दीर्घकालिनताले मौलिकता, मानवता भन्ने कुरा देखाउँछ । समाज राष्ट्र र जगतलाई देखाउँछ । उत्पादन कसरी भइरहेको छ के उत्पादन भइरहेको छ त्यो उत्पादनको साध्य साधन पात्र प्रक्रिया र परिणाम हो भन्ने कुरा बुझाउँछ ।

"अध्यात्मले व्यक्तिगत भन्दा पनि प्रकृति समाज, समुदायलाई कसरी स्वास्थ बनाउने भन्ने कुरा सिकाउने भएकाले यसको महत्व छ," उहाँले भन्नुभयो ।

पछिल्लोसमय विभिन्न जनजातिको रैथाने परिकार हराउँदै गएको जनजातिको परिकारको विज्ञ सेफ प्रेम घिसिङले बताउनुभयो । सबैकुरा बाहिरका खाने प्रचलनले हाम्रो रैथाने बालीबाट हुने उत्पादनको परिकारको अध्ययन गर्नु आजको आवश्यकता रहेको उहाँको भनाई छ ।

"जन्मने बेलादेखि मर्ने बेलासम्म प्रयोग गर्नका लागि हरेक जातिको आ-आफ्नै बाली छ त्यसलाई हराउँन दिनहुँदैन, बाली हराउनु भनेको हाम्रो संस्कृति हराउनु हो," उहाँले भन्नुभयो । जीवनलाई सुखी राख्न खानको अत्यन्तै महत्व भएको डा. मुटुरोग विशेषज्ञ प्रकाशराज रेग्मीले बताउनुभयो ।

हरेक ३५ दिनमा छालाका कोशिका फेरिन्छन् । हामीले जे जस्तो खाना खायौं हाम्रो छाला पनि त्यस्तै हुने भएकाले स्वस्थ र सुन्दर खाना खानुपर्ने उहाँको भनाई छ ।

"शरीरको पहिलो डाक्टर भनेकै भान्से भएकाले भान्सेले गुणस्तर फाइवरयुक्त खाना बनाउनु पर्छ," उहाँले भन्नुभयो ।

खानालाई कसरी स्वस्थ्य बनाउन सकिन्छ । कस्तो नैतिक ज्ञानको आवश्यकता छ । त्यसलाई

समेटेर विद्यालयस्तरमै कृषि शिक्षा दिनुपर्ने उहाँको धारणा थियो ।

पुस्तक विमोचन

त्यस्तै कार्यक्रममा कृषि सचिव केदार भक्त माथेमाले ''नेपालमा कृषि शिक्षा एक विहङ्गावलोकनल'' नामक पुस्तक विमोचन गर्नुभयो ।

सो पुस्तकले नेपाललमा कृषिको शैक्षिक इतिहासबारे वर्णन गरिएको समीक्षकहरूले बताएका छन् ।

नेपालको कृषि शिक्षा व्यवहारिकमा भन्दा पनि सैद्धान्तिक शिक्षामा हस्तान्तरण हुँदै गएको, कृषिलाई अन्य शिक्षाको तुलनामा अपहेलना गरिएको, रोजगारीको प्रमाण पत्रको रूपमा कृषि शिक्षालाई हेरिएको अहिलेको अवस्थाबारे पुस्तकले बोलेको छ ।

**कोरोनाका कारण तराईका भूमिहीन किसान भोकमरीमा**

काठमाडौं, असोज २७ गते । खाद्य अधिकार र खाद्य सम्प्रभुत्ताका लागि सबैभन्दा पहिले भूमि अधिकारको सुनिश्चितता हुनुपर्ने विज्ञहरूले बताएका छन् ।

४० औं विश्व खाद्य दिवसको अवसरमा खाद्यका लागि कृषि अभियान लगायत सरोकारवाला विभिन्न २० वटा संस्थाद्धारा मंगलबार आयोजित भूमिहीन किसानको खाद्य अधिकार विषयक छलफल कार्यक्रममा उनीहरुले यस्तो बताएका हुन् ।

कृषि विज्ञ डा.यमुना घलेले स्थानीय खानालाई आयातित खानाले विस्थापित गर्दै गएकोले खाद्य सुरक्षा र खाद्य अधिकार खोसिदै गएको बताउनुभयो । आफनै देशमा पाइने चिनोलाई वेवास्ता गर्दै विदेशबाट ल्याएर खाने परिपाटीको विकास भएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । पछिल्लो समय खाना पनि राजनीति घुसाइएकोले पनि खाद्यान्नमा परनिर्भरता बढ्न गएको उहाँको भनाई छ ।

विपदको समयमा दाताहरुले सहयोगका नाममा हाइब्रीड भित्र्याएर आफ्नो व्यापार बढाउने र बीउमा समेत परनिर्भर बनाउने प्रवृत्ति देखिएको भन्दै यसतर्फ पनि सचेत हुनुपर्ने बताउनुभयो । कृषि र भूमि व्यवस्थालाई स्थानीयकरण गरेर कृषिका कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिका मार्फत सञ्चालन गरिनुपर्ने उहाँले सुझाव दिनुभयो ।

भूमिहीनताः मधेशमा भोकको स्थिति र विकल्प विषयक कार्यपत्र प्रस्तुत गर्दै भूमि अधिकारकर्मी अरुण सदाले भूमिहीनहरु संकटको बेला सबैभन्दा बढी समस्यामा पर्ने गरेको बताउनुभयो । कोरानाका कारण तराईका भूमिहीन किसान परिवार भोकमरीको चपेटामा परेको उहाँले बताउनुभयो । खासगरी मुसहर समुदायका महिला, बालबालिका र वृद्धावृद्धाहरु यस्तो समस्यामा रहेको उहाँको भनाई छ । महिलाहरूले ज्याला मजदुरी गरेर गुजारा चलाउने गरेकोमा उनीहरूले नियमित रुपमा मजदुरीको काम नपाउने र पाएपनि पुरुष मजदुरको तुलनामा कम पारिश्रमिक पाउने गरेको पनि उहाँले बताउनुभयो । भूमिहीनसँग परिचयपत्र पनि नहुने भएकोले राज्यबाट पाउने सेवा सुविधाबाट समेत बञ्चित रहनुपर्ने अवस्था रहेको उहाँको भनाई छ । यस्तो अवस्थामा कतिपयले घरेलु हिंसाको सामनाका साथै आत्म हत्यासमेत गर्न वाध्य हुने गरेको उहाँले बताउनुभयो । राष्ट्रिय भूमि अधिकार मञ्चकी अध्यक्ष सरस्वती सुब्वाले पछिल्लो समय नीतिगत रुपमा भूमि सुधारको विषय समाधान भएको भन्दै खाद्य अधिकार र खाद्य सुरक्षाका लागि स्थानीय तहको अगुवाइमा योजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो ।

खाना माथिको राजनीतिलाई निरुत्साहित गर्न कोरोनालाई अवसरका रुपमा कृषि क्षेत्रको प्रवर्द्धनमा लाग्नुपर्ने उहाँको भनाई छ ।

केन्द्रिय तथ्याङ्क विभागका उप-महानिर्देशक हेमराज रेग्मीले खाद्य सुरक्षाका लागि सबैभन्दा पहिले भूमिहीनलाई जग्गाको व्यवस्था गरिनुपर्ने बताउनुभयो । जग्गाको व्यवस्था गर्न नसकिए अन्य विकल्प खोज्दै भूमिहीनहरूको खाद्य सुरक्षाको ग्यारेन्टी गरिनुपर्ने उहाँको भनाई छ । डा.जगत बस्नेतले भूमि, कृषि र स्थानीय खानालाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने बताउनुभयो । समग्र भूमि तथा कृषिको नेतृत्व स्थानीय तह र समुदायलाई दिनुपर्ने उहाँको भनाई छ । व्यापारी र दलालहरुले भारतबाट विषादीयुक्त फलफूल तरकारी तथा खाद्यन्न ल्याएर स्थानीय खानालाई विस्थापित गराइदिएको उहाँले बताउनुभयो ।

वस्नेतले भन्नुभयो-कृषि गर्नेहरूको हातमा जमीन भयो भने स्थानीय खाना सम्भव छ । त्यसका लागि भूमिहीन र गरिवहरू एकजुट हुनुपर्छ । उनीहरूलाई संगठित गरेर खाद्यन्न र भूमिको ग्यारेन्टी गर्नुपर्छ । सरकार सयन्त्र गाउँ-गाउँमा पुग्न नसक्दा भूमि तथा कृषिमा विचौलिया दलालहरूको पकडमा रहेको छ ।,

कार्यक्रममा बाँकेका जसवीर तथा कपिलवस्तुकी मंजु चौधरीले पनि भूमिहीनले भोग्नुपरेका समस्याका बारेमा चर्चा गर्नुभएको थियो ।

**कृषिमा किसान र कृषि मजदुरको सम्मान नभएसम्म त्यसको विकास असम्भव**

काठमाडौं असोज २८-कृषिमा आत्मनिर्भर हुनका लागि आधुनिक कृषि तथा कृषक र कृषि मजदुरलाई सम्मान गर्नुपर्ने सरोकारबालाहरूको सुझाव आएको छ ।

तराई मधेश अन्नको भण्डार थियो तर, अहिले विदेशबाट खाद्यान्न आयात् गर्न वाध्य भएको बताउँदै उहाँहरूले कृषि नीतिमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताउनु भएको छ । सातावयापी रुपमा मनाई रहेका ४० औं अन्तर्राष्ट्रिय खाद्य दिवसको चौथो दिन बुधवार आफ्नो धारणा राख्ने क्रममा नेपाली काँग्रेसका नेता प्रदीप गिरी प्रदेश २ को अवस्था, त्यहाँको कृषिको अवस्था पूर्वदेखि पश्चिमसम्मको अवस्था कसरी सुधार गर्न सकिन्छ त्यसमा ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । कृषिलाई यसरी नै हेप्ने हो भने यो भन्दा ठूलो भयावह अवस्था आउन सक्ने बताउँदै उहाँले कोरोनालाई चुनौतीको रुपमा होइन, अवसरको रुपमा लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, ''कृषिको अवस्था किन खराब भएको छ, त्यसको एउटा कारण यो हो कि किसानले आफ्नो प्रतिनिधि सरकार समक्ष पुऱ्याउन सकेको छैन । कृषिको सभ्यता हराउँदै गएको छ, एक प्रकारल हलो हराई सकेको छ । कृषिलाई आधुनिकीकरण गर्नुपर्छ तर त्यसको सभ्यता पनि बचाउनुपर्छ ।''

योजना आयोग प्रदेश २ का उपाध्यक्ष भोगेन्द्र झाले प्रदेश २ कृषिमा निर्भर छ तर दुर्भाग्य निर्यातको केन्द्र बन्न वाध्य भएको बताउनु भएको छ ।

प्रथम पञ्चवर्षीय योजनाले कृषिलाई विकास गर्ने योजना लिएको छ । हालसम्म त्यस क्षेत्रमा निकै काम भएको देखाइएको छ तर देखिएका छैन, उहाँले भन्नुभयो, समग्र कृषि क्षेत्रको विकासका लागि पद्धतीमै रुपान्तरण गर्नुपर्छ ।'

कमला नदीको १४-१५ हजार वगर जमीन रहेको छ त्यसमा सामूहिक खेतीगर्ने योजना बनिरहेको छ, त्यसमा संघीय र प्रदेश सरकार पनि सकारात्मक रहेको बताउनुभयो । उहाँले कृषिलाई सहकारीताको आधारमा अगाडि बढाउनुपर्ने सुझाव उहाँले दिनुभयो ।

सहकारिताका माध्यमद्धारा सामूहिक तथा चकलावन्दीको आधारमा कृषिलाई अगाडि बढाउन सकिने बताउँदै उहाँले किसानले उत्पादन गर्दछन् तर त्यसले उचित मूल्य पाएको छैन उता उपभोक्ताले चर्को मूल्यमा खाद्यान्न खान वाध्य हुन्छ तर बीचमा व्यापारीहरूले फाइदा लिने गरेको बताउनुभयो । माछा र आँपको उत्पादन कलस्टरको रुपमा रहेको तराई मधेशलाई कसरी अझ विकसित गर्न सकिन्छ यसमा पनि ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । तराई मधेशका आँप र माछा रैथाने वस्तु हो त्यसको उत्पादनमा कसरी जोड दिने त्यसको बारेमा पनि सोच्नुपर्ने बेला आएको उहाँले बताउनुभयो ।

कृषि अभियन्ता डा.कृष्ण पौडेलले कृषि उत्पादनको मूलथलोको रुपमा तराई मधेशलाई लिन गरेको उल्लेख गर्दै जनक नै यस्तो राजा हुनुहुन्थ्यो जसले हलो जोत्नु भएको थियो जो

जनकपुरमा रहेको बताउनुभयो । तराईका कृषि विषाक्त हुँदै र खाने अयोग्य हुँदै गइरहेको बताउँदै उहाँले यसमा तराई मधेशका जिम्मेवार व्यक्ति दोषी रहेको बताउनुभयो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहसचिव डा.विमलकुमार निर्मलले खाद्यान्न भण्डारको रुपमा तराई मधेशलाई लिएको छ तर पछिल्लो समय यो पहिचान हराउँदै गएको बताउनुभयो । तराई मधेशको विकासको मुख्य स्रोत हुलाकी सडक हो त्यसलाई नीतिगत रुपमा कृषिले लिएको बताउँदै माछा तथा दुधको उत्पादन हुलाकी राजमार्ग क्षेत्रमा गर्ने नीति प्रदेश २ सरकारले लिएको उहाँले बताउनुभयो । देशको कुल उत्पादनमध्ये ६८ प्रतिशत प्रदेश २ बाट हुने गरेको बताउँदै उहाँले देशमा जम्मा १७ वटा चिनी मिल छन् त्यसमध्ये ८ वटा मिल प्रदेश २ मा रहेको जानकारी दिनुभयो । देशमै सबभन्दा उखु उत्पादन हुने प्रदेश नै प्रदेश २ रहेको बताउँदै उहाँले देशको कुल उत्पादनमध्ये फलफूल २१ प्रतिशत, २६ प्रतिशत तरकारी त्यही उत्पादन भइरहेको बताउनुभयो ।

राजनीतिकर्मी एवं पत्रकार रामरिझन यादवले प्रदेश २ मात्र मधेश होइन, झापादेखि कञ्चनपुरसम्मको समतल भू-भाग मधेश रहेको बताउँदै प्रदेश २ मा मात्र अल्झियो भने मधेशका अन्य जनतामाथि अन्याय हुने धारणा राख्नुभयो । तराई मधेशको कृषि क्षेत्रमाथि २०१३ सालदेखि वक्रदृष्टि रहेको बताउँदै उहाँले सबभन्दा बढी धान, मकै, गहुँ तराई मधेशमा उत्पादन हुन्छ तर बजारमा लग्ने अवस्था नरहेको बताउनुभयो । किसानले उत्पादन गरेको अधिकांशको उत्पादन घरमै रहने गरेको बताउँदै नेता यादवले किसानले उत्पादन गरेको वस्तु बजारसम्म लग्न नसक्नु दुर्भाग्य रहेको बताउनुभयो ।

तराई मधेशको लाइफ लाइन हुलाकी सडक अहिलेसम्म निर्माण नहुनुले किसानलाई निकै समस्या भएको बताउँदै उहाँले हुलाकी सडक बन्न नदिनुमा खस आर्य सामन्ती सोचका शासकका कारण रहेको बताउनुभयो । एक समय अन्नहरु विभिन्न देशमा निर्यात गरिन्थ्यो तर अहिले आयत गरिन्छ, यस्तो किन भयो कसको कारणले हो त्यो कुराको समीक्षा गर्नुपर्ने उहाँले बताउनुभयो । तराईको कृषिमा विकास नहोस् भनेर राज्यले जानी जानी हुलाकी सडक बनाएको गुनासो उहाँले गर्नुभयो ।

मधेश मामिलाका जानकार एवं पत्रकार चन्द्रकिशोरले कृषिमा जुन समस्या आएको छ, त्यसका लागि प्रदेश २ लाई चियाएर हेर्दा सबै तस्विर सबै स्पष्ट हुने बताउनुभयो । कृषिका सबै समस्याको जवाफ तराई मधेशको कृषिले दिइरहेको बताउँदै उहाँले तराई मधेशको कृषिमा माटोलाई त्यति महत्व नदिएको जस्तो देखिएको बताउनुभयो । कृषिका लागि रसायनिक तथा विषादीको प्रयोग अत्याधिक रुपमा भइरहेको छ, त्यसले मोटोहरु बिग्रीरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, ''माटो बिग्रिने अवस्थामा पुगिसकेको छ । अहिले माटोले उब्जाउ दिइरहेका छैन । रसायनिक मल र विषादीले दिइरहेको छ ।''

जसले जमीन जोतपोत गरिहेका छन्, यदि भोली लगेर जमीन खोसियो भने भूमी विहिन अवस्था धेरैको रहेको बताउँदै उहाँले खेतीपाती तथा किसानले अपमान सहने अवस्था रहेको बताउनुभयो । कसैले आफू खेतीपाती गर्छु भन्यो भने उसले अपमान सहनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । प्रदेश २ खानाको संग्राहलय थियो र व्यञ्जनको विश्व विद्यालय थियो तर अहिले ती सबै कुरा समाप्त भइसकेको उहाँले बताउनुभयो ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता एवं पूर्वमन्त्री रामचन्द्र झाले तराई मधेशमा राजा जनकले समेत हलो जोतेर श्रमप्रतिको आस्थालाई प्रष्ट पारिएको छ, त्यस ठाउँको आफू नागरिक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, ''माटोलाई हामी देवता मान्छौं, जिउने आधार नै माटो हो । प्रदेश २ को मुख्य आधार नै कृषि हो तर कृषिमा केही बेथिती छ ।'

कृषिमा मुख्य समस्या भनेको जमीनका खण्डीकरण रहेको र त्यसले कृषिमा ठूलो असर पारेको उल्लेख गर्दै उहाँले मोटो परिक्षणको अवस्था दुई नम्बर प्रदेशमा नरहेको बताउनुभयो । कमला नदीको १२ विघाको बगरमा सामूहिक खेती गर्ने तयारी भइरहेको बताउँदै उहाँले यसमा संघीय मन्त्री पनि उत्साहित रहेको र किसान पनि सामूहिक खेती गर्नका लागि उत्साहित रहेको धारणा राख्नुभयो । नेकपाका नेता गणेश साहले पनि अन्नको भण्डार तराई मधेशलाई भनिन्थ्यो तर अहिलेको अवस्था त्यस्तो नरहेको धारणा राख्नुभयो ।

तराईको भूमिमा क्षयीकरण भएको बताउँदै उहाँले तराई मधेशका किसानले उत्पादनमा जति ध्यान दिएपनि माटोमा त्यति ध्यान नदिएको बताउनुभयो । उहाँले किसानलाई सम्मान गर्नुपर्ने कुरामा जोड दिनुभयो । खाना खानुभन्दा पहिले किसानलाई सम्झनु पर्ने बताउँदै उहाँले किसानलाई सम्मान नदिएसम्म कृषि अगाडि बढ्न नसक्ने जिकिर गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य केवल प्रसाद भण्डारी कृषिमा सबैभन्दा क्रान्ती आवश्यक रहेको बताउनुभयो । कृषिका नीतिले आम कृषकलाई फाइदा नपुगेको बताउँदै उहाँले कृषिमा पत्रकारिता गर्ने र अनुसन्धान गर्ने व्यक्तिलाई पनि धान कसरी उत्पादन हुन्छ त्यो कुरा थाहा छैन त्यसैले कृषि नीति स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो ।

सरकारले कृषकलाई उपलब्ध गराउने अनुदानहरु, सहयोगको असली कृषि समक्ष नपुगेको छैन, बरु समूह-समूहमा पुगेका छन् तर आम कृषकसक्षम नपुगेको धारणा राख्नुभयो । आमजनतालाई कृषिप्रति कसरी आकर्षित गर्न सकिन्छ, त्यसमा ध्यान दिनुपर्ने कुरा उल्लेख गर्दै उहाँले कृषिको यन्त्र किसानको शरीर अनुसार छैन, मानवको शरीर अनुसार कृषि यन्त्र बनाउनुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमका अध्यक्षता गर्नुभएका खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले किसानको स्वाभिमानलाई ख्याल गर्नुपर्ने कुरामा जोड दिनुभयो । कृषि पेसामा लागेकालाई सम्मान नगरेको कारणले पनि यो क्षेत्रबाट पलायन भईरहेको बताउँदै उहाँले कृषिको विविधिकरणमा पनि ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । भूमिको खण्डिकरण रोकेर सामूहिक खेती र चक्लावन्दीमा जानुपर्ने कुरामा जोड दिँदै उहाँले गरिबीको रेखामुनी रहेको मधेशलाई कृषिबाट नै उठाउन सकिने बताउनुभयो ।

कृषि नीतिका कारण कृषि क्षेत्र अलमलिएको छ, उहाँले भन्नुभयो, सरकारले बनाएको नीति कृषि मैत्री छैन, अहिले पनि केही बिग्रेको छैन, थुप्रै नीतिहरु बनिरहेको छ, त्यसलाई सुधार गर्न सकिन्छ ।' नेपालमा मलको समस्या निकै लामो समयदेखि आइरहेको छ, समस्या स्थायी रुप लिएको छ, त्यसलाई कसरी समाधान गर्न सकिन्छ त्यसमा पनि सरकारका नीति केन्द्रीत हुनुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

## कर्णालीमा भाते सँस्कृति भित्रियाएकाले यसरी विस्थापित भयो रैथाना खाना

काठमाडौं, असोज २८ गते । कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश घोषणा गरिएपनि तत्काल अर्गानिक उत्पादनमा जान पूर्वाधारको अभाव रहेको बताइएको छ ।

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले पूर्वाधार अभावमा कर्णाली अर्गानिक कार्यक्रम संचालनमा समस्या भएको बताउनु भएको हो । ४० औ विश्व खाद्य दिवसको अवसरमा खाद्यका लागि कृषि अभियानद्धारा वुधबार आयोजित कर्णालीको कृषि मुद्दाबारेको छलफल कार्यक्रममा उहाँले रासायनिक मल र विषादीको विकल्पका प्राङगारिक मल र जैविक विषादीको व्यवस्था गर्न नसकिएका कारण अर्गानिक अभियानले अपेक्षाअनुसार गति लिन नसकेको बताउनुभयो । तथापी यस अवधिमा कर्णालीलाई अर्गानिक बनाउन सकिने महोल भने तयार भएको उहाँको भनाइ छ ।

मन्त्री केसीले भन्नुभयो-'कर्णालीलाई अर्गानिक प्रदेश बनाउन धेरै काम गर्न बाँकी रहेको छ, सबैभन्दा पहिले प्राङगारिक मल, जैविक विषादी,

प्रविधि, बिक्री केन्द्र, ब्राण्डिङ, जैविक विषादी परीक्षण प्रयोगशाल, रैथाने बालीको न्यूनतम मूल्य निर्धारणलगायतका पूर्वाधारको तयारी गर्नुपर्ने चुनौती छ । यसका लागि हामी लागिपरेका छौं । गुरुयोजना पनि तयार हुँदैछ ।'

उहाँले तत्काल कर्णालीका सबै जिल्लामा अर्गानिक कार्यक्रम संभव नभएपनि कर्णालीका साविकका ५ जिल्लामा संभव रहेको पनि बताउनुभयो । किनभने साविकका ५ जिल्लाले हाससम्म रसायनिक मल प्रयोग गरेका छैनन् । उहाँले रसायनिक मल र विषादीको विकल्प दिन नसक्दा जुम्लाको स्याउमा समेत विषादीको प्रयोगको हुन थालेको र केही महिनाअघि सलह भित्रिँदा मन्त्रालयले नै किसानलाई विषादी वितरण गर्नुपरेको समेत बताउनुभयो । कर्णाली प्रदेश सांसद जीवन बहादुर शाहीले कर्णालीलाई तत्कालै अर्गानिक प्रदेश बनाउन संभव नरहेको बताउनुभयो । सरकार तयारीविना अर्गानिक प्रदेश घोषणा गरेकोले अर्गानिक अभियानले गति लिन नसकेको उहाँको भनाइ छ ।

कर्णालीको तत्कालिन आवश्यकता खाद्य सुरक्षाको सुनिश्चितता भएको र अर्गानिक उत्पादनले खाद्य सुरक्षाको प्रत्याभूति नगर्ने पनि उहाँले बताउनुभयो । शाहीले भन्नुभयो-'अर्गानिक प्रदेश बनाउन भनियो तर यो प्रदेशमा खाद्य संकट छ, मानिसलाई पहिले खाना चाहिन्छ, खानाको आवश्यकता पूर्ति भएपछि मात्रै उसले स्वस्थ र अर्गानिक खानाको खोजी गर्न थाल्छ । त्यसैले एकैपटक अर्गानिक बनाउनेभन्दा पनि क्रमिकरुपमा जानुपर्छ ।'

अर्गानिकभन्दा पनि सबैभन्दा पहिले रैथाने बालीको प्रवर्द्धनमा जोड दिनुपर्ने उहाँको भनाइ छ । आफू जस्तै नेता तथा कर्मचारीले कर्णालीमा भाते सस्कृति भित्रयाएकोले रैथाना खाना विस्थापित भएको उहाँले बताउनुभयो ।, शाहीले भन्नुभयो-'रैथाने वालीविरुद्ध म जस्तै नेता कर्मचारी लागे, हामीले नै भाते सस्कृति भित्रयायौ, यहाँ नुन चामलको राजनीति भयो, कर्णालीमा खाद्य संकटको मात्रै समाचार बनाइयो तर कर्णालीमा खाद्य संकटभन्दा पनि खानेवानीको संकट छ, यसलाइ सबैले मनन गर्नुपर्छ । उहाँले कर्णालीका रैथानले बालीहरु चिनो, फापर, कोदो, कागुनो, गहत, सिमीलगायतको प्रवर्द्धनमा जोड दिनुपर्ने उहाँको भनाइ छ । कर्णाली प्रदेशका कृषि मन्त्रालयका सचिव राजेन्द्र प्रसाद मिश्रले कर्णालीको खाद्य सुरक्षालाई पहिलो प्राथमिकतामा राखेरै मन्त्रालयले कार्य अघि बढाएको जानकारी गराउनुभयो । उहाँले अर्गानिकलाई बाध्यकारी नबनाइएको र किसानकै स्वेच्छामा छाडिएको बताउनुभयो ।

मिश्रले भन्नुभयो-कर्णाली संभावनै संभावना भएको क्षेत्र हो तर पनि खाद्य सुरक्षा पहिलो प्राथमिकता दिएका छौं, किसानको आय र जीविकोपार्जनमा जोड दिएका छौं, अर्गानिक फार्मिङमा किसानको च्वाइस हुन्छ, बाध्यात्मक हुँदैन किनभने अर्गानिकमा मुनाफा कम छ ।, उहाँले कर्णालीका रैथानले बालीको उत्पादन प्रवर्द्धन र बजारीकरणमा प्रदेश सरकारले जोड दिएको पनि बताउनुभयो ।

पोषणविद् डा अरुणा उप्रेतीले वास्तवमा कर्णालीमा कहिल्यै पनि खाद्य संकट नरहेको बताउनुभयो । कर्णालीवासीले रैथानले बालीलाई उपेक्षा गरेर खाद्य संकटको माहोल खडा गरिएको उहाँको भनाइ छ । उप्रेतीले भन्नुभयो-'मैले कर्णालीका विभिन्न जिल्लामा घुम्ने क्रममा त्यहाँ स्थानीय परिकार खोज्दा पनि पाइनँ, खाजा माग्यो भने बिस्कुट र चाउ दिइन्थ्यो तर मैले घरबाटै कोदोको रोटी लिएर गएको थिए, मैले त्यही खाए, स्कूले बालबालिकालाई दिवा खाजामा स्थानीय खाजा नभइ चाउ चाउ र विस्कुट दिएको पाइयो, स्थानीयवासीहरु रैनाथे खानालाई खाना नै मान्दा रहेनछन् ।, नेपालमा रसियाको फापर पाइने तर कर्णालीको फापर नपाउने अवस्था रहेको पनि उहाँको भनाइ छ । जुम्लाको तातोपानी गाउँपालिकाका अध्यक्ष नवराज न्यौपानेले भने गाउँपालिकाले रैथाने वाली तथा रैथाने खानाको प्रवर्द्धन गरिरहेको बताउनुभयो । गाउँपालिकाले रैनाले बालीको प्रवर्द्धनका लागि योजना नै बनाएर काम गरिरहेको उहाँको भनाइ छ । कालीमार्सी धानको संरक्षण र प्रवर्द्धनका लागि जेठ ३० गतेलाई धान दिवसका रुपमा मनाउने गरिएको, गाउँपालिकामा रहेका विद्यालयहरुमा खाजाका रुपमा रैथाने बालीका परिकारलाई अनिवार्य गर्दै आयातित खाजालाई पूर्णरुपमा निषेध गरिएको, स्थानीय खासीको बोका र लोकल कुखुराको मासु तथा लोकल कुखुराकै अण्डा उपयोगको व्यवस्था मिलाइएको, खेतीयोग्य जमिनमा आवास निर्माणमा रोक लगाइएको उहाँले जानकारी गराउनुभयो । त्यस्तै खेतीयोग्य जमिनमा कृषिका लागि तारवार, सिंचाइ र बीउ बैंकसमेतको स्थापना गरिएको उहाँले बताउनुभयो । तर अर्गानिक खेतीका लागि जैविक मल, जैविक विषादी र बाली बीमालगायतको समस्या रहेको उहाँले बताउनुभएको छ । सो अवसरमा डा. निलहरी न्यौपानेले जलवायु परिवर्तन र विषादी प्रयोगका कारण कर्णाली क्षेत्रमा मह उत्पादन र मौरीको संख्यासमेत ५० देखि ७० प्रतिशतले घटेको रिपोर्ट प्रस्तुत गर्नुभएको थियो भने हेल्भेटास नेपालका प्रतिनिधि प्रमोद भारीले कर्णालीवासीले बजारका लागिभन्दा पनि पहिले आफ्नै लागि रैथानले बालीको उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा खाद्यका लागि कृषि अभियानकी डा सुजाता तामाङ, कर्णालीका उत्पादनका उपभोक्ता टीका भट्टराई लगायतले पनि अर्गानिक र रैथानले वस्तुको प्रवर्द्धनमा जोड दिनुभएको थियो ।

### कृषिमा ९० महिला, किन हुँदैन मूल्याङ्कन ?

काठमाडौं असोज २९ गते । खाना र खेतीपातीमा महिलाको सहभागिता अनुसारको मुल्याङ्कन हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

खाना र खेतीपातीमा महिलाको सहभागीता ९० प्रतिशतभन्दा बढी रहे पनि उनीहरूको कामको मुल्याङ्कन नभइरहेको प्रति उनीहरूले दुखः व्यक्त गर्दै यसको अभिलेखिकरण हुनुका साथै आर्थिक रुपमा गणना गर्नुपर्ने माग गरेका छन् । खाना र खेतीपातीमा ग्रामीण महिला किसानको योगदान विषयक विहिवार भएको भर्चुअल छलफल कार्यक्रममा सहभागी हुँदै १२ वर्षदेखि रुपन्देहीमा सामुदायिक रेडियोमा कार्यरत सामुदायिक रेडियोकर्मी सोना खटीकले ग्रामीण क्षेत्रका महिलाले रिपोर्टिङका क्रममा १६ देखि २० घण्टासम्म काम गर्ने गरेको पाइएको अनुभव सुनाउनुभयो ।

आफूले रिपोर्टिङ्गका क्रममा घरमा को छ भनेर प्रश्न गर्दा महिलाले आफुलाई 'म छु' नभनेर 'कोही पनि छैन' भन्ने गरेको उहाँले बताउनुभयो । घरमा सानोदेखि ठूलो पुरुष छ भने मात्र कोही छ भन्ने गरेको तर महिला जतिसुकै जना भए पनि कोही छैनन् भन्ने जवाफ दिने गरेको उहाँले धारणा अनुभव सुनाउनुभयो ।

बाहिरी काम सामान्यतया पुरुषले गरे पनि खाद्यान्न तथा खानको जोहो गर्ने काम सबै महिलाको नै हुने गरेको उहाँको भनाई छ । महिलाले खाना र खाद्यान्न जोहो गर्नकै लागि खेतमा ज्यालादारी देखि मजदुरी समेत गर्दै आएको बताउँदै उहाँले महिलाले अरुको घर तथा खेतबारीमा काम गर्न जाँदा श्रम शोषणदेखि यौन शोषणसम्म भोग्नुपरेको अनुभव आफुलाई सुनाउने गरेको बताउनुभयो ।

तर महिलाले जती काम गरे पनि त्यसवापत आउने रुपैयाँ पैसा भने सबै पुरुषको हातमा जाने गरेको उहाँको अनुभव छ । यतिसम्मकी खेतबारीबाट उत्पादन गरेको तरकारीलगायत अन्य नगदेबाली बजारसम्म बोकेर पुऱ्याउने महिला तर पैसा भने पुरुषले लिने गरेका छन् । खटिकका अनुसार सरकारले महिलाका लागि कृषिमा अनुदान दिएपनि ग्रामीण भेगका महिलाले नपाउने गरेको अवस्था छ । अनुदान लिनका लागि प्रक्रिया पुऱ्याउन नै महिलालाई मुस्किल भइरहेको छ । राज्यले महिलाका लागि अझै विशेष व्यवस्था गर्न सकेको छैन । महिलाको श्रम र पसिना मात्र खेर गइरहेको छ ।

पनि विभेद भोगिरहेका छन् । पुरुषलाई महिलाले के काम गर्छन् भन्ने प्रश्न गर्दा केही गर्दैन भन्ने जवाफ दिने गरिएको छ । तर महिलाले घर भित्रको सबै काम गरे पनि यसको मुल्याङ्कन नभएको खटीकको भनाई छ ।

आफ्नो पेट भोको राखेर काम गर्ने महिलाको कामको मुल्याङ्कनको योगदानको हिसाव नै गर्न नसकिने राष्ट्रिय भुमि अधिकार मञ्चका अध्यक्ष सरस्वती सुब्बाको भनाई छ । ९० प्रतिशत काम महिलाले गर्ने गरेको जसमा खेती लगाउने, गोडमेल गर्ने लगायतका उत्पादनका क्षेत्रमा महिलाको सबैभन्दा बढी योगदान रहेको छ । पछिल्ला वर्षमा पहाडतिर हलो र तराईतिर ट्र्याक्टर समेत महिलाले चलाउन थालेको उहाँले सुनाउनुभयो । कृषि सँगसँगै पारिवारिक र सामाजिक जिम्मेवारी पनि महिलाकै काँधमा रहेको जसमा छोराछोरीलाई पढाउने लेखाउने, घरको सबै व्यवस्थापनको जिम्मेवारी नै महिलाको छ । तर अवसरबाट भने महिला पुर्णरुपमा बञ्चितिकरणमा परेका छन् । ग्रामीण महिलाको कुन क्षेत्रमा कति योगदान छ भनेर हिसाव किताव र अभिलेख राख्न जरुरी रहेको छ ।

राष्ट्रिय कृषक समुह महासंघका महासचिव रिता बस्ताकोटीका अनुसार बिहान सबेरै उठ्नेदेखि लिएर परिवारको पालनपोषणको जिम्मेवारी महिलाको भए पनि उनिहरूले पोषणयुक्त खानेकुरा नपाएका कारण कुपोषण भइरहेका छन् ।

प्राकृतिक संरक्षणमा पनि महिलाको योगदान एकदमै बढी छ । तर जलवायु परिवर्तनको असर भने महिलाले नै भोग्नुपरेको छ । कृषि उत्पादनको एक तिहाई योगदान महिलाको नै छ । कृषिमा प्रयोग हुने रासायनिक पदार्थको असर पनि महिलाले नै भोग्दै आएका छन् । महिलाको श्रमलाई आर्थिक गणना नगरिनु, आर्थिक गतिविधिमा संलग्नता नरहनु समस्या हो ।

आफ्नो आमा बिहान ३ बजेदेखि राती १० बजेसम्म घरकै काममा खटिरहनुभएको अवस्था भूमि अधिकारकर्मी सुष्मा न्यौपानेले बताउनुभयो । आफ्नो आमा लगायत अन्य महिलाको कामको योगदानको मुल्याङ्कनको हिसाव किताव गरेर साध्य नै नहुने उहाँको भनाई छ । उहाँका अनुसार खेतीपाती लगाउने र गोडमेलको बेलामा पुरुषको सामान्य योगदान रहे पनि साना तिना तर धेरै काममा महिलाको योगदान नै रहेको छ ।

आफू जहिले पनि खेतीपातीमा नै खटिरहने रसुवाको कालिकास्थान गाउँपालिकाका भुवनेश्वरी लामिछानेले बताउनुभयो । घरको काम मात्र नभई खाना तथा चिया समेत तयार पारेर पुरुषको बेडमै पुऱ्याउनुपर्ने वाध्यता आफुहरूको रहेको तर कसलाई सुनाउनु र सुनाएर पनि कुनै काम नहुने उहाँको भनाई छ ।

रसुवाका पुतलीमायाँ तामाङले भने समाजमा आफूले महिलाको कामको सम्मान हुनुपर्‍यो भन्दै आवाज उठाइदै आएपनि आफ्नै घरमा भने व्यवहारमा लागु गर्न नसकेको तितो अनुभव सुनाउनुभयो । आफ्नो पढेलेखेका छोरीले पढाई सकेर जागिर गर्दै आएपनि कमाएर ल्याएको तलब भने आफ्नो बाबुकै हातमा थमाउनु परेको अनुभव पनि सुनाउनुभयो । तर छोराले भने जे जती कमाए पनि आफैसँग राख्ने गरेको उहाँको भनाई थियो ।

उहाँले आफ्नै घरमा छोरीले आफुले कमाएको सम्पतिमा हक लगाउन नसकिरहेका बेला बिहे गरेर अरुको घरमा जाँदा झन् कति समस्या झेल्नु पर्ला त्यो त कल्पनानै गर्न नसकिने बताउनुभयो । पुरुषमा आफु पुरुष हुँ भन्ने भावना कहिल्यै नहट्ने गरेको उहाँको अनुभव छ ।

कृषिमा सबैभन्दा बढी श्रम महिलाको लागेपनि त्यसको मुल्याङ्कन भने शून्य रहेको महिला अधिकारकर्मी सुनिता दनुवारको भनाई छ । सबै काम महिलाले गर्ने गरिएको तर पैसा भने सबै पुरुषकै हातमा आउने गरेको उहाँले बताउनुभयो । महिलाले जति कमाए पनि हातमा पैसा नपर्ने गरेका कारण उनीहरूले कुनै व्यवसाय समेत गर्न नसकेको अवस्था छ । गफमा र नीतिमा महिलालाई पहिलो प्राथमिकता भनिए पनि व्यवहारमा भने अहिले पनि महिलालाई दोस्रो दर्जाकै नागरिकका रुपमा हेर्ने गरिएको उहाँको भनाई छ । बलात्कार, यौन शोषण तथा महिला हिंसाका घटनामा पर्ने आत्महत्याका घटनामा संलग्न हुने महिला पनि खाद्यान्नमा पहुँचमा नरहेका महिला नै रहेका उहाँको बुझाई छ ।

जती खेतीपाती गरे पनि त्यसको अन्त्य भान्छामा नै हुने गरेको सबै कृषि कार्यमा संलग्नता र अन्त्यमा महिलाकै हुने गरेको किरण शर्माको अनुभव छ । कतिपय पुरुषले समान्यतया रहरले मात्र काम गरेपनि महिलाले भने खेतीपाती र खाद्यान्नको काम गर्ने जिम्मेवारी अनिवार्य र वाध्यात्मक बनाइएको छ । उहाँका अनुसार ठूलो र बाहिरी काम सामान्यतया पुरुषले गरेपनि मसिनो र झन्झटिलो काम भने महिलालेनै गर्ने गरेका छन् । कुन मान्छेलाई कस्तो खाना खुवाउने भन्ने जिम्मेवारी पनि महिलाकै भएकाले सबैको स्वास्थ्यको जिम्मेवारी पनि महिलाकै हातमा रहेको छ । के कसरी पकाउँदा मिठो हुन्छ वा गुणस्तरीय हुन्छ भन्ने बारेमा पनि महिलालाई बढी जानकारी हुने गरेको तर उनीहरू आर्थिक रुपमा अधिकार विहिन बनाइएका छन् । होटल रेष्टुरेन्टमा गएर जुनसुकै काम गर्ने पुरुषले तर आफ्नो घरमा भने घरायसी कुनै पनि काम नगर्नुले महिलालाई घरभित्रकै जिम्मेवारीको ठेक्का दिइएको उहाँले बताउनुभयो ।

नेपाली खाद्यान्न पोषणयुक्त हुने गरेको भएपनि कसैले वास्ता नगर्ने गरेको तर, विदेशबाट आउने गरेको खाद्यान्य एकदमै पोषणयुक्त भन्ने गलत बुझाई रहेको पोषणविद् डाक्टर अरुणा उप्रेतीले बताउनुभयो । उहाँका अनुसार परम्परागत ज्ञानको संरक्षण गरिएन भने अबको केही बर्षमा नेपाली ज्ञान विदेशीले अध्ययन गरेर नेपालीलाई सिकाउने दिन आउने छ । त्यसैले ग्रामीण महिलाको ज्ञानलाई अभिलेखिकरण गर्न जरुरी रहेको उहाँको भनाई छ । अहिले कोरोना संक्रमितले पनि खाने अधिकांश भिटामिन हाम्रै खेतबारीबाट महिलाले उत्पादन गर्ने गरेका भएपनि त्यतातिर कसैको ध्यान नगएको तर भोलि कुनै विदेशीले आएर यो हो भनिदिएपछि मात्र नेपालीको आँखा खुल्ने उहाँले बताउनुभयो । विश्वरका १० मुलुकमा अध्ययन गर्दा पनि नेपालजस्तो राम्रो र गुणस्तरीय भिटामिनयुक्त खानेकुरा नभेटिएको डाक्टर उप्रेतीले बताउनुभयो । त्यसैले पनि रोगसँग लड्ने धेरै शक्ति ग्रामीण महिलासँग र उनीहरूकै हातमा रहेको छ ।

ग्रामीण महिलाको योगदान देख्दा गर्व लागेर आउने गरेको फियान नेपालका कार्यक्रम अधिकृत लक्ष्मी गुरुङले बताउनुभयो । उहाँका अनुसार महिला हिंसाको कारण ७५ प्रतिशत खानाकै कारण भएको पाइन्छ । महिलाको सम्पतीमा हक, पैसामा हक नभएकै कारण उनीहरूले समस्या भोग्नु परिरहेको छ ।

३ घण्टा भन्दा बढी समय छलेको वैविनार छलफलको सहजीकरण कल्पना कार्कीले गर्नुभएको थियो भने कार्यक्रममा लेखक सरिता तिवारीले कार्यक्रमका वक्ताले राखेको कुराको समीक्षात्मक कुरा राख्नुभएको थियो । भोलि परेको ४०औं खाद्य दिवस र आजै परेको ग्रामीण महिला दिवसको अवसरमा छलफल आयोजना गरिएको सुजता तामाङले जानकारी गराउनुभयो ।

## रैथाने बालीको संरक्षणमा पुगेन सरकारको ध्यान

काठमाडौं, असोज २९ गते । सरकारले परम्परागत तथा रैथाने बालीको संरक्षण र प्रवर्द्धनमा ध्यान पुऱ्याउन नसकेको सरोकारवालाहरुले गुनासो गरेका छन् ।

४० औ विश्व खाद्य दिवसको अवसर ''नेपालमा कृषि जैविक विविधताको खाद्य तथा पोषण शुरक्षामा योगदान'' भन्ने बिषयक भर्चुअल कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले यस्तो गुनासो गरेका हुन् ।

खाद्य र पोषण शुरक्षाका लागि जैविक विविधताका बिषयमा प्रस्तुतीकरण राख्दै नार्कका

जीन बैंकका वरिष्ठ वैज्ञानिक डा. कृष्णहरी घिमिरेले नेपालमा कृषिको रैथाने बालीको संरक्षणमा सरकारको ध्यान पुग्न नसकेको बताए ।

उनका अनुसार, विगतदेखि अहिलेसम्म धेरैजसो रैथाने जातका बालीहरु हराउँदै गएका छन् । अहिले ९६२ प्रकारका रैथाने जातका कोदो बालीमात्र जीन बैंकमा संरक्षित रहेको उनले बताए ।

परम्परागत ज्ञान, खाना र लैगिकतासम्वन्धी बिषयमा प्रस्तुतीकरण राख्नुभएकी डा.अरुणा उप्रेतीले पनि कर्णाली प्रदेश सरकारले पनि आफ्नै रैथाने बालीको संरक्षण गर्न बिर्सेको बताइन् ।

उनले नेपालकै रैथाने बाली फापर पनि रसियाबाट आयात् भइरहेको बताइन् ।

उनले नयाँ कृषि मन्त्री घनश्याम भूषाल आएपछि रैथाने र जैविक बालीको संरक्षणका कार्यक्रम आउने आशा गरिएपनि अहिले निराशा उत्पन्न भएको टिप्पणी गरिन् ।

उनले कोदो र फापर जस्ता रैथाने खाद्यबालीलाई आधुनिक खालका खाना, परिकार तथा खाजाका परिकार बनाउने तौर तरिका र विधिका बारेमा तालिम तथा सचेतनामूलक कार्यक्रम दिनुपर्ने बताइन् ।

अर्ग्यानिक र रैथाने खाद्यबालीलाई नयाँ युवा पुस्ताका खानाका परिकार बनाउन प्रविधि हस्तान्तरण, तालिम, सहुलियत, अनुदान र सचेतनामूलक कार्यक्रम गर्नुपर्ने उनको सुझाव थियो । लि-बर्डका कार्यक्रम विकास निर्देशक डा. **भरत भण्डारीले कृषिको जैविक विविधता,** खाद्य तथा पोषण सुरक्षामा जोखिम बढ्दै गएको बताए ।

रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्दै खाद्य पोषणतर्फ कृषिलाई अघि बढाउन सरकारी क्षेत्रबाट व्यापक सचेतना, तालिम र वहस आवश्यक रहेको बताए ।

निजी क्षेत्रसँग सहकार्य गर्दै लोपोन्मुख तथा रैथाने बालीको उत्पादन बढाउन प्रविधि, सीप, बजार र अनुसन्धानमा अझै पनि कमी रहेको उनले बताए ।

बायोडाइवर्सिटी, नेपालका अर्थ कृषि विज्ञ डा.देवेन्द्र गौचनले दिगो विकासको लक्ष्य हासिल गर्न पनि रैथाने बाली तथा कृषिको जैविक विविधतामा जोड दिनुपर्ने बताए ।

सरकारले रैथाने बालीको प्रवर्द्धनमा जोड नदिँदा कतिपय परम्परागत बालीहरु हराउन थालेको उनले दावी गरे ।

"पछिल्लो ५ वर्षमा ५० प्रतिशत रैथाने बाली र त्यसको महत्व हराएका छन्" उनले भने, "अहिलेको परिवर्तीत समय र फेरिएको खानपान प्रवृत्तिले रैथाने बालीको संस्कार हराउने अवस्था सिर्जना भएको छ ।"

अहिले पनि नीति निर्मातामा रहेकाले रैथाने कृषि बालीका बारेमा ध्यान नदिँदा फापर पनि आयात् गर्नुपर्ने वाध्यता रहेको उनले बताए । सरकारले नीति बनाउँदा पनि कृषिको जैविक विविधतामा ध्यान नपुर्‍याउँदा रैथाने बाली संकटमा परेको उनले बताए ।

बैंकले पनि कृषिका अन्य क्षेत्रलाई ऋण पत्याउने तर, कोदो खेती गर्छु भन्दा बैंकले ऋण नै नदिने गरेको उनको टिप्पणी थियो । स्थानीय सरकारले पनि कृषि जैविकतामा आधारित नीति, कार्यक्रम र सहभागीतामा जोड दिनुपर्ने बताए ।

रैथाने बाली उत्पादन गर्ने किसानलाई इन्सेन्टिभ, सब्सिडिटी र पुरस्कार, प्रोत्साहन र पहुँच बढाउने नीति तथा कार्यक्रम अवलम्बन गर्नुपर्ने उनले बताए ।

त्यस्तै, कृषि विभागका बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख **डा. रामकृष्ण श्रेष्ठले कृषिमा** आधुनिक फार्मिङको अभ्यासले रैथाने र कृषिको जैविक विविधता लोप हुन थालेको बताए ।

विगतदेखि नै गैर-सरकारी निकायसँग सरकारले पनि आफ्नो ठाउँबाट प्रयास गरिरहेको बताए । उनले रैथाने बाली र जैविक विविधताका बारेमा भएका ३० वटा पोलिसी फ्रेमवर्कहरु बनेको बताए ।

उनले यसवर्ष सामुदायिक बीउ बैंक प्रोफाइल तयार गर्ने र अपडेट गर्ने, कर्णाली प्रदेशको समग्र जैविक विविधताको एपीजीआर प्रोफाइलिङ गरिने बताए । उनले पौष्टिक खाद्य वस्तुको प्रवर्द्धन कर्णाली प्रदेशबाट शुरु गरिने बताए ।

कृषि विज्ञ डा. कृष्ण पौडेलले रैथाने बाली तथा कृषिको जैविक विविधताका बारेमा यस्ता छलफल महत्वपूर्ण हुने बताए । प्रकृतिलाई जोगाउने र रैथाने बालीको संरक्षणको हकदार स्थानीय सरकार र स्थानीय किसानकै भूमिका महत्वपूर्ण रहेको उनले बताए ।

कार्यक्रमको स्वागत तथा उद्देश्य बारेमा उद्धव अधिकारीले बोलेका थिए । लि-बर्डका कृषि बिज्ञ डा. बलराम थापाले अर्न्तक्रियाको धन्यबादसहित समापन गर्नु गरेका थिए ।

## गालीबाट विचलित भएको छैन-कृषि मन्त्री भुसाल

काठमाडौं, असोज ३० गते । कृषि तथा पशुपक्षी विकास मन्त्री घनश्याम भुसालले खाद्य बाली जीवनको अस्तित्वसँग जोडिएकोले संविधानले पनि खाद्य अधिकार र खाद्य सम्प्रभुताको ग्यारेन्टी गरेको बताएका छन् ।

४० औ विश्व खाद्य दिवसको अवसरमा शुक्रवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भुसालले संविधानको मर्मअनुसार नै ऐनको तर्जुमा गरिएको र नियमावली पनि बन्ने क्रममा रहेको उनको भनाई छ ।

उनले सबैले खाने, स्वास्थकर खान पाउने अधिकारको विषय सवैधानिक र राजनीतिकरुपमा सम्वोधन भएको पनि अझै धेरै गर्न बाँकी रहेको बताए । त्यसका लागि कृषि प्राविधिकहरुले आफ्नो क्षेत्रमात्र नभई समग्र कृषि क्षेत्र विकासको सोच राखेर अघि बढ्नुपर्ने आवश्यकतामा उनले जोड दिए ।

"म मन्त्री भएर आएपछि विभिन्न क्षेत्रका व्यक्तिहरुसँग राय सुझावका लागि ८ सयभन्दा बढीसँग भेट गरें तर अधिकांश कृषि विज्ञको सोचाई असाध्य प्राविधिक छ, माटो विज्ञ माटोमा मात्रै केन्द्रित भएको छ, 'कीट विज्ञ त्यसैभित्र हराएका छन्, यसरी कृषि क्षेत्रको विकास हुनसक्दैन, कृषि क्षेत्रको विकासका लागि समग्र कृषिको नेता हुने गरी सोच्नुपर्छ," मन्त्री भुसालले भने ।

मन्त्री भुसालले इतिहासका असफलता र असक्षमताका कारण वर्तमानले गाली खानु परिरहेको उल्लेख गर्दै गालीबाट विचलित नभई अघि बढ्नुको विकल्प नरहेको पनि बताए । उनले कृषि क्षेत्रको विकासका लागि कम्तिमा पनि हरेक वडामा एकजना कृषि प्राविधिकको व्यवस्था अनिवार्य शर्त भएको बताए ।

मन्त्री भुसालले उत्पादनमा मात्र जोड नदिई वितरणमा समेत उत्तिकै जोड दिए उत्पादन भएको खाद्यान्न समान रूपमा वितरण हुने बताए । कृषि विकासको लागि अब फरक तरिकाले सोच्नुपर्ने खाद्यका लागि कृषि अभियन्ता उद्धव अधिकारीले बताए । उनले रासायनिक केमिकल हालेर धरै र ठूलो उत्पादन गर्ने तर्फ लाग्नाले कृषिलाई जंघारतिर धकेलिरहेको बताए ।

वर्षेनी कृषि उपजको आयात् उच्च हुने हो भने कृषि प्रधान भनेर चिनिने देशलाई कृषि उपज आयात गर्ने देश भनेर चिनिने बताउँदै उनले रासायनिक खेती गरेर पनि उत्पादन नबढेकोले अब प्राङ्गारिक खेतीतर्फ नै जोड दिनुपर्ने बताए ।

"हामीले रसायनिक मल प्रयोग गरेपनि उत्पादन बढ्न सकेको छैन, उनले भने ।

अब दिगो कृषि अपनाउन के गर्न भन्नेतिर लाग्नु पर्ने उनले बताए । मन्त्रालयमा प्राङ्गरिक कृषि प्रवर्द्धनका लागि कार्यदल गठन भएपनि केही काम हुन नसकेको बताउँदै उनले भने, "प्रांगरिक कृषिका लागि कार्यदल गठन भएको थियो । कार्यदलले प्रतिवेदन बनाएर बुझाएको पनि थियो तर अहिलेसम्म केही प्रतिक्रिया आएको छैन ।"

कृषि विभागका महानिर्देशक डा.गोविन्द शर्माको अध्यक्षतामा भएको कार्यक्रममा कृषि मन्त्रालयका सचिव राजेन्द्र भारीले सबैको खाद्यको पहुँच पुर्‍याउन र दिगो विकासको लागि मन्त्रालयले कृषकको वर्गीकरणको लागि आवश्यक काम गरिरहेको बताए ।

"अब हामी कृषकको वर्गीकरण गरेर सिस्टममा भौचर प्रणालीमार्फत सुविधा दिने योजना बनाएका छौं, उनले भने, सातै प्रदेशबाट किसानको तथ्याङ्क पनि माग गरिएको छ ।' नेपालको कृषि अनुदानले नै बिग्रेको भन्दै सचिव भारीले अब कुनै लक्षित

प्रोजेक्ट बाहेक अन्यमा ५० प्रतिशतभन्दा बढी अनुदान नदिने गरी कार्यविधि बनाइन लागेको बताए ।

उनले पकेट, ब्लक, जोन, सुपरजोन मार्फत खाद्यान्न उत्पादन गरिएको बताउँदै खाद्यान्न उत्पादनमा वृद्धिका लागि बढाउन विभिन्न पकेट, जोन, सुपरजोन विस्तार गरिरहेको बताए । आगामी दिनमा रसायनिक खेती कम गर्दै लैजाने र प्राङ्गारिक खेतीलाई बढावा दिँदै लैजाने मन्त्रालयको योजना भएको उनले बताए ।

उनका अनुसार किसानका कृषि उपज जस्तै धान खाद्य व्यवस्था तथा व्यापार कम्पनीले मात्र किन्न नसक्ने भएकाले निजी र स्थानीय सरकारले किनेर बेच्ने गरी कार्यविधि बनाइने भएको छ ।

४० औ खाद्य दिवसको अवसरमा बिउ उत्पादन तथा वितरण, कृषि बजार व्यवस्था समिति, मेलिफेरा मौरी व्यावसायी, सेरेना मौरी व्यवसायी, प्राङ्गारिक खेती अभियान र विश्व खाद्य दिवसका अवसरमा छापिएका सर्वोत्कृष्ट लेख रचना गरी ४ वटा विधामा पुरस्कार वितरण गरिएको थियो । त्यस्तै, कोभिड १९ का कारण सिमान्तकृतहरूलाई खाना खुवाउने सामाजिक अभियन्ताहरूलाई पनि समान्न गरिएको छ ।

कृषि विज्ञ डा कृष्ण पौडेलले ४० औ विश्व खाद्य दिवसको साताव्यापी अभियानले विद्यमान खाना र खेतीपाती प्रणालीलाई परिवर्तन गर्नुपर्ने विषयलाई थप उजागार गरेको बताए । साताव्यापि कार्यक्रममा खाद्य तथा कृषिसँग सम्बन्धित १४ वटा सम्वाद भएको र २६० जनाले टिप्पणी गरेको उनले जानकारी गराए । उक्त कार्यक्रमका लागि चारलाख ५० हजार रुपैयाँ खर्च भएको र केही रकम वचतसमेत भएको उनको भनाई छ ।

विश्व खाद्य दिवसको अवसरमा एफएओका चिफले अडियो सन्देश पठाएका थिए । उनले अक्टुबर १, १९४५ मा जन्म भएको एफएओको लागि र विश्वको लागि आजको दिन विशेष दिन रहेको बताए ।

विश्वलाई कृषि र खाद्यको पुनरुद्धार आवश्यक छ, जुन उनीहरूको आधारभूत आवश्यकता हो उनले आफ्नो सन्देशमा भने, त्यसपछि राष्ट्रहरू एक साथ भए र एफएओ स्थापना गरे । त्यसपछि एफएओले किसानहरूलाई सशक्त बनाउन बढी काम गर्‍यो । हामीले विश्वव्यापी खाद्य सुरक्षाको लागि समाधान प्याकेजलाई बढावा दियौं ।'

एफएओले अधिक उत्पादन गर्न र अधिक खाना खुवाउने देशहरूलाई प्रोत्साहित गर्न विशेषज्ञता, ज्ञान र अनुसन्धान प्रदान गर्ने गरेको बताउँदै उनले एफएओको अस्तित्वको पहिलो २५ वर्षमा कृषकको उत्पादनमा ७५ प्रतिशतले वृद्धि भयो तर विश्वमा फिड मात्र बढी हेक्टरहरू र ट्र्याक्टरहरू मात्र भएर नपुग्ने बताए ।

उनले भने, "यी ७५ वर्षमा हामी अघि बढ्दै गइरहेका छौं, तर हाम्रो काम अझै सकिएको छैन । हामीले  लामो यात्रा पार गर्नुपर्नेछ । अर्बौं मानिसहरु अझै पनि स्वास्थ खानाको पहुँचमा सक्षम छैनन् ।"

कार्यक्रममा एफएओ नेपालका आवासीय प्रतिनिधीका सन्देश एफएओ नेपालका प्रतिनिधि डा.विनोद शाहीले पढेर सुनाएका थिए । विश्व खाद्य दिवस यस वर्ष कोभिड-१९,ले खाद्य सुरक्षा र कृषि जीविकामा खतरनाक असर गरेको उल्लेख गर्दै उनले विश्वव्यापी सहयोग र ऐक्यवद्धताको लागि आह्वान गर्ने यो राम्रो अवसर रहेको सन्देशमा भनेका छन् ।

यो कोभिडको समयमा धेरै मानिस खाना विना बाँच्न वाध्य रहेको उल्लेख गर्दै खाना जीवन र हाम्रो संस्कृति र समुदायहरूको पहिचानको सार रहेको बताए ।

सुरक्षित र पौष्टिक खानामा पहुँचको संरक्षण गर्नु कोभिड १९ महामारीको जिम्मेवार पाटो रहेको बताउँदै उनले यसलाई जारी राख्नुपर्ने कुरामा जोड दिए ।


कृषि उत्पादनमा वृद्धि र सहजता,

कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता

देश आत्मनिर्भरताको मूल आधार, कृषि

विकासमा नविनम् सुधार

**कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र (CAIDMP)**



**कारोना भाइरस उपचार कोषमा रकम जम्मा गर्ने आह्वान गरिएका सूचना**

विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको सङ्क्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुनु आव्हान गरिएको व्यहोरो सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैङ्कको नाम** : राष्ट्रिय वाणिज्य बैङक

**शाखा** : सिंहदरवार परिसर

**खाताको नाम** : कोरोना भाइरस सङ्क्रमण, नियन्त्रण तथा उपचार कोष

**खाता नं.**: ११६०००००११०१

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रशारण विभाग

# महासंघको नेतृत्व पाउँदा गौरवान्वित छु : नेतृ भुसाल

*नेपालको कृषि क्षेत्रको विकास, महिलाहरू सहभागीता र योगदान, शिक्षित महिला भएर पनि कृषि क्षेत्रमा लाग्नको कारणु, किसान महासंघको कार्यलय सचिवको भूमिका निर्वाह गर्न पाउनु, खण्डीकरण बन्दै गएको कृषि भूमि, भविष्यमा महिलाहरूको कृषि क्षेत्रमा सहभागीताको बारेमा अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य तथा कार्यालय सचिव **सरिता भुसाल**सँग कृषि जर्नल मासिकका लागि **धनबहादुर मगर**ले गरेको कुराकानीको प्रस्तुत अंश :*



*सरिता भुसाल*

*नेतृ : अखिल नपाल किसान महासंघ केन्द्रीय सदस्य तथा कार्यालय सचिव*

**यहाँको परिचय दिनुहोस ?**
व्यक्तिगत रुपमा मेरो नाम सरिता भुसाल । स्थायी घर लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्ला छत्रदेव गाउँपालीका वडा नं ७ मा पर्छ । शैक्षिक रुपमा अंग्रेजी भाषा र समाजशास्त्रमा स्नातकोत्तर गरेको छु । संस्थागत रुपमा अखिल नेपाल किसान महासंघको केन्द्रीय सदस्यका साथै केन्द्रीय कार्यालय सचिबको रुपमा जिम्मेवारी निर्वाह गरिरहेको छु ।

**कहिले देखि किसान महासंघमा आवद्ध हुनुभयो ? र त्यसभन्दा पहिले के गर्नु हुन्थ्यो ?**
अखिल नेपाल किसान महासंघ अन्तर्गत रहेको सामुदायिक संगठन महिला किसान संघ नेपालको सचिवको रुपमा करिब ५ वर्ष काम गरे । महासंघको एकीरण पश्चात केन्द्रीय सदस्य तथा कार्यालय सचिवको जिम्मेवारी पाएको छु ।
किसान महासंघमा आवद्ध हुनु अगाडी म विभिन्न सामाजिक संघ-सस्थामा आवद्ध भइ सामाजिक आन्दोलनमा सहभागी थिएँ । विशेषगरी महिला अधिकारको क्षेत्रमा क्रियाशिल थिए भन्दा उपयुक्त हुन्छ होला ।

**तपाई पढेलेखेको महिला, राम्रो जागिर खाएर बस्नुको सट्टा कृषि जस्तो कठीन कार्यसँग सम्बन्धित संघमा आवद्ध हुनु भएको छ । कता-कता किसान महासंघमा लागेर आफ्नो भविष्य बिगाऱ्यो कि जस्तो लाग्दैन ?**
शैक्षिक रुपमा २, ३ वटा सर्टिफिकेट म सँग छन् होला तर त्यसको सार्थकता जागिर खाएर आफ्नो जीवनलाई त्यतीमा मात्र सीमित गर्ने कुरामा मेरो रुचि रहेनछ । म किसानको छोरी भएकोले मेरो आधारभुत जिवन र शिक्षा मेरो परिवारले गरेको कृषि पेशाबाट नै चलेको हो । जसले गर्दा कृषि पेशाको कठिनाई, समस्या र यस पेशाप्रतिको सामाजिक धेय दृष्टिकोणको अनुभुति त्यति नै बेला देखि थियो ।
सामाजिक संघ-संगठनमा काम गर्दै जाँदा त्यस प्रकृतिको कामबाट पनि म सन्तुष्ट हुन सकिन । काम गर्ने क्रममा मलाई के अनुभूति भइरह्यो भने नेपालको आधारभूत वहुसंख्यक वर्ग भनेको किसान हो, त्यसमा पनि अधिकांश महिलाहरू कृषि पेशामा संलग्न छन् । उहाँहरूलाई सोही क्षेत्रमा अधिकार सम्पन्न गराउनु पर्छ भन्ने थियो । यही विषयमा छलफल गर्दा-गर्दै महिला किसान संघको तत्कालीन अध्यक्ष जीवन्ति पौडेलले प्रस्ताव गर्नु भयो र म किसान आन्दोलनमा संलग्न हुन पुगे । यो आन्दोलनबाट मैले पाउने कुराको कुनै अपेक्षा छैन, यस आन्दोलनमा मैले पनि केही योगदान गर्न सक्छु कि भन्ने मात्र मेरो उद्देश्य रहेकोले मैले पश्चाताप होइन यति विशाल संगठनको जिम्मेवारी पाएकोमा गौरव गर्छु ।

**यहाँ अखिल नेपाल किसान महासंघको केन्द्रीय सदस्य र कार्यालयको सचिवको जिम्मेवारी पनि पाउनु भएको छ यी दुबै जिम्मवारी पूरा गर्नुपर्दा कुनै कठिनाई झेल्नु परेको छ कि बताई दिनुहोस् ?**
युवा, महिला लगायत पछाडी पारिएको समुदायको नेतृत्व विकास गर्ने जिम्मेबारी हस्तान्तरण गर्दै जाने विषयमा महासंघको नेतृत्व प्रतिवद्ध रहेको छ । सोही मान्यता अनुरुप महासंघमा रहेको अनुभवी, दक्ष र सहयोगी नेतृत्वको प्रोत्साहन, सहयोग र मार्गनिर्देशनको कारण कुनै असजिलो परिस्थिति छैन बरु उत्साहपूर्ण छ ।

**अरु किसान संघहरू र अखिल नेपाल किसान महासंघको बीचमा के भिन्नता पाउनु भएको छ ?**
अरु किसान संघहरु पनि आ-आफ्नो तवरले काम गरिरहेका छन् । ती संघ-संगठनहरुले पनि किसानको हक अधिकार स्थापित गर्न सक्दो प्रयास गरिनै रहेका छन् । अरु संघ- संगठनहरुसँग तुलना गरेर हेर्नु भन्दा पनि अखिल नेपाल किसान महासंघले आफ्नो नीति र सिद्धान्त अनुसार काम गरिरहेका छन् । यसका विशेषताका कुरा गर्ने हो भने आम नेपाली किसान समक्ष पुगेको नेपालको सबैभन्दा ठूलो किसान संगठन हो । यो संगठन दक्षिण एसियाको तेस्रो ठूलो संगठन हो । यसले देशको किसान आन्दोलनमा मात्र नभई अन्तर्राष्ट्रिय र क्षेत्रीय तहका किसान आन्दोलनमा महत्वपूर्ण योगदान गर्दै आएको छ । यस महासंघमा जम्मा २६ वटा वर्गीय, सामुदायिक र विषयगत उत्पादन संघहरु आवद्ध छन् । नीतिगत पैरवीदेखि आधारभुत तहका उत्पादक किसानहरूका सवालहरुमा सशक्त आवाजको रुपमा अखिल नेपाल किसान महासंघ क्रियाशिल छ । यति मात्र नभई किसान महासंघले नेपाली कृषि क्रान्तिको प्रष्ट दिशा निर्देश सहितको कार्यक्रम अबलम्बन गरेको छ ।

**नेपालमा महिलालाई आधा आकाश आधा धर्ती भनिन्छ । नेपाली कृषिमा महिलाहरूको सबभन्दा ठूलो योगदान पनि छ । तर अहिले केही समय पछि नेपाली महिलाहरू कृषिबाट अलग हुँदै गएको छ भन्ने कुरामा सहमत हुनुहुन्छ ?**
नेपाली महिलाहरूलाई लामो समयसम्म धर्तीको आशामा आकाश देखाएर झुक्याइदै आइएको थियो । तर नेपालको संविधानमा छोराछोरीको पैत्रिक सम्पत्ति/जमीनमाथि समान अधिकार स्थापित भएको छ । यद्यपि यसको कार्यान्वयन भने हुन सकेको छैन । कृषिमा महिलाहरूको योगदानको कुरा गर्दा हिजोदेखि नै उनीहरूको भूमिका अधिक थियो र आज पनि रहँदै आएको छ । २०६८ को जनगणनाको प्रतिवेदन अनुसार जम्मा कृषिमा संलग्न ६५.६० प्रतिशत जनसंख्याको ६०.३ प्रतिशत पुरुष हुनुहुन्छ भने ७२ प्रतिशत भन्दा धेरै महिलाहरूको संलग्नता छ । उक्त तथ्याङ्क अनुसार कृषि क्षेत्रमा महिलाहरूको योगदान अधिक संख्या र समयमा रहेको देखिन्छ
जहाँसम्म नेपाली महिलाहरू कृषिबाट अलग हुने कुरा छ, हालसम्मको अवस्था हेर्दा महिलाहरू कृषि क्षेत्रबाट अलग हुने संख्या न्यून रहेको छ । यद्यपि यो सम्भावना भने विभिन्न कारणहरुले गर्दा बढ्दै जाने देखिन्छ । यसो हुनुको प्रमुख कारणहरुमा कृषिको व्यवसायिकरण र आधुनिकीकरण गर्दै जाने क्रममा कृषि उत्पादनका लागि आवश्यक स्रोत साधनहरुमाथि महिलाको पहुँच र स्वामीत्व नहुनाले उनीहरू व्यवसायिक उत्पादनमा रुपान्तरण हुन नसक्नु ।

अधिकांश ग्रामीण युवाहरूको वैदेशिक रोजगारी र आन्तरिक रोजगारीमा गएका कारण कृषि क्षेत्रको प्रमुख जिम्मेवारी महिलामा रहेकोले उनीहरूमा बहुआयामिक कामको अत्यधिक कार्य बोझ बढ्नु, सो कार्यबोझ धान्न नसकि उनीहरू कृषि पेशा छोड्न बाध्य हुने अवस्था छ । यसका साथै कृषि औजारहरु महिला मैत्री नहुनु, प्रविधि र लगानीमा महिलाको पहुँच नहुनु पनि एउटा कारण रहेको छ भने महिला किसानहरुको विशेष आवश्यकताहरुलाई सम्वोधन गर्ने कुनै व्यवस्था नहुनु र ग्रामीण तहमा गुणस्तरीय शिक्षा नहुँदा बालबच्चाको शिक्षाको लागि पनि बाध्यतावश शहरतिर तथा अन्य पेशाहरुतर्फ आकर्षित हुने सम्भावना रहेको छ ।

**यहाँ कार्यालय सचिवअधिको जिम्मेवारी निभाईरहेको अवस्थामा किसानहरूको समस्या आउँदा सबभन्दा पहिले तपाईले नै हेर्नु हुन्छ । यस क्रममा किसानहरूको कस्ता-कस्ता समस्याहरू आएको पाउनु भएको छ ?**

किसानका मुख्य समस्या भनेको मल, बिउ, कृषि औजार, प्राविधिक जस्ता अतिआवश्यक वस्तु तथा सेवाको सहज रुपमा समयमा आपुर्ति हुन नसक्नु । उत्पादित वस्तुले उपयुक्त बजार नपाउनु । बजार पाएमा मूल्य नपाउनु । मूल्य पाउनेले समयमै भुक्तानी नपाउने । सिँचाईको अभाव हुनु । कृषि श्रमिकको अभाव । अनुदानको आवश्यकता अनुसार नहुनु र वास्तविक किसान समक्ष पुग्न नसक्नु । कृषि बिमा व्यापक र सरलीकृत नहुनु । सहज रुपमा सुलभ कृषि ऋण उपलब्ध नहुनु लगायतका विविध समस्याहरुसँग दैनिक रुपमा किसानहरूले संघर्ष गरिरहनु परेको छ । सामाजिक रुपमा भन्नु कृषि पेशा र किसानहरूलाई सम्मानको सट्टा हेय भावको दृष्टिकोणबाट हेरिनु । नीतिगत रुपमा हेर्दा देशको ६५ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि हुदापनि अरबौ रुपैयाँ बरावरको कृषि तथा कृषिजन्य उपजहरु अन्य देशहरुबाट आयात् गर्नु पर्ने अवस्था हुनु । प्रचुर कृषि विकासका सम्भावना रहेको प्राकृतिक स्रोत साधनले सम्पन्न देशका ६० लाख भन्दा धेरै युवाहरूको रोजगारीको अभावमा वैदेशिक रोजगारीमा जान बाध्य हुनु । नीतिगत रुपमा सकारात्मक कदम नचालिएका होइनन् तर ती नीतिले वृहत्तर रुपमा परिणाम ल्याउन नसक्नु हो ।

**नेपालको कृषिमा महिलाहरूको योगदान बताईदिनुहोस न ?**

नेपालको कृषिमा महिलाहरूको योगदान अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ । हामीलाई थाहा छ नेपालको कृषि क्षेत्र महिलाहरूले नै धानिरहेका छन् चाहे किसानको रुपमा होस् वा कृषि श्रमिकको रुपमा होस् । नेपालको जनसंख्याको हिसावले करिब ७२ प्रतिशत महिलाहरू कृषि क्षेत्रमा किसानको रुपमा रहेका छन् । कृषि क्षेत्रमा उनीहरुको अधिक समय र श्रम लगानी भइरहेको छ । उत्पादनदेखि उत्पादित वस्तुलाई भोजनको रुपमा ग्रहणयोग्य बनाउने (Seed to Feed) सम्मको उनीहरूको भूमिका छ । यद्यपि उनीहरूको योगदान अनुरुपको सुविधा, अधिकार र पहिचान भने ज्यादै न्यून् छ । पछिल्लो समयमा नेपालको कृषि क्षेत्रमा भएको महिलाकरण अधिकारको आधारमा नभई मात्र श्रम सहभागीताको रुपमा मात्र रहेको देखिन्छ ।

**खेतीयोग्य जमीन घर-घरेडी बनाएर सकिन लागेको छ । यस्तो अवस्थामा नेपाली कृषि क्षेत्रको विकास कसरी बढ्ला ?**

यो सवाल आफैमा महत्वपूर्ण रहेको छ । अखिल नेपाल किसान महासंघले कृषि भूमिको खण्डीकरण गर्दै घडेरीको रुपमा खरिद बिक्री गर्ने दलाली प्रवृतिको विरुद्ध विभिन्न रुपमा विरोध गर्दै आइरहेको छ । नेपालको कूल २८ प्रतिशत भूमि मात्र कृषियोग्य रहेको छ । सो भू-भागमा १ करोड ५५ लाख ३८ हजार १ सय ६ जना जग्गाधनी रहेका छन् भने सो जमीन ३ करोड ६२ लाख ५० हजार ९ सय ५९ कित्तामा विभाजन भएको छ । नेपालको सन्दर्भमा हेर्दा जमीनलाई उत्पादन भूमिको रुपमा नभई निजी सम्पत्तिको रुपमा प्रयोग भएको कारण पनि परिवार विस्तार हुदै जाँदा भूमिको खण्डीकरण एकातिर बढीरहेको छ भने अर्कोतिर विना योजना कृषि भूमिको प्लटिङ्ग गरी भूमिको व्यापार गर्ने काम अनियन्त्रित रुपमा बढेको छ । जसको कारण कृषि भूमिको दुरुपयोग भईरहेको छ । सरकारले एकीकृत वस्ती विकासको योजना ल्याउनु र निश्चित मापदण्ड निर्माण गरी कृषि भूमिको चक्लावन्दी गरी खेति गर्ने अभ्यासको शुरु गर्न ढिला भइसकेको छ । अन्यथा जति प्रयास गरेपनि हामी हाम्रो जस्तो कृषि उत्पादनको अधिक सम्भावना भएको देश पनि कृषि उत्पादनबाट आत्मनिर्भर बन्न सक्दैन । कृषि भूमिलाई थप खण्डीकरण हुन नदिन र कृषि उत्पादनलाई बढाउनका लागि भू-उपयोग ऐनको आधारमा भूमिको वर्गीकरण गर्ने र भू-उपयोगको लागि स्थानीय तहसम्मका आधिकारिक संरचना निर्माण गरी काम गर्नुपर्दछ ।

**कृषि क्षेत्रमा महिलाहरूको सहभागीता प्रभावकारी बनाउन के गर्नु पर्ला ?**

कृषि क्षेत्रमा महिलाहरूको सहभागीता माथि नै उल्लेख गरिसकेकी छु । यहाँ मुख्य सवाल महिलाहरूलाई कृषि क्षेत्रमा स्थापित गर्न प्रोत्सान र प्रवर्धन गर्नु हो । जसको लागि महिला किसानहरुलाइ उत्पादनका आधारभूत स्रोत साधन र लगानीमाथि अधिकार स्थापित गराउँदै उनीहरूद्धारा उत्पादित उपजहरु र त्यसबाट हुने नाफामा पूर्ण स्वामित्वका साथै यस क्षेत्रमा आफ्नो वृति विकास गर्ने अवसरहरुको विकास गर्न र महिला किसानका विशेष आवश्यकताहरुलाई विशेष तवरबाट सम्बोधन गर्ने गरी स्पष्ट रणनैतिक दृष्टिकोण सहित एकीकृत महिला मैत्री कृषि प्रणालीको विकास गर्नु पर्दछ । अन्यथा वाध्यता बाहेकको अवस्थामा महिलाहरू कृषि क्षेत्रबाट पलायन हुँदै जाने अवस्था आउने छ ।

**नेपाल सरकार कृषि, पशुपन्छी विकास मन्त्रालयले किसानमूखी कार्यक्रम ल्याउन सकेन भनिरहेको छ यस विषयमा के भन्नु हुन्छ ?**

नेपाल सरकार कृषि, पशुपन्छी विकास मन्त्रालयले किसानमूखी कार्यक्रम ल्याउन नखोजेको त पक्कै होइन होला तर, जतिपनि कार्यक्रमहरु ल्याए तिनले किसानका आधारभूत आवश्यकता र समस्या समाधान गर्न नसक्नुका पछाडि धेरै कारणहरु छन् । साथै कृषि तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भर बन्न सकेको छैन । नेपालमा संस्थागत रूपमा कृषिको विकास शुरुवात वि.सं. १९७८ बाट भएको भएता पनि आजसम्म खासै सकारात्मक परिणाम ल्याउन नसक्नुले त तपाईको भनाईलाई सत्य सावित गर्दछ । कृषि क्षेत्रमा व्यापक अध्ययन अनुसन्धानका आधारमा भूगोल तथा स्थानीय आवश्यकता अनुरुपका कार्यक्रम भूईं तहबाट बनाइनुपर्छ तबमात्र किसानमैत्री हुन सक्दछन् भन्ने मेरो बुझाई रहेको छ । किसानमैत्री र उत्पादन प्रवर्द्धन गर्ने कृषि नीतिका रुपमा किसान महासंघले नेपालको कृषि क्रान्तिको कार्यक्रमलाई अगाडी सारेका छन् ।

**किसान महासंघको भावी योजना, नीति तथा कार्यक्रमहरू बताईदिनुहोस् ?**

अखिल नेपाल किसान महासंघ दुईवटा किसान संगठनहरुको एकीकरण पश्चात विशाल किसान संगठनको रुपमा स्थापित भएको छ । २६ वटा विभिन्न वर्गीय, सामुदायिक र विषयगत उत्पादक किसान संघको छाता संगठनको रुपमा तथा आम किसानहरूको प्रतिनिधि संस्थाको रुपमा किसान महासंघ क्रियाशिल रहेको छ ।

किसान महासंघ छोटो, मध्यम र लामो अवधिका रणनैतिक योजना अनुसार काम गरिरहेको छ । महासंघको दीर्घकालीन योजना भनेको नेपालको कृषि क्रान्तिको कार्यक्रलाई व्यवहारमा लागु गर्ने हो । नेपाली समाज एक प्रकारको राजनैतिक परिवर्तन पश्चात आर्थिक, सामाजिक रुपान्तरणको चरणमा प्रवेश गरेको छ । त्यसैले अब किसान महासंघको नीति तथा कार्यक्रमहरु भनेको सांगठनिक कार्यक्रमका साथ-साथै कृषि तथा कृषिजन्य उत्पादनमा राष्ट्रिय रुपमा आत्मनिर्भर हुँदै किसानको जीविनस्तरमा सुदृढीकरण ल्याउनु हो । जसका लागि स्वेच्छिक चक्लाबन्दीको माध्यमबाट संगठनको हरेक सदस्यहरूलाई व्यवसायिक उत्पादनमा प्रोत्साहन र प्रवर्द्धन गर्दै स्थापित गराउने रहेको छ । छोटोमा भन्दा महासंघको नीति तथा कार्यक्रम यिनै विषयहरुमा केन्द्रीत छन् ।

# नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, जल तथा मौसम विज्ञान विभागद्धारा जारी कृषिका लागि बुलेटीन

**मौसमी सारांश :**

◆ साताको सुरु र मध्यमा बागमती प्रदेश र लुम्बिनी प्रदेशमा छिटपुट देखि हल्का वर्षाको सम्भावना छ । साताको मध्यमा गण्डकी प्रदेशका थोरै स्थानमा तथा साताको अन्त्यमा प्रदेश नं १ र प्रदेश नं २ मा हल्का वर्षाको सम्भावना छ ।

◆ हिमाली भू-भागहरूमा अधिकतम् र न्यूनतम् तापक्रममा हल्का गिरावट आउने, पहाडी भू-भागहरूमा न्यूनतम् तापक्रममा हल्का गिरावट आउने र अधिकतम् तापक्रममा उल्लेखनिय परिवर्तन नहुने तथा तराई भू-भागमा अधिकतम् र न्युनतम् तापक्रममा उल्लेखनिय परिवर्तन नहुने संभावना छ ।



◆ सुदूर पश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशको पश्चिमका केही भू-भागबाट असोज १५ गतेनै मनसुनबहिर्गमन भइसकेकोमा असोज ३०देखि देशको सम्पूर्ण भू-भागवाट यस वर्षको मनसुन बहिर्गमन भएको छ ।

**कृषि सारांश:**

◆ मौसमको अनुकुलता हेरी पाकिसकेको धानलाई भित्र्याउनुहोस् । धानको बीउ छनौटको लागि एकनासले पाकेका, रोग नलागेका पुष्ट बाला संकलन गरेर चुटानी गरि ३-४ घाममा सुकाएर सेल्फोस राखी खायन धानबाट अलग्गै भण्डारण गर्नुहोस् ।

◆ जिरो टिलेज प्रविधिबाट गहुँ खेती गर्दा परम्परागत तरिका भन्दा १५-२५% बढी उत्पादन लिन सकिने भएकोले यो प्रविधिबाट गहुँ खेती गर्नुहोस् ।

◆ गहुँवालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते भित्र र तराईमा मंसिर १ देखि २५ गते भित्र गहुँ छरिसक्नुहोस् । पहाडका लागि सिन्दुरे रोग अवरोधी बीउहरू : स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल. ९७१, आदित्य जातका बीउ उपचार गरेर मात्र छर्नुहोस् ।

◆ तराईमा आलु लगाउने समय भएकोले भण्डारणबाट निकाली राम्रोसँग टुसा उम्रिएका, रोग तथा कीराको संक्रमण नभएका सिफारिस गरिएका खुमल उपहार, खुमल उज्ज्वल, खुमल लक्ष्मी, खुमल रातो-२, कुफ्री सिन्दुरी, आइ.पी.वाई.(८, डेजिरे, कार्डिनल मध्ये उपलब्ध जातहरूको गुणस्तरीय बीउ मौसमको अवस्था हेरी रोप्नुहोस् ।

◆ हिउँदे तरकारीहरूको नर्सरी ब्याड तयार गर्दा जग्गा खनजोत गरि १ भाग फर्मालिन ५० भाग पानीमा घोली जमिन भिज्नेगरी हालेर प्लास्टिकले ७ दिनसम्म ढाकी माटो उल्टाई पल्टाई गर्नुहोस् ।

◆ बेर्ना सारेको १५-२० दिन भएको तरकारी बालीहरूको बोट वरिपरि रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस् ।

*साताको सुरु र मध्यमा बागमती प्रदेश र लुम्बिनी प्रदेशमा छिटपुट देखि हल्का वर्षाको सम्भावना हुनुका साथै साताको मध्यमा गण्डकी प्रदेशका थोरै स्थानमा तथा साताको अन्त्यमा प्रदेश नं १ र प्रदेश नं २ मा हल्का वर्षाको सम्भावना भएकोले मौसमको अनुकुलता हेरि पाकिसकेको धानलाई*

◆ गोलभैंडामा डढुवा रोगको प्रकोप कम भए मेन्कोजेब २.५ ग्राम र बढि भए क्रिलाक्सिल एम.जेड. को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर बोट भिज्नेगरी स्प्रे गर्नुहोस् ।

◆ यस समयमा केरामा गबारो कीरा देखिएमा बगैंचाको सर-सफाई गर्ने, घारि काटि सकेपछिका ठुटाहरूलाई नष्ट गर्ने वा बोटको कापमा वा गुवोमा कार्वोफ्युरान ५-७ ग्राम राख्नुहोस् ।

◆ स्याउ टिपि सकेपछि पनि बोटमा कत्लेकीराको प्रकोप रहिरहने हुँदा यसको व्यवस्थापनको लागि खनिज तेल (सर्वो-१०देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई कीरा लागेको स्थानमा भिज्ने गरिसात (सातदिनको अन्तरालमा तीन पटक छर्कनुहोस् ।

◆ चाडपर्वको बेलामा आयात् हुने खसी, बोका, भेडा, च्याङ्ग्रा घरेलु वथानमा मिसाउनु भन्दा पहिले कम्तीमा सात दिनसम्म अलग्गै राख्नुहोस् । साथै आफ्ना घरमा पालिएका खसी, बोका, भेडा, च्याङ्ग्राहरूमा पिपिआर र खोरेत विरुद्ध खोप लगाउनुहोस् ।

◆ भर्खर जन्मेका बाच्छा-बाच्छीहरूमा पिंक आई संक्रमणका लागि अनुकुल वातावरण भएकोले यो रोग देखापरेमा १५ बोरिक एसिडको झोल बनाई तीन-तीन घण्टाको फरकमा आँखा सफा गरिदिनुहोस् ।

◆ बाखाको मोओला लागेमा ५५ पोभीडन आयोडिन वा १५ कपर सल्फेट वा २५ बोरिक एसिडको झोल वा १५ पोटासको घोलले मुख सफा गर्नुहोस् ।

◆ तापक्रम बदलाबबाट माछालाई हुनसक्ने तनाव कम गर्न बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको वायुयन्त्र प्रति हेक्टर जलाशयमा प्रयोग गर्नुहोस् साथै दैनिक दिने दानामा दिन बिराई भिटामीन सी ०.५ ग्राम प्रति के.जी. दरले थप गरि दिनुहोस् ।

◆ मध्यपहाड र तराईमा हिउँदे घाँसहरू : बर्सिम, मेस्कावी, वरदान, गिजी, बि.एल २२, यु.पी.वी.१०३ आदि जातहरू : जै, भेच, केराउ, टियोसेन्टी (मकै चरी), बाजरा आदि लगाउन शुरु गर्नुहोस् ।

**खाद्यान्न बाली** :

◆ साताको सुरु र मध्यमा बागमती प्रदेश र लुम्बिनी प्रदेशमा छिटपुट देखि हल्का वर्षाको सम्भावना हुनुका साथै साताको मध्यमा गण्डकी प्रदेशका थोरै स्थानमा तथा साताको अन्त्यमा प्रदेश नं १ र प्रदेश नं २ मा हल्का वर्षाको सम्भावना भएकोले मौसमको अनुकुलता हेरि पाकिसकेको धानलाई भित्र्याउनुहोस् ।

◆ धानको बीउ छनौटको लागि एकनासले पाकेका, रोग नलागेका पुष्ट बाला संकलन गरेर चुटानी गरि राम्रोसँग घाममा सुकाएर सेल्फोस राखी खायन धानबाट अलग्गै भण्डारण गर्नुहोस् । धान काटिसकेपछि ३-४ घाम सुकाई : केलाइगरेर भण्डारण गर्नुहोस् । बीउ भण्डारणको लागि सुपर ब्यागको प्रयोग गर्नुहोस् । सुपर ब्याग उपलब्ध नभएको अवस्थामा हावा नछिर्ने भाँडो (मेटल वीन, घ्याम्पो, भकारी, आदी) मा सेलफस

२-३ चक्की प्रति टनको दरले राखि बीउ भण्डारण गर्नुहोस् ।

◆ धानमा बाला लागेर पाक्ने अवस्थामा छ भने विषादी प्रयोग नगर्नु उपयुक्त हुन्छ तर भर्खरै बाला पसाउने अवस्थामा छ भने प्राविधिकको सल्लाहमा मात्र विषादीको प्रयोग गर्नुहोस् ।

◆ धानको कालोपोके रोग र उड्बट्टा रोग अथवा सिन्के धुप रोग (Udbatta disease or Incense rod disease)को व्यवस्थापनको लागि खेतमा रहेका रोगी बोटका बालाहरू नष्ट गर्नुहोस् । साथै त्यस्तो बोटबाट बीउ नछान्नुहोस्।

◆ धानको फड्के कीराहरू धानखेतमा एउटा धानको गाँजमा ८ देखि १० वटा वयस्क फड्के कीराहरू भन्दा धेरै देखिएमा व्यवस्थापनका विधिहरू अपनाउनुहोस् । कीराको प्रकोप सामान्य अवस्थाको छ भने धानखेतमा एक हप्ताको लागि पानी सुकाउँदा यसको नियन्त्रण भएर जान्छ । कीराको प्रकोप ज्यादै भएमा इमिडाक्लोरोपिड (Imidachlorpid 17.8% SC) १ एम.एल. प्रति लिटर पानीमा मिसाई वा फिप्रोनिल (Fipronil 0.3% G) १५-२० के.जी.प्रति हेक्टरको दरले वा एप्लाउड 25% EP-Buprofezin) १ ग्राम प्रति लिटरका दरले पानीमा मिसाई साँझको समयमा छर्कनुहोस् ।

◆ धानखेतमा पतेरो कीरा (Rice Gundhi bug)को प्रकोप ज्यादा भएमा मालाथिएन ( Malathion 50% EC) २ मिलिलिटर प्रति लिटर अथवा साइपरमेथ्रीन (Cypermethrin 25% EC) ०.५ एम.एल. प्रति लिटर पानीका दरले बिरुवा राम्ररी भिज्नेगरि साँझको समयमा छर्नुहोस् ।

◆ धानबालीमा मरुवारोग (ब्लाष्ट) व्यवस्थापनको लागि बीम वा अन्य कुनै ट्राइसाइक्ल्याजोल युक्त विषादी १ ग्राम प्रति लिटर पानीको दरले वा कासु वी २ मिलिलिटर प्रति लिटर पानीमा मिसाई ७-१० दिनको अन्तरालमा २ पटक छर्नुहोस् ।

**मकै :**

◆ मकैमा लाग्ने बाँदर धपाउन राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्रद्वारा विकसित बाँदर धपाउने मेसिन प्रयोग गर्नुहोस् ।

◆ खेतबारीको फरक-फरक ठाउँबाट मकैको घोगाको नमूना संकलन गरी बीचको दाना छोडाई खोयासँग जोडिएको भाग (नाथ्री) जाँच गर्दा कालो रंगमा परिणत भएको पाईएमा मौसमको अवस्था हेरी भाँच्न शुरु गर्नुहोस् । भाँचिसकेपछि रोग, कीरा लाग्नबाट बचाउन ३-४ घाम सुकाएर मात्र भण्डारण गर्नुहोस् ।

◆ मकै भाँचेपछि बाँकी रहेका अवशेषहरूबाट अर्को वर्षको मकैबालीमा ध्वाँसे थेग्ले रोग लाग्ने सक्ने हुँदा मकैका अवशेषहरूलाई राम्ररी जलाउनुहोस् ।



*केराको फलमा कोत्रेकीराले कोतरेर फलको गुणस्तर घटाउने हुनाले यसबाट प्रभावित बगैंचामा भएका बुङ्गोलाई बोरा अथवा प्लाष्टिकले बेर्ने वा बेलुकाको समयमा १ भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर राखेको झोल वा कुनै नीमजन्य विषादी ५ एम.एल. प्रतिलिटर पानीमा मिसाई फल लागेको ठाउँमा छर्कनुहोस् ।*

**गहुँ :**

◆ उच्चपहाडको लागि सिफारिस गरिएका गहुँका जातहरू (पासाङ् ल्हामु, डब्लु.के. १२०४, डाँफे, स्वर्गद्वारी, मुनाल, च्याखुरा मध्ये उपलब्ध जातको गणुस्तरीय बीउको समयमा नै व्यवस्था गरी ६.० के.जी. प्रति रोपनी बीउको दरले लगाउनुहोस् ।

◆ गहुँबालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न पहाडमा कार्तिक १ देखि २५ गते (नोभेम्बर १०) भित्र र तराईमा मंसीर १ देखि २५ गते ( डिसेम्बर १०) भित्र गहुँ छरिसक्नुहोस् । पहाडका लागि सिन्दुरे रोग अवरोधी बीउहरू : स्वर्गद्वारी, मुनाल, च्याखुरा तथा तराईका लागि बाणगंगा, बि.एल. ४३४१, एन.एल. ९७१, आदित्य जातका बीउ उपचार गरेर मात्र छर्नुहोस् ।

◆ गहुँ लगाउन जग्गा तयारीको बेला आवश्यक मात्राको मलखाद कम्पोष्ट वा गोठेमल ५०० के.जी., डि.ए.पी. ४.४ के.जी., युरिया २.७ के.जी., र म्यूरेट अफ पोटास ३.४ के.जी. प्रति रोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस् ।

◆ जिरो टिलेज प्रविधिबाट गहुँ खेती गर्दा परम्परागत तरिका भन्दा १५-२५% बढी उत्पादन लिन सकिने भएकोले यो प्रविधिबाट गहुँ खेती गर्नु उपयुक्त हुन्छ ।

**तोरी :**

◆ मध्य पहाडदेखि उच्च पहाडको लागि सिफारिस गरिएका तोरीको जात: लुम्ले-१, मध्य पहाडको लागि प्रगति र सुर्खेत स्थानिय तोरी -३, बेंसीको लागि उन्नति र प्रिती, तराई र भित्री मधेशको लागि विकास, प्रगति, उन्नति, प्रिती, मोरङ् तोरी-२, सुर्खेत स्थानीय तोरी -३ तथा नवलपुर स्थानिय-४ मध्ये उपलब्ध जात ०.५ के.जी. प्रति रोपनी वा ०.३४ के.जी. प्रति कट्ठा बीउका दरले उपचार गरिएको (२-३ ग्राम वेभिष्टिन प्रति के.जी. बीउका दरले) बीउ रोप्नुहोस् । जग्गा तयारीको बेला ५०० के.जी कम्पोष्ट १.६ के.जी. युरिया, ४.४ के.जी. डि.ए.पी.स १.७ के.जी. म्यूरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस् ।

**मुसुरो :**

◆ पहाडको लागि सिफारिस मुसुरोका जातहरू शिशिर, सिमल, शिखर, शितल, महेश्वर भारती, सगुन, खजुरा मुसुरो ३, मध्ये उपलब्ध जातको गणुस्तरीय बीउ २ के.जी. प्रति रोपनी बीउको दरले हारदेखि हारको दूरी २५ सेन्टिमिटर कायम गरि लगाउनुहोस् । बीउ रोप्नु अगाडि ढुसीनाशक विषादी वेभिष्टिन २ ग्राम प्रति के.जी. बीउमा मिसाई उपचार गर्नुहोस् । जग्गा तयारीको बेला कम्पोष्ट वा गोठेमल ३०० के.जी., डि.ए.पी. ४.४ के.जी., युरिया ०.५ के.जी., र म्यूरेट अफ पोटास १.४ के.जी. प्रति रोपनीका दरले माटोमा राम्ररी मिलाउनुहोस् ।

**फलफूल बाली :**

◆ केराको फलमा कोत्रेकीराले कोतरेर फलको गुणस्तर घटाउने हुनाले यसबाट प्रभावित बगैंचामा भएका बुङ्गोलाई बोरा अथवा प्लाष्टिकले बेर्ने वा बेलुकाको समयमा १ भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर राखेको झोल वा कुनै नीमजन्य विषादी ५ एम.एल. प्रतिलिटर पानीमा मिसाई फल लागेको ठाउँमा छर्कनुहोस् ।

◆ यस समयमा केरामा गबारो कीरा लाग्न सक्ने भएकोले नियमित अनुगमन गर्नुहोस् । गवारो देखिएमा बगैंचाको सर-सफाई गर्ने, घारि काटि सकेपछिका ठुटाहरूलाई नष्ट गर्ने वा बोटको कापमा वा गुवोमा कार्बोफ्युरान ५-७ ग्राम राख्नुहोस् । गवारो कीरालाई पासोको प्रयोग गरेर पनि नष्ट गर्न सकिन्छ, यसको लागि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर तीनवटा टुक्रा-टुक्राको विचमा स-सानोढुङ्गा ( कंक्रिट) राखेर पासो तयार पार्ने र ठाँउ-ठाँउमा राखेर प्रत्येक दिन यसको अवलोकन गरी पासोमा परेको कीरा नष्टगर्नुहोस् ।

◆ कागती वा निबुवा खेती गर्नुभएका कृषकहरूले कागतीको पात खन्ने सुलसुले लाग्ने भएकोले करेसा बारीमा भएका बोटमा गाईको गहुँत वा निमको पातको झोल १ भागमा ३ भाग पानी मिसाई ५-५ दिनको फरकमा ३ पटक छर्नुहोस् । व्यवसायिक कागती खेती गर्ने कृषकहरूले रोगर २ एम.एल. प्रति लिटर पानीमा घोलेर सात दिनको फरकमा ३ पटक छर्नुहोस् ।

◆ सुन्तला जात फलफूल बालीमा फल कुहाउने औंसाको अनुगमन गर्न, भालेको लागि पाराफेरोमोनमा आधारित जोना (ट्रेक (Zona–

trac) तथा तरकारी बालीहरूमा क्यु-ट्रेक (Cue-trac) र पोथी भिँगाको लागि जैविक (आकर्षक फेमिल्युर (Femi lure) प्रयोग गर्नुहोस्। छुट्टा-छुट्टैलाई केचर ट्रेप (McPhail Trap) मा एक-एक किसिमको मात्र ल्युर (Lure) र आकर्षित भई आएका कीराहरूलाई मार्न डीडीभिपी ट्रेपिङ्गस्ट्रिप (DDVP trapping stripe) राखी प्रयोग गर्नुहोस्। १-१ महिनाको अन्तरालमा जोनाट्रेक, क्युट्रेक, फेमिल्युर र डीडीभिपी ट्रेपिङ्ग स्ट्रिप फेर्दै जानुहोस्। भिँगालाई सामुहिक रुपमा आकर्षित गरि मार्न फेमिल्युरमा भिँगा देखिने बित्तिकै सेरानोक बेट स्टेसन (Ceranok bait station) बोटको हाँगामा झुन्ड्याई प्रयोग गर्नुहोस्र ४ महिना पछि पुन: उल्लेखित संख्या थप्दै जानुहोस्। पहिलो वर्ष प्रथम पटक प्रति हेक्टर १०० र ४ महिना पछि अर्को ७५ वटा, त्यसैगरी दोश्रो वर्ष पहिलोपटक ७५ र ४ महिना पछि पुन:अर्को ७५ तथा तेश्रो वर्षदेखि हरेक वर्ष पहिलो पटक ७५ र ४ महिना पछि ५० वटाको दरले सेरानोक बेट स्टेसन प्रयोग गर्दै जानुहोस्।

◆ किविको कटिङ्ग बिरुवा भन्दा कलमी बिरुवा रोप्दा फलको उत्पादन बढी तथा गुणस्तर राम्रो हुने हुँदा कलमी बिरुवा मात्र रोप्नुहोस्।

◆ स्याउ टिपि सकेपछि पनि बोटमा कत्ले कीराको प्रकोप रहिरहने हुँदा यसको व्यवस्थापनको लागि खनिज तेल (सर्वो-१० देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई कीरा लागेको स्थानमा भिज्ने गरि सात-सात दिनको अन्तरालमा तीन पटक छर्कनुहोस्।

**कफि बाली :**

◆ पोली ब्यागमा रोपिएका बेर्नाको पातमा डढुवा(Leaf blight), खैरो थोप्ले, फेद तथा जरा कुहिने रोग देखिन सक्ने हुँदा ०.५५ बोर्डो मिश्रण बनाई सबै पात भिज्नेगरी स्प्रे गर्नुहोस्।

◆ वर्षायाम सकिएकोले बगैंचामा झारपात तथा अनावश्यक छहारी हटाई १५ को बोर्डो मिश्रण फल तथा पातहरू भिज्नेगरी छर्नुहोस्।

◆ कफी बगैंचामा कफीको सेतो गवारोको वयस्क निस्कने समय शुरु भएकोले मदाने पासोद्वारा नियमित अनुगमन गर्नुहोस, ओईलाएका बोट तथा हाँगाहरू काटेर जलाउनुहोस्।

◆ कफीको सेतो गवाँरोले फुल पार्ने समय भएकोले बोर्डो पेष्ट तयार गरी काण्डमा लेप लगाउनुहोस्।

◆ ४-५ वर्ष पूराना कफीको बोटहरुमा अनावश्यक रूपमा बढी आएका चोर हाँगाहरू (पानीसरा) हटाउनुहोस्।

◆ कफी नर्सरीमा वृद्धि विकासको अवस्था हेरी झोल मल र शुक्ष्म खाद्य तत्वको प्रयोग गर्नुहोस्।

**तरकारीबाली**

◆ तराईमा आलु लगाउने समय भएकोले भण्डारणबाट निकाली राम्रोसँग टुसा उम्रिएका, रोग तथा कीराको संक्रमण नभएका सिफारिस गरिएका खुमल उपहार, खुमल उज्ज्वल, खुमल लक्ष्मी, खुमल रातो-२, कुफ्रि सिन्दुरी, आइ.पी.वाई-८, डेजिरे, कार्डिनल मध्ये उपलब्ध जातहरूको गुणस्तरीय बीउ आवश्यक मात्राको मलखाद (कम्पोष्ट वा गोठेमल ७५० के.जी., डि.ए.पी. ७.३ के.जी., युरिया १.५ के.जी., र म्यूरेट अफ पोटास ३.३ के.जी. प्रति कट्ठा) राखेर तयार गरिएको जग्गामा मौसमको अवस्था हेरी लाईन देखि लाईनको दूरी ६० देखि ७५ से.मि. र बीउ देखि बीउको दूरी २५ देखि ३० से.मि. कायम गरी रोप्नुहोस्।



◆ सकभर मझौला खालको सिंगो बीउ आलु प्रयोग गर्नुहोस्। तर बीउ आलु अत्याधिक ठूलो भई नकाटी नहुने अवस्थामा मात्र खायन आलु उत्पादनको लागि उपलब्ध टुसा (आँखा) को संख्या हेरी काटेर रोप्नुहोस्। रोप्ने बेलामा मात्र काटेर रोप्दा काटिएको टाँउबाट रोग कीराको संक्रमण साथै माटोमा अत्याधिक चिस्यानको कारण कुहिने सम्भावना भएकोले बीउ आलु रोप्नुभन्दा १ हप्ता अगाडि काट्नुहोस्। काटि सकेपछि वेभिष्टिन २ ग्राम प्रतिलिटर पानीको झोलमा ५ मिनेट डुबाएर बीउ आलु उपचार गरी घाम नपर्ने र राम्ररी वायु सञ्चार हुने उज्यालो कोठामा फिंजाएर राख्नुहोस्।

◆ तराई, भित्री मधेश तथा बेंसी क्षेत्रका आलु लगाउने जग्गालाई गहिरो खनजोत गरेर छोड्दा माटोमा रहेका धेरै कीरा र रोगको व्यवस्थापन गर्न सहयोग पुग्छ र आलुबालीमा क्षति कम हुन्छ।

◆ आलुवालीलाई खुम्रेकीराबाट जोगाउन राम्ररी पाकेको बुर्बुराउँदो गोबर मल वा कम्पोस्टको ब्यबस्था गर्नुहोस्।

◆ यो साता मध्यपहाडको बारीमा लगाएको आलुमा पछौटे डढुवा रोगको लागि उपयुक्त मौसम रहने संभावना भएकोले सतर्कता अपनाउनुहोस्।

◆ मध्यपहाडमा बारी जग्गामा लगाईएको आलुमा रातो कमिलाको प्रकोप देखिएमा सिँचाई गर्नुहोस्। प्रकोप बढी भएमा आवश्यकता अनुसार क्लोरोपाईरिफस २०५ ई.सी. २ एम.एल. प्रति लिटर पानीको दरले जरा र वरिपरिको माटो भिज्नेगरी ड्रेन्चिङ्ग गर्नुहोस्।

◆ उच्च पहाडी भेगहरूमा लामो समयसम्म भण्डारण गर्नुपर्ने आलुलाई अँध्यारो, सुख्खा र चिसो कोठामा १०-१५ डिग्री सेल्सियस् तापक्रममा २ हप्तासम्म नचलाईकन राख्नाले बोक्रा बाक्लिन्छ र दानामा रहेको धुलो पनि सुक्छ, त्यसपछि धुलो सफा गरेर माथि भनिए झैंगरी भण्डारण गर्नुहोस्।

◆ हिउँदे तरकारीहरूको नर्सरी ब्याड तयार गर्दा जग्गा खनजोत गरि १ भाग फर्मालिन ५० भाग पानीमा घोली जमीन भिज्नेगरी हालेर चित्रमा देखाइए जस्तै प्लास्टिकले ७ दिनसम्म ढाकी माटो उल्टाईपल्टाई गर्नुहोस्।

◆ तरकारी बालीको ब्याड राख्ने जग्गाको माटोको उपचार गर्नुपरेमा वेभिष्टीन ६ ग्राम प्रति लिटर पानीमा मिसाई बीउ राख्नु ३-४ दिन अगाडी छर्कनुहोस्।

◆ प्याजको सेट उत्पादनको लागि नासिक ५३ वा नासिक रेड जातका बीउ ४ अंगुलको फरकमा १ ईन्च जति गहिरो लाइन कोरी ४५-५० ग्राम प्रति मिटरमा बाक्लो गरी छर्नुहोस् र फुक्का माटो वा नरिवलको जटाले बनाईएको मधुमास (कोको पिट)ले हल्का छोप्नुहोस्।

◆ मध्यपहाडी जिल्लाहरूमा पछौटेजात साथै बेंसी र तराईका क्षेत्रमा खुमल ज्यापु काउलीको बीउ लगाउने समय भएकोले नर्सरी राख्दा १ वित्ता (१५-२० से.मी.) अग्लो ब्याड बनाई ४ अँगुलको फरकमा लाइन कोरेर पातलो गरी बीउ राखि हल्का माटोले पुरेपछि छापो राख्नुहोस्। झरी पर्ने समयमा बेर्नालाई जोगाउन प्लाष्टिकको छापो प्रयोग गर्नुहोस्।

◆ तरकारी बालीको बेर्ना सार्ने समय भएको हुँदा काउली, ब्रोकाउलीको लागि लाईन र लाईन बीचको दूरी करीब ६० से.मी. र बन्दाको लागि लाईन र लाईन बीचको दूरी करीब ४० से.मी.हुनेगरी रोप्नुहोस्। यसरी रोप्दा गोडमेलको समयमा झार उखेल्ने औजार (Dry land weeder) प्रयोगगरी लागत तथा समयको बचत गर्न सकिन्छ।

◆ हरियो लसुन उत्पादनको लागि बीउ रोप्न शुरु गर्नुहोस्।

◆ बढी आम्दानी लिन साथै लाही कीराको प्रकोप घटाउन मध्य पहाडमा बकुल्ला सिमी लगाउन शुरु गर्नुहोस्।

◆ २०-२५ दिन पुगेका रायो, काउली, बन्दाको बेर्नाहरु मुख्य प्लटमा सार्नुहोस्।

◆ बेर्ना सारेको १५-२० दिन भएको तरकारी बालीहरूमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस्।

◆ मिनो अर्लि, प्यूठाने रातो वा हाईब्रिड जातका मूलाको बीउ लगाउनुहोस्।

◆ फल दिनेबाली गोलभैँडा, भण्टालाई अरुबाली भन्दा अलि बढि खाद्यतत्वको आवश्यक्ता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रतिबोटको दरले टपड्रेस गर्नुहोस् । यस्तैगरी सुक्ष्म खाद्यतत्व जस्तै ( मल्टिप्लेक्स र ट्रिप्लेक्स र एग्रोमिनलाई २ एम.एल.प्रतिलिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नुहोस् ।

◆ गोलभैँडामा पातखन्ने कीरा (Tuta absoluta)को लागि नियमित अनुगमन गरी व्यवस्थापनका उचित विधिहरू अपनाउनुहोस् ।

◆ गोलभेडामा डढुवाको प्रकोप कम छ भने मेन्कोजेब ७५५ डब्लु.पि. २.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुहोस् । यदि डढुवाको प्रकोप बढि नै छ भने क्रिलाक्सिल एम. जेड. ७२५ डब्लु.पि. को धुलो २ ग्रामअथवा प्रोपिकोनाजोल १.५ एम. एल. प्रति लिटर पानीमा घोलेर बोट भिज्नेगरी स्प्रे गर्नुहोस् ।

◆ गोलभैँडा तथा लहरे बालीमा भाइरस रोगको लक्षण देखिएमा रोगग्रस्त सबै बोटहरू उखेल्नुहोस् र यो प्रक्रिया एक हप्तापछि पुनः दोहोऱ्याउनुहोस् । झारपातको उचित व्यवस्थापन गर्नुहोस् । बोट छुनुअघि साबुन पानीको झोलले हात धुनुका साथै खेतीमा प्रयोग गरिने औजारहरू राम्रोसँग धुनुहोस् । रोगग्रस्त बोट छोएपछि हात नधोई अन्य निरोगी बोटहरू नछुनुहोस् । भाईरसरोग सार्ने कीराहरूजस्तै (लाही तथा सेतो झिँगाको अनुगमन गरी व्यवस्थापनका उचित उपायहरू अपनाउनुहोस् ।

**अन्य :**

◆ पानी पर्ने क्रम कम हुँदै गएकोले मौरीघारको नियमित निरिक्षण गरी आधार चाकाहरू साथै सुपर (तल्ला) थप्ने व्यवस्था गर्नुहोस् । साथै घारको संख्या बढाउनु छ भने रानुको उपयुक्त व्यवस्था गरी मौरी गोला विभाजन गर्नुहोस् ।

**पशुपालन :**

गाई, भैंसी, भेडा, बाखा

◆ चाडपर्व नजिकै आउन लागेकोले छिमेकी देशहरूबाट खसी, बोका, भेडा, च्याङ्ग्रा आदि आयात हुने हुँदा पिपिआर र खोरेत रोग भित्रिने सम्भावना बढी हुन्छ । त्यसकारण आफ्ना घरमा पालिएका खसी, बोका, बाखा र भेडा च्याङ्ग्राहरूमा पिपिआर र खोरेत विरुद्ध खोप लगाउनुहोस् । साथै नयाँ पशुवस्तु बथानमा मिसाउनुभन्दा पहिले कम्तीमा पनि सात दिनसम्म अलग्गै राख्नुहोस् ।

◆ प्रति दिन पाँच लिटर भन्दा बढी दूध दिने दुधालु पशुवस्तुहरूलाई दैनिक रुपमा ७०-८० मिलीलिटर क्याल्सियमको झोल खुवाउनुहोस् ।

◆ भर्खर जन्मेका बाच्छा (बाच्छीहरूमा पिंक आई अथवा Infectious bovine keratoconjunctivitis संक्रमणका लागि अनुकुल वातावरण भएकोले यो रोग देखापरेमा १५ बोरिक एसिडको झोल बनाई तीन-तीन घण्टाको फरकमा आँखा सफा गरिदिनुहोस् ।

◆ दुधालु गाईवस्तुलाई थुनेलो (Mastitis) को समस्याबाट बचाउन गोठ सफा र सुग्घर राख्नुहोस् । साथै ग्लिसिरिन र पोभिडन आयोडिन १.९ को अनुपातमा बनाइएको झोलमा दुध दुहीसकेपछि ३० सेकेण्डसम्म थुन डुबाउनुहोस् ।

◆ भदौदेखि मंसीरसम्म भैंसीहरू ऋतुकालमा आउने हुँदा ऋतुचक्र (Estrus cycle) मा आएकोले क्षणहरू राम्ररी अवलोकन गर्नुहोस् । भैंसीहरूले गाईको जस्तो लक्षण नदेखाईप्रायः सुक्ष्म ऋतुकालको लक्षण देखाउँछन् । भैंसीहरूलाई प्रजनन् गराउनु भन्दा पहिले नाम्ले (माटे विरुद्ध अक्सिक्लोजानाईड ( लिभामिसोल.Oxyclozanide.levamisole) खुवाउनुहोस् । प्रजननयोग्य भैंसीहरूलाई ऋतुचक्रमा ल्याउन मिनिट्रस ट्यावलेट ( Minitrus tablet) वा कोफेकुट्यावलेट ( CoFeCu Tablet) दुई चक्किप्रति दिनका दरले ८-१० दिनसम्म खुवाउनुहोस् । यसका अलावाभिटामिन तथा खनिजको धूलो मिश्रण पनि ५० ग्राम प्रति दिनका दरले पानीमा वा खोलेमा मिसाएर खुवाउनुहोस् ।

◆ वनजंगलको आसपास चराउने गरिएको पशुहरूको शरीरमा किर्नाको प्रकोप देखिएमा पशुलाई सफा पानीले नुहाइदिने, गोठ ओभानो र सफा राख्ने र प्रकोप अत्याधिक भएमा १ भाग सुर्तीको पातको झोल १० भाग पानीमा मिसाई बनाएको झोल अथवा बोझोको पातको रस २-३ दिनको फरकमा ३-४ पटकसम्म शरीरभरि दलिदिनुहोस् । प्रकोप ज्यादा भएमा साइपरमेथ्रिनयुक्त वाह्य परजिवीनाशकजस्तै ( बुटेक्स, क्लिनर, एमिट्राज १ मिलिलिटर प्रति लिटर पानीमा घोली पशुको शरीर भिज्नेगरी हरेक दुई हप्ताको फरकमा तीन देखि चार पटकसम्म दलिदिनुहोस् ।

◆ बाख्रामा मोओला लागेमा ५५ पोभीडन आयोडिन वा १५ कपरसल्फेट वा २५ बोरिक एसिडको झोल वा १५ पोटासको घोलले मुख सफा गर्नुहोस् । यी औषधीहरू उपलब्ध नभएमा तोरीको तेलमा बेसारको लेप बनाई घाउमा राम्रोसँग दलिदिनुहोस् । मोओलाको भाइरस घाउ, चोटपटक लागेको वा काटेको ठाँउबाट मानिसमा सर्नगई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाख्रालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नुहोस् । यो समयमा दानामा प्रयोग हुने मकै र बदामको पिनामा अफ्लाटक्सिन (Aflatoxin B1)को समस्या देखिने हुँदा यी सामग्रीहरूमा ११५ भन्दा कम जलांश (moisture) हुनेगरी घाममा राम्रोसँग सुकाउनुहोस् । पशुपन्छीहरूका लागि घरमै दाना तयार गर्दै हुनुहुन्छ भने तोकिएको मात्रामा टोक्सिन बाइण्डर अनिवार्य प्रयोग गर्नुहोस् ।

**कुखुरा, हाँस, बंगुर :**

◆ हाल बिभिन्न स्थानमा लेयर्स तथा ब्रोईलर कुखुराहरुमा ईन्फेक्सस् कोराईजा र यो जस्तै लक्षण (नाकबाट सेतो, बाक्लो सिंगान फाल्ने, अनुहार वरपर सुन्निने, आँखाको तल्लो भाग सुन्निने र पहेँलो चिज जम्मा हुने, आँखा बन्द हुने) देखापरेको छ । यसको रोकथामको लागि फार्ममा जैविक सुरक्षाका उपायहरू कडारुपमा अपनाउनुहोस् । रोग देखा परिहालेमा दक्ष प्राविधिकको सल्लाहमा अक्सिटेट्रासाइक्लिन, इरिथ्रोमाइसिन वा फ्लोरोक्विनोलोन्स समूहका एन्टिबायोटिक औषधिहरु प्रयोग गर्नुहोस् ।

◆ कुखुराहरुमा सेतो छेर्ने, कक्सिडियोसिस, टक्सिन र जीवाणुको संक्रमण देखिने अनुकुल मौसम भएकोले सावधानी अपनाउनुहोस् ।

◆ विस्तारै तापक्रम घट्दैजाने भएकोले हुर्कदो अवस्थामा रहेका लेयर्स कुखुराहरुको खोरमा उपयुक्त तापक्रम मिलाउनुहोस् । यदि ब्रुडिङ्ग चल्लाहरू राख्ने योजना भए खोर तताउने उपकरणहरूको पनि बन्दोवस्त गर्नुहोस् । ई. कोलाई जस्ता जिवाणुहरू पानीमा हुनेभएकोले कुखुरालाई पानी खुवाउँदा स्वच्छ र सफा पानी खुवाउनुहोस् ।

**मत्स्यपालन :**

◆ पंगास जातको माछाले चिसो मौसम सहन नसक्ने हुँदा बिक्रीयोग्य साईजको माछालाई अलग्गै छुट्टाई अन्य माछालाई करिब२-२.५ मिटर गहिरो पोखरीमा स्टकिंग गर्नका लागि आवश्यक तयारीगर्नुहोस् ।

◆ आगामी साता वातावारणीय तापक्रम बदलावबाट माछालाई हुनसक्ने तनाव ( Stress) कम गर्न प्रति हेक्टर जलाशयमा बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको वायुयन्त्र (Aerator)को प्रयोग गर्नुहोस् साथै दैनिक दिने दानामा दिन बिराई भिटामीन सी ०.५ ग्राम प्रति के.जी. दरले थप गरि दिनुहोस् ।

**घाँसेबाली :**

◆ उच्च पहाडी र हिमाली भेगमा क्लोभर, राईग्रास, कोथे लगाउनुहोस् ।

◆ मध्यपहाड र तराईमा हिउँदे घाँसहरु (वर्सिम, मेस्कावी, वरदान, गिजी, बि.एल २२, यु.पी.वी. १०३ आदि जातहरू), जै, भेच, केराउ, टियोसेन्टी (मकै चरी), बाजरा आदि लगाउन शुरु गर्नुहोस् । जैघाँसको हकमा ४ के.जी.बीउ प्रतिकट्ठाको दरले उपलब्ध भएसम्म अमृतधारा नभएमा नेत्र, कामधेनु, गणेश, पार्वती आदि जातको जैघाँससँग केराउ अथवा भेच ०.५-१के. जी. प्रतिकट्ठाको दरले मिसाएर छर्नुहोस् । बर्सिम घाँसको हकमा

१ के.जी. बीउ प्रतिकट्ठाको दरले राइजोबियमले उपचार गरी प्रयाप्त सिँचाई उपलब्ध भएको जग्गामा मात्र लगाउनुहोस्। धेरैसुख्खा अथवा सिँचाई उपलब्ध नभएको जग्गामा जैघाँससँग केराउको सट्टा भेचघाँसको बीउ एकनासले मिसाएर (जैबीउ ६०% र दलहन र भेच ४०%) लगाउनुहोस्।

- तराईदेखि मध्यपहाडमा सिँचाईको सुविधा नहुने ठाउँमा लुसर्न घाँस लगाउन जग्गा तयार गर्नुहोस्। बीउ छर्नुभन्दा अगाडि नै बीउलाई ५% नुन र पानीको झोलमा भिजाई पानीमाथि आएका खराब बीउलाई छानी बाँकी बीउमा इनोकुलम लगाउनुहोस्। इनोकुलम लगाई सकेपछि २-३ घण्टा छायाँमा बीउ सुकाउनुहोस् र २४ घण्टाभित्र छर्नुहोस्।
- हिउँदेघाँस लगाउनेजग्गा तयारीको बेला ५०० के.जी कम्पोष्ट, ६.५ के.जी. डि.ए.पी. र २.१ के.जी. म्यूरेट अफ पोटास प्रति रोपनी र ३५० के.जी कम्पोष्ट, ४.३ के.जी. डि.ए.पी. र १.४ के.जी. म्यूरेट अफ पोटास प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाउनुहोस्।

**अनुसूची (१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि :**

Terms used in Weather Forecasting in Nepal

**बादलको अवस्था :**

(Cloud condition) सफा (Fair) No cloud in the sky, मुख्यतया सफा (Mainly fair)1/8 to 2/8 .25%) sky covered by cloud आंशिक बदलि (Partly cloudy) 3/8 .26%.to 4/8 .50%.sky covered by cloud, साधारणतया बदलि (Generally cloudy) 5/8 -51%.to 6/8 .75%.sky covered by cloud

अधिकांश बदलि (Mostly cloudy) 6/8.76%.to 7/8.88%.sky covered by cloud, पूर्ण बदलि (Cloudy) 8/8.100%.or all sky covered by cloud वर्षाको प्रकृति (Nature of Rain) Temporary or Brief (क्षणिक वर्षा) Weather phenomena occur for short span of time usually less than two hour Continuous (लगातारको वर्षा) Weather phenomena occurring regularly and more often throughout the time duration

Intermittent (रोकिदै हुने वर्षा) Rain occurring and reoccurring at certain intervals Widespread (व्यापक वर्षा) Weather phenomena extensively throughout an area during specified time duration वर्षाको संभाव्यता र यसको क्षेत्र-Rainfall probability in percentage and its coverage. 10% None used Isolated at one or two places (एक-दुई स्थानमा) 10.30% Slight Chance Widely Scattered at a few places (थोरै स्थानमा) 30.50% Chance/possible Scattered at a some places (केहि स्थानमा) 50.80% Likely Fairly widespread at many places (धेरै स्थानमा) 80% More likely Widespread at most places (अधिकांश स्थानमा) संभावित वर्षाको मात्रा (५). आंकलन हुने क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने सम्भावना (५) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने सम्भावित भू-भाग (५) जनाउँदछ। उदाहरणका लागि कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (५) ०.५ x ०.८ . ४०% हुन आउँछ।

वर्षाको मात्रा : (Rainfall amount based on total accumulated rainfall during 24 hrs. Light rain (हल्का वर्षा)

less than 10 mm Moderate rain.dWod वर्षा_10 mm or more but less than 50 mm

Heavy rain (भारी वर्षा) 50 mm or more but less than 100 mm

Very heavy rain (धेरै भारी वर्षा) 100 mm or more but less than 200 mm Extremely heavy rain (अति भारी वर्षा) 200 mm or more समयसिमा

-Time Period.Today (आज) 6 AM to 6 PM, Morning (बिहान) 6 AM to Noon, Afternoon (अपरान्ह) Noon to 6 PM, Late afternoon (अपरान्हको उत्तरार्ध) 3 PM to 6 PM

Evening (साँझ) 6 PM to 9 PM

Night (राती) 6 PM to 6 AM (Next day)

स्रोत: मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

अनुसूची (३:जिरो टिलेज प्रविधिबाट गहुँ खेती खेतको धान काटेर उठाई सके पछि खनजोत नगरी जिरो टिल सिड ड्रिल मेसिनको सहायताले गहुँ छर्ने प्रविधिलाई शून्य जोताई प्रविधि (Zero Tillage Technology) भनिन्छ।

जिरो टिल सिड ड्रिल मेसिनबाट गहुँ छर्दा खेतमा प्रशस्त चिस्यान हुनुपर्दछ, यदि चिस्यान छैन वा कम छ भने हल्का सिँचाई गरी खेतमा उपयुक्त चिस्यान ल्याउन सकिन्छ। ट्रेक्टर चलाउदा नचिप्लिने भए वा ट्रेक्टरको चक्का नधसिने भएमा बढी चिस्यान भएको खेतमा पनि गहुँ लगाउन सकिन्छ। जमीन सम्म परेको हुनुपर्दछ। खेतमा बढी झारपात भएमा बीउ छर्नुभन्दा कम्तिमा ३ हप्ता अगावै ग्लाईफोसेट ४१%५की विषादी ५ एम.एल. प्रति लिटर पानीका दरले २० लिटर घोल प्रति कट्ठाको दरले छर्नुपर्दछ।

सामान्यतया कार्तिक १५ गते देखि मंसिर १५ गतेसम्म गहुँ छर्दा राम्रो उत्पादन लिन सकिन्छ। सामान्यतया तराई क्षेत्रका लागि सिफारिस गरिएका गहुँका कुनै पनि जात लगाउन सकिन्छ, तर गौतम, भृकुटी, एन. एल. 971, आदित्य, तिलोत्तमा, विजय जातले राम्रो उत्पादन दिएको पाईन्छ। राम्रो उमार शक्ति भएको बीउ ४ के.जी. प्रति कट्ठाका दरले छरे पुग्छ। माटोमा चिस्यान बढी भएमा करिब १ ईन्च गहिराईमा छर्नुपर्दछ। कम चिस्यान भएमा २-३ इन्च सम्म गहिराईमा छर्न सकिन्छ। सामान्यतया ३.६ के.जी. डी.ए.पी., २.२ के.जी. युरिया र २.८ के.जी. म्यूरेट अफ पोटास प्रति कट्ठाका दरले माटोमा मिलाउनुहोस्।

- **शून्य जोताई प्रविधि (Zero Tillage Technology)बाट हुने फायदा:**

प्राकृतिक श्रोत संसाधन तथा स्रोतहरूको संरक्षण हुन्छ।

- बढी चिसो भएका कारणले हिउँदमा बाँझो रहने खेतमा गहुँ लगाउन सकिन्छ।
- परम्परागत तरिका भन्दा १५-२५% बढी उत्पादन हुन्छ।
- बीउ र मल लहरैमा खसाल्न सकिने र सिँचाईको लागि कम पानी लाग्छ।
- चिसो जग्गामा जोतेर गहुँ लगाउँदा ढिलो हुने र खर्च बढी लाग्ने हुन्छ तर जिरो टिलेज प्रविधिबाट यस्ता जग्गामा गहुँ लगाउँदा समय मै र कम खर्चमा गहुँ लगाउन सकिन्छ।
- ३-४ लिटर डिजलमा प्रति घण्टा १०-१२ कट्ठामा गहुँ छर्न सकिन्छ।
- धानको ठुटोले असर नपार्ने तथा बीउ र मल एकनासको गहिराईमा खसाल्न सकिने भएकोले जर्मिनेसन राम्रो हुन्छ।
- यो प्रविधिबाट गहुँ लगाउँदा मलजलको समुचित उपयोग भई उत्पादन क्षमता बढ्न जान्छ।
- खनजोत गर्ने पैसाको वचत हुने हुनाले खुद नाफा बढी हुन्छ।
- माटोको गुण नबिग्रिने र लगाएको बालीमा झारपातको समस्या कम हुन्छ।

**विस्तृत जानकारीको लागि:**

